# वार्षिक प्रतिवेदन

आ.व. २०७७/७८

## गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

गण्डकी प्रदेश, पोखरा

श्रावण, २०७८

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

## गण्डकी प्रदेश, पोखरा

# वार्षिक प्रतिवेदन

## आ.व. २०७७/७८

श्रावण, २०७८

गण्डकी प्रदेश  प्रशिक्षण प्रतिष्ठान
गण्डकी प्रदेश, पोखरा
श्रावण, २०७८

© सर्वाधिकारः प्रकाशकमा सुरक्षित

फोन नं : ०६१–५२१०८२, ५२०१४६
इमेलः academy.gandaki@gmail.com
वेभसाइटः www.gpta.org.np

मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार माननीय मुख्यमन्त्रीको निजी सचिवालय पोखरा, नेपाल

गण्डकी प्रदेश
पोखरा, नेपाल

## शुभकामना

मुलुक संघीयतामा प्रवेश गरेसँगै प्रदेश तथा स्थानीय तहको शासकीय क्षमताको अभिवृद्धि प्राथमिकताको विषय बनेको छ। प्रदेश तथा स्थानीय तहका संवैधानिक अधिकारको प्रभावकारी रुपमा कार्यान्वयन गरी सेवा प्रवाहलाई चुस्त, पारदर्शी र परिणाममुखी बनाउन ती निकायको क्षमता विकास अहिलेको टड्कारो आवश्यकता हो। यसै कुरालाई मध्येनजर गरी प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको क्षमता विकास, प्रदेश सरकार र स्थानीय तहका कार्यक्रम कार्यान्वयनमा सहजीकरण, प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानहरूको संस्थागत सुधार एवम् शासकीय क्षमताको अभिवृद्धि गर्ने मुख्य अभिप्रायले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ अन्तर्गत गठित प्रतिष्ठानले आ.व.२०७७/७८ का लागि लक्षित कार्यक्रम कार्यान्वियन गरी यो प्रतिवेदन प्रकाशन गरेकोमा म प्रतिष्ठान परिवारलाई बधाई तथा शुभकामना दिन चाहान्छु।

कोरोना महामारीका कारण सिर्जित प्रतिकुलताका वाबजुद पनि कर्मचारी र जनप्रतिनिधिको क्षमता विकास, कर्मचारीको सेवाकालीन तालिम, भौतिक पुर्वाधार निर्माण, रणनैतिक योजना र प्रशिक्षण तथा अनुसन्धान नीतिको तर्जुमा, प्रचार प्रशार सामग्रीको निर्माण, प्रतिष्ठानको नियमावलीको तर्जूमा, संगठन तथा व्यवस्थापन सर्वेक्षण र जनशक्तिको प्रक्षेपण एवम् अन्य संस्थागत पुर्वाधार निर्माण जस्ता कार्यहरू सम्पन्न गर्न सफल भएकोमा खुसी ब्यक्त गर्न चाहान्छु।

गुणस्तरीय प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, सवाल केन्द्रित संवाद र परामर्श सेवाको माध्यमद्वारा सार्वजनिक क्षेत्रमा कार्यरत कर्मचारी एवम् जनप्रतिनिधिहरूको दक्षतामा अभिवृद्धि गरी सक्षम र सुशासनयुक्त प्रदेश सरकार र स्थानीय तहका लागि एउटा उत्कृष्ट प्रतिष्ठानका रुपमा स्थापित भई आफ्नो उद्देश्य प्राप्तिमा प्रतिष्ठान सफल रहने कुरामा मैले विश्वास लिएको छु। एक वर्षको छोटो अवधिको अनुभवलाई आत्मसात गरी आगामी दिनका क्रियाकलाप कार्यान्वयका लागि प्रतिष्ठान निरन्तर क्रियाशिल रहन सकोस भन्ने शुभकामना ब्यक्त गर्न चाहन्छु।

**मिति : २०७८ साउन**

...........................
कृष्णचन्द्र नेपाली पोखरेल
मुख्यमन्त्री, गण्डकी प्रदेश तथा
अध्यक्ष, गण्डकी प्रदेश प्रशिक्षण परिषद

# दुई शब्द

"व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार"को संस्थागत मान्यतालाई आत्मसात् गरी प्रदेश र स्थानीय तहमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी एवम् कार्यरत कर्मचारीको क्षमता विकास, प्रदेश सरकार र स्थानीय तहका कार्यक्रम कार्यान्वयनमा सहयोग, प्रदेश अन्तर्गतका सरकारी तथा अर्धसरकारी निकाय र स्थानीय तहको संस्थागत सुधार एवम् शासकीय क्षमताको अभिबृद्धि गर्ने अभिप्रायले स्थापना भएको गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको दोश्रो वार्षिक प्रतिवेदन सार्वजनिक गर्न पाउँदा खुसी लागेको छ ।

आर्थिक वर्ष २०७६/७७ को अन्तिम चौमासिक देखि प्रतिष्ठानले आफ्ना गतिविधि सुरु गरेको हो । गत आ.व. देखिनै सुरु भएको कोरोना भाइरसको महामारीको असर यस आ.व. मा पनि पर्‍यो । त्यसका बावजुद पनि प्रविधिको समेत प्रयोग गरी कर्मचारी र जनप्रतिनिधिका क्षमता विकासका कार्यक्रम यो आ.व.मा प्रारम्भ भए । जनप्रतिनिधि र कर्मचारीका लागि प्रशिक्षण आवश्यकताको पहिचान, प्रशिक्षण सामग्री एवम् प्रशिक्षण पाठ्यक्रम निर्माण, प्रशिक्षण सञ्चालन र सञ्चालित प्रशिक्षणको अनुगमन तथा फलोअप प्रशिक्षणका क्षेत्रमा सुरु गरिएका कार्य हुन् । वित्तीय संघीयता र अन्तर सरकार सम्बन्ध सम्बन्धी सवाल केन्द्रित सम्वाद, अन्तर सरकार सम्बन्ध बारे अध्ययन, संस्थातग विकास र प्रतिष्ठानमा कार्यरत कर्मचारीको क्षमता विकास, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँगको समन्वय र सहकार्य यस आ.व.मा अगाडि बढाइएका थप कार्य हुन् । प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गतको प्रादेशिक सुशासन केन्द्रका कार्यक्रम यहि आ.व. देखि प्रतिष्ठान मार्फत कार्यन्वयनमा आए । रणनैतिक योजना र प्रशिक्षण तथा अनुसन्धान नीतिको तर्जुमा, प्रशिक्षण परिषद्को बैठक, नियमावलीको तर्जुमा, प्रतिष्ठानको भवन निर्माणको निवर्तमान प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीबाट शिलान्यास गरी निर्माण कार्यको प्रारम्भ आदि संस्थागत पूर्वाधार निर्माणका क्षेत्रमा यो आ.व.का केहि महत्वपूर्ण कार्य हुन् ।

माथि उल्लेखित कार्यहरू सम्पन्न गर्न प्रतिष्ठानलाई निरन्तर दिशानिर्देश गर्नुहुने गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री, प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सम्बद्ध सबै प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

श्रावण, २०७८

**ऋषिराम पाण्डे**
कार्यकारी निर्देशक

# सारांश

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ अन्तर्गत स्थापित यस प्रतिष्ठानको औपचारिक कार्यारम्भ २०७६ फागुन देखि भएको भएता पनि प्रतिष्ठानको उद्देश्य बमोजिमका क्षमता विकासका कार्य चालु आ.व. देखि मात्रै कार्यान्वयनमा आए। गत आ.व.को अन्तिम चौमासिकको अवधि विशेषतः कार्यालय व्यवस्थापन र संस्थागत पूर्वाधार निर्माणमा केन्द्रित रह्यो।

प्रतिष्ठानले आफ्नो पहिलो ५ वर्षे रणनैतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। प्रतिष्ठानले आर्थिक वर्ष २०७७/७८ लाई पूर्वाधार निर्माणको वर्षका रुपमा रणनैतिक योजनामा उल्लेख गरी सोही मुताविक कार्यक्रम निर्धारण गरेको छ। कार्यालय तथा कर्मचारी व्यवस्थापन, प्रशिक्षण र अनुसन्धान सम्बन्धी नीतिको तर्जुमा, आवधिक योजना निर्माण, संगठन तथा व्यवस्थापन सर्वेक्षण, क्षमता विकास आवश्यकताको पहिचान, प्रशिक्षण सामग्री निर्माण, क्षमता विकास कार्यक्रमको कार्यान्वयन, अध्ययन, अनुसन्धान र संवाद, ISO प्रक्रियाको पूर्वाधार निर्माण, प्रतिष्ठानको भवन निर्माण, पुराना संरचनाको मर्मत संभार र कार्यालय परिसरको सौन्दर्यकरण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण र प्रतिष्ठानको मानव संसाधन विकास जस्ता कार्यक्रमहरू यो आर्थिक वर्षका लागि योजना गरिएका कार्यक्रम हुन्। देशमा उत्पन्न विषम परिस्थितिका बावजुद पनि उल्लेखित सबै कार्यक्रम यस आ.व.मा कार्यान्वयमा आए।

प्रदेश र स्थानीय तहका लागि क्षमता विकासका कार्यक्रम प्रारम्भ भए। प्रदेश तथा स्थानीय तहको लागि तालिम आवश्यकताको पहिचान र प्रशिक्षण सामग्रीको निर्माण गर्ने काम यहि आर्थिक वर्षदेखि प्रारम्भ भयो। स्थानीय तहको प्राथमिकताका आधारमा सार्वजनिक खरिद, स्थानीय आर्थिक विकास र स्थानीय तहको राजस्व सुधार कार्ययोजना सम्बन्धी  प्रशिक्षण सामग्री निर्माण गर्ने काम सम्पन्न भयो। प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी गरी कुल ४९२७ जनाले यस आ.व.मा प्रशिक्षण प्राप्त गरेका छन्। सञ्चालित प्रशिक्षण कार्यक्रमको प्रभावकारिताको फलोअप तथा अनुगमन यहि आर्थिक वर्ष देखि कार्यान्वयनमा आयो। यस आ.व.मा तालिम प्राप्त गरेका १५० भन्दा बढि कर्मचारीसँग तालिम कार्यक्रम कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने कार्य सम्पन्न भयो।

प्रतिष्ठानको नियमावलीको तर्जुमा, रणनैतिक योजनाको निर्माण, प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीतिको तर्जुमा, कर्मचारीको सेवा प्रवेश तथा सेवाकालीन तालिम पाठ्यक्रम निर्माण र क्षमता विकास कार्यक्रमको अवधारणा पत्र र पाठ्यक्रम निर्माण जस्ता कार्य योजना अनुसार नै सम्पन्न भए। सेवाकालीन र सेवा प्रवेश तालिम लक्ष्य मुताविक नै सम्पन्न भए भने कर्मचारी र जनप्रतिनिधिका क्षमता विकास तालिम प्रारम्भ भए।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) अन्तर्गत प्रादेशिक सुशासन केन्द्र (PCGG) मार्फत सञ्चालन गरिने कार्यक्रमको कार्यान्वयन कार्ययोजना निर्माण तथा प्रशिक्षण

कार्यक्रमका अवधारणा पत्र र पाठ्यक्रम निर्माण गरी प्रदेश तथा स्थानीय तहका लागि क्षमता विकास कार्यक्रम कार्यान्वयनमा आए। प्रदेशका ५९ स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन, २५ स्थानीय तहमा आवधिक योजना तर्जुमा, १५ स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण अभिमुखीकरण, ४ वटा स्थानीय तहको राजस्व सुधार कार्ययोजना निर्माण र ४२९२ जना कर्मचारी तथा जनप्रतिनिधिका लागि क्षमता विकासका तालिम प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत सम्पन्न भए।

फोरम अफ फेडेरेसनसँगको सहकार्यमा प्रदेश सरकारका मन्त्री र सचिव एवम् प्रदेश सरकार द्वारा स्थापित विभिन्न कार्यालयका पदाधिकारी तथा स्थानीय तहका प्रमुख, उप–प्रमुख र प्रमुख प्रशासकीय अधिकृतका लागि दुई वटा समूहमा वित्तीय संघीयता र अन्तरसरकार सम्बन्ध सम्बन्धी अन्तर्राष्ट्रिय अनुभव आदान प्रदान गर्ने अभिप्रायले संवाद कार्यक्रमको आयोजना भयो। यस कार्यक्रमबाट कुल १३४ जना लाभान्वित भए। यसैगरी यहि आर्थिक वर्षमा अन्तरसरकार सम्बन्ध सम्बन्धी अध्ययन समेत सम्पन्न भयो।

प्रतिष्ठानका लागि आवश्यक कर्मचारीको स्थायी दरबन्दी सिर्जना गर्ने काम सम्पन्न भयो। दोस्रो प्रशिक्षण परिषद् बैठकले गठन गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिले तयार पारेको प्रतिवेदनलाई प्रदेश सरकारको मिति २०७८/१/१२ को बैठकले स्वीकृत गरेबाट प्रदेश लोक सेवा आयोग मार्फत स्थायी पदपूर्तिको बाटो खुलेको छ।

प्रतिष्ठानको ISO प्रक्रियाको पूर्वाधार निर्माण स्वरुप कर्मचारीको अभिमुखीकरण र कार्ययोजना निर्माण कार्य यसै आ.व.मा सम्पन्न भयो। बाँकी काम आ.व. २०७८/७९ मा कार्यान्वयन गरिने छ। प्रतिष्ठानको भवन निर्माणको कार्य प्रारम्भ भएको छ भने पुराना संरचनाको मर्मत संभार र कार्यालय परिसरको सौन्दर्यकरण भएको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण र प्रतिष्ठानको मानव संसाधन विकास जस्ता कार्यक्रमहरू योजना अनुसार नै कार्यान्वयनमा आएका छन्।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत सहायकस्तरका कर्मचारीको सेवाकालीन तालिम पाठ्यक्रमका आधारमा ११६ जना कर्मचारीले ३० कार्यदिने सेवाकालीन तालिम प्राप्त गरे भने ६१ वटा स्थानीय तहका २६३ जना नवप्रवेशी कर्मचारी ५ दिने सेवा प्रवेश तालिमबाट लाभान्वित भएका छन्। त्यसैगरी प्रतिष्ठानमा कार्यरत कर्मचारीको क्षमता विकासका लागि अन्तर्राष्ट्रिय विज्ञको परिचालन गरी प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन भयो। यसरी प्रतिष्ठानले आफ्नो रणनैतिक योजना र वार्षिक कार्यक्रममा तादम्यता कायम गरी क्षमता विकासका कार्य प्रारम्भ गरेको छ। कोभिड-१९ ले सिर्जना गरेको विषम परिस्थितिका बावजुद पनि प्रतिष्ठानले यस आ.व.मा उल्लेखनिय सफलता हाँसिल गर्न सफल भएको छ। संस्थागत पूर्वाधार निर्माण र क्षमता विकास कार्यक्रमको तयारीमा केन्द्रित रही यस आ.व. मा सम्पादन भएका क्रियाकलापले आगामि वर्षहरूमा प्रतिष्ठानको लक्ष्य प्राप्तिमा योगदान गर्ने अपेक्षा गरिएको छ।

# विषयसूची


परिच्छेद–१ परिचय १

१.१ पृष्ठभूमि १

१.२ प्रतिवेदनको संरचना ३

परिच्छेद–२ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य ४

२.१ दीर्घकालीन सोंच (Vision) ४

२.२ ध्येय (Mission) ४

२.३ संस्थागत मान्यता (Core Values) ४

२.४ प्रतिष्ठानका उद्देश्य (Objectives) ४

२.५ प्रशिक्षण सम्बन्धी नीति ५

२.६ प्रतिष्ठानका प्रमुख कार्य ५

२.७ Beyond Training Programme ५

२.८ क्षमता विकास कार्यक्रम कार्यान्वयनको अवधारणा ६

२.९ रणनैतिक योजनाको सारसंक्षेप ८

परिच्छेद–३ प्रशिक्षण तथा अनुसन्धान व्यवस्थापन सम्बन्धी नीति १२

३.१ नीतिका उद्देश्य १२

३.२ प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीति १२

परिच्छेद–४ आ.व. २०७७/७८ को प्रगति २३

४.१ गत आ.व. को समीक्षा २३

४.२ चालु आ.व.को योजना २४

४.३ आ.व. २०७७/७८ का लागि रणनैतिक योजनामा समावेश क्रियाकलापको सारांश २५

४.४ चालु आ.व.को प्रगति विवरण २५

(१) प्रशिक्षण कार्यक्रम २५
(२) सवाल केन्द्रित संवाद ५०
(३) अध्ययन तथा अनुसन्धान ५१
(४) प्रशिक्षण कार्यक्रमको फलोअप ५२
(५) मानव संशाधन र संस्थागत विकास ५४
(६) ज्ञान व्यवस्थापन ६२
(७) समन्वय र सहकार्य ६२
(८) मानव संशाधन ६३
परिच्छेद–५ आ.व. २०७७/७८ को आर्थिक प्रतिवेदन ६८
परिच्छेद–६ आ.व.२०७८/७९ को योजना ७१
परिच्छेद–७ निश्कर्ष र आगामी दिनको कार्यदिशा ७५
७.१ निश्कर्ष ७५
७.२ आगामी दिनको कार्यदिशा ७६

# परिच्छेद–१

## परिचय

### १.१ पृष्ठभूमि

संघीयताको कार्यान्वयन पश्चात निर्वाचित स्थानीय तह आफ्नो पहिलो कार्यकालको उत्तरार्द्धमा छ भने प्रदेश सरकार चौथो वर्षमा प्रवेश गरेको छ। संघीयताको मर्मलाई कार्यान्वयन गर्ने हेतुले प्रदेश तहमा विभिन्न संरचनाहरूको निर्माण गरिएको छ भने स्थानीय तहहरू संविधान प्रदत्त एकल र साझा अधिकारको कार्यान्वनमा विस्तारै अभ्यस्त हुँदैछन्।

राज्य वा सरकार सञ्चालन अविछिन्न रुपमा अगाडि बढ्ने प्रक्रिया हो। आवधिक निर्वाचनको माध्यमद्वारा जनताका प्रतिनिधिहरूले नीति निर्माणमा योगदान गर्नु र जनप्रतिनिधिले गरेका निर्णयलाई कर्मचारीहरूले .कार्यान्वयन गर्नु राज्य सञ्चालनको सामान्य अभ्यास हो। राज्यद्वारा प्रदान गरिने गुणस्तरीय सेवाका लागि निर्वाचित पदाधिकारीहरू एवम् कार्यरत कर्मचारीको कार्यदक्षताले महत्वपूर्ण भूमिका खेल्दछ। लामो तथा छोटो अवधिका प्रशिक्षण, अनुशिक्षण, तालिम, कार्यस्थलको प्राविधिक सहयोग आदि क्षमता अभिबृद्धिका अपरिहार्य माध्यम हुन्।

प्रदेश र स्थानीय तहमा स्थापना गरिएका संरचनाहरूलाई प्रभावकारी बनाई सेवाप्रवाह चुस्त, पारदर्शी र परिणाममुखी बनाउनु आजको आवश्यकता हो। यसै सन्दर्भमा प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको क्षमता विकास, प्रदेश सरकार तथा स्थानीय तहका कार्यक्रम कार्यान्वयनमा सहजीकरण, प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानहरूको संस्थागत सुधार एवम् शासकीय क्षमताको अभिबृद्धि गर्ने अभिप्रायले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ अन्तर्गत गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना भएको हो।

प्रशिक्षण व्यावसायलाई प्रशिक्षार्थीको कार्यसम्पादनसँग आबद्ध गराई सम्बन्धित संस्थाको समग्र कार्यसम्पादनमा सुधार गरी क्षमता विकास कार्यक्रमको सहि मूल्य (best value for money) सुनिश्चित गराउने तथा अध्ययन अनुसन्धानका माध्यमबाट प्रदेश तथा स्थानीय तहहरूलाई नीतिगत सुझाव प्रदान गर्ने प्रतिष्ठानको महत्वपूर्ण उद्देश्य हो।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान संघीयता कार्यान्वयन पश्चात मानव संसाधन विकासका क्षेत्रमा गण्डकी प्रदेश सरकारले लिएको महत्वपूर्ण अग्रसरता हो। प्रदेश र स्थानीय तहका लागि आवश्यक जनशक्ति प्रदेश लोक सेवा आयोग मार्फत व्यवस्था गर्ने संवैधानिक प्रावधानका कारण पनि यस प्रतिष्ठानको औचित्य थप पुष्टी हुन्छ। प्रदेश र स्थानीय तहमा निर्वाचित भई आउने पदाधिकारीहरूका लागि नियमित रुपमा सञ्चालन गर्नुपर्ने क्षमता विकासका कार्यक्रमको

प्रदेशस्तरबाट नै व्यवस्था गरिनु आवश्यक छ । प्रदेश र स्थानीय तहका लागि मागमा आधारित क्षमता विकास, प्राविधिक, नीतिगत तथा कार्यक्रमगत सहयोग समेत निरन्तर रुपमा उपलब्ध गराई प्रदेश र स्थानीय तहद्वारा सञ्चालन गरिने विकास र सुशासन प्रवर्द्धनका कार्यक्रमको प्रभावकारिता अभिबृद्धि पनि आजको आवश्यकता हो। प्रदेश र स्थानीय तहका विकास प्राथमिकतामा सहयोग पुग्ने गरी प्रशिक्षण र अनुसन्धानका क्रियाकलापलाई केन्द्रित गराई ती निकायको समग्र कार्यसम्पादन र सेवा प्रवाहमा सुधार ल्याउने काममा योगदान गर्नुपर्ने आवश्यकता छ ।

नेपालका प्रशिक्षणलाई प्रभावकारी बनाउन विद्यमान प्रचलनलाई परिवर्तन गर्न जरुरी छ । चाहे निजामती कर्मचारीको सेवा प्रवेशका दौरान प्रदान गरिने अभिमुखीकरण होस् वा पदोन्नत्तिका लागि सहायक मानिने सेवाकालीन तालिम हुन् वा कर्मचारी, जनप्रतिनिधि र सर्वसाधारणका लागि आयोजना गरिने क्षमता विकासका प्रशिक्षण ति सबैमा रुपान्तरण जरुरी छ । प्रशिक्षण सामग्री निर्माण र समयानुकुल अद्यावधिक गर्ने काममा संस्थागत क्षमताको प्रयोग, अनुसन्धान, खोज, विश्लेषण र बहसहरूका माध्यमबाट महत्वपूर्ण नीतिगत सवालहरूको उठान, मानव संसाधन विकासका लागि आवश्यक मापदण्डहरू निर्माणमा प्राविधिक सहयोग, निजामती तथा स्थानीय सेवामा कार्यरत कर्मचारी र निर्वाचित जनप्रतिनिधिहरूका लागि कार्यसम्पादन सुधारमा योगदान गर्ने गरी संस्थागत संयन्त्रको विकास गर्ने काममा प्रतिष्ठानले योगदान गर्नु पर्नेछ ।

प्रदेश तथा स्थानीय तहमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारीहरू एवम् सार्वजनिक सेवामा कार्यरत कर्मचारीको कार्यसम्पादनमा सहयोगी हुने सामग्री निर्माणमा केन्द्रित रही राज्यका विभिन्न तहले अगाडि सारेका नीति तथा कार्यक्रम कार्यान्वयनमा योगदान गर्नु आजको आवश्यकता हो । संघ, प्रदेश र स्थानीय सरकारका नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने तथा नयाँ ज्ञानको सिर्जना वा विद्यमान ज्ञानको क्षेत्र विस्तारमा योगदान गर्ने क्षेत्रमा प्रतिष्ठान केन्द्रित हुनु पर्नेछ ।

गण्डकी प्रदेश सरकारले नीति तथा योजना आयोग मार्फत आफ्नो ५ वर्षे आवधिक योजना सार्वजनिक गरिसकेको छ । संघीय सरकारको **समृद्ध नेपाल, सुखी नेपाली**को दीर्घकालीन लक्ष्य र प्रदेश सरकारको **समृद्ध प्रदेश, सुखी नागरिक**को योजनालाई साकार पार्न प्रतिष्ठानको महत्वपूर्ण भूमिका रहनेछ । दीगो विकासका लक्ष्यहरूको स्थानीयकरण र स्थानीय तहहरूको अगुवाईमा तिनको प्राप्तिमा सहजीकरण गर्ने कार्य पनि प्रतिष्ठानका प्राथमिकताका विषय हुन् । प्रदेश सरकार र स्थानीय तहको सुशासन प्रवर्द्धन, स्थानीय तह सञ्चालन र व्यवस्थापन जस्ता कार्य प्रतिष्ठानका प्राथमिकताका क्षेत्र भित्र पर्दछन् ।

गुणस्तरीय प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, सवाल केन्द्रित संवाद र मागमा आधारित परामर्श सेवाको माध्ययमद्वारा सार्वजनिक क्षेत्रमा कार्यरत कर्मचारी एवम् जनप्रतिनिधिहरूको दक्षतामा अभिबृद्धिका लागि इमानदारिता, व्यावसायिकता र नवप्रवर्तनको संस्थागत मान्यतालाई

अबलम्वन गरी व्यवहारमा परिवर्तन र कार्यसम्पादनमा सुधारको सिद्धान्तको अबलम्वन गरी सक्षम र सुशासनयुक्त प्रदेश सरकार र स्थानीय तहका लागि उत्कृष्ट प्रतिष्ठान (Center of Excellence) स्थापना गर्ने सोंच सहित प्रतिष्ठानले आफ्नो ५ वर्षे रणनैतिक योजना तयार गरेको छ भने प्रशिक्षण र अनुसन्धानका कार्यलाई व्यवस्थित र प्रभावकारी रुपले अगाडि बढाउन प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीतिको तर्जुमा गरेको छ । प्रतिष्ठान ऐन, नियमावली, रणनैतिक योजना एवम् प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीतिको अबलम्वन गरी प्रतिष्ठानले वार्षिक योजना निर्माण र सोको कार्यान्वयन प्रारम्भ गरेको छ । प्रतिष्ठानले प्रशिक्षण, अध्ययन अनुसन्धान, सवाल केन्द्रित संवाद र मानव संसाधन तथा संस्थागत विकासका क्षेत्रमा आर्थिक वर्ष २०७७/७८ भित्र सम्पादन गरेका मुख्य-मुख्य कार्यहरूलाई समेटी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

## १.२ प्रतिवेदनको संरचना

यस प्रतिवेदनलाई जम्मा सात वटा परिच्छेदमा वर्गिकरण गरिएको छ । पहिलो खण्डमा प्रतिष्ठानको पृष्ठभूमि र क्षमता विकासको सन्दर्भका बारेमा उल्लेख गरिएको छ। दोश्रो परिच्छेदमा प्रतिष्ठानको दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र संस्थागत मान्यता उल्लेख गरिएको छ भने तेस्रो परिच्छेदमा प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीति समावेश गरिएको छ। चौथो परिच्छेदमा आ.व. २०७७/७८ को प्रगति विवरण उल्लेख गरिएको छ। पाँचौं परिच्छेदमा आ.व. २०७७/७८ को आर्थिक विवरण समावेश गरिएको छ भने छैटौं परिच्छेदमा आ.व. २०७८/८९ को योजना प्रस्तुत गरिएको छ। सातौं परिच्छेदमा निष्कर्ष र आगामी दिनको कार्यदिशा उल्लेख गरिएको छ ।

# परिच्छेद–२

## दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

"व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार" को मूल मर्मलाई आत्मसात गर्दै प्रशिक्षण कार्यक्रमलाई कर्मचारी प्रशासनको अभिन्न अङ्गको रुपमा आबद्ध गर्ने, प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको कार्यसम्पादनसँग आबद्ध गर्ने एवम् प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार र स्थानीय तहको विकास कार्यक्रमसँग आबद्ध गर्ने बृहत उद्देश्य राखेर स्थापना भएको प्रतिष्ठानको लक्ष्य, उद्देश्य र भावी कार्यदिशा निम्नानुसार छन् ।

### २.१ दीर्घकालीन सोंच (Vision)

"सक्षम र सुशासनयुक्त प्रदेश सरकार र स्थानीय तहका लागि उत्कृष्ट प्रतिष्ठान (Center of Excellence)" संस्थाको दीर्घकालीन सोंच रहेको छ । प्रतिष्ठानलाई ISO Certified Academy का रुपमा स्थापित गराउने दिशामा भावी क्रियाकलाप केन्द्रित हुने छन् ।

### २.२ ध्येय (Mission)

गुणस्तरीय प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, सवाल केन्द्रित संवाद र मागमा आधारित परामर्श सेवाको माध्ययमद्वारा सार्वजनिक क्षेत्रमा कार्यरत कर्मचारी एवम् जनप्रतिनिधिहरूको दक्षतामा अभिबृद्धि संस्थाको ध्येय हुनेछ ।

### २.३ संस्थागत मान्यता (Core Values)

इमानदारिता, व्यावसायिकता र नवप्रवर्तन (Integrity, Professionalism and Innovation) प्रतिष्ठानका संस्थागत मान्यता हुन् । व्यवहारमा परिवर्तन र कार्यसम्पादनमा सुधारको सिद्धान्तलाई अबलम्वन गरी प्रतिष्ठानले आफ्ना क्षमता विकासका कार्यक्रम कार्यान्वयन गर्दछ ।

### २.४ प्रतिष्ठानका उद्देश्य (Objectives)

(क) प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको लागि आवश्यक पर्ने संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगाएतका विषयमा व्यावसायिक ज्ञान, सीप र क्षमता अभिबृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने ।

(ख) प्रदेशको विकास कार्यक्रममा सघाउ पुऱ्याउन प्रदेश सरकारको प्रशासन र संस्थानको व्यवस्थापन क्षेत्रलाई सबल, सक्षम तथा प्रभावकारी बनाउन आवश्यक कार्य गर्ने ।

(ग) प्रशिक्षणलाई बढी उपयोगी तुल्याउन तथा प्रशिक्षण सामग्री तयार गर्नका लागि समस्यामूलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।

(घ) संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा अध्ययन अनुसन्धान गर्ने ।

## २.५ प्रशिक्षण सम्बन्धी नीति

प्रतिष्ठान ऐनले प्रतिष्ठानबाट सञ्चालन गरिने प्रशिक्षण सम्बन्धी नीति देहाय बमोजिम हुने गरी व्यवस्था गरेको छ ।

(क) प्रशिक्षण कार्यक्रमलाई कर्मचारी प्रशासनको अभिन्न अङ्गको रुपमा आबद्ध गर्ने ।

(ख) प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको व्यावसायिक ज्ञान, सीप र क्षमता बृद्धि गर्ने ।

(ग) प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार र संस्थानको विकास कार्यक्रमसँग आबद्ध गर्ने ।

(घ) प्रशिक्षणलाई कर्मचारीको वृत्ति विकाससँग आबद्ध गर्ने ।

## २.६ प्रतिष्ठानका प्रमुख कार्यहरू

(क) कार्यसम्पादनमा आधारित प्रशिक्षण

(ख) समस्या केन्द्रित अनुसन्धान

(ग) सवाल केन्द्रित संवाद

(घ) आवश्यकतामा आधारित परामर्श सेवा

(ङ) ज्ञान व्यवस्थापन

## २.७ Beyond Training Programme

प्रतिष्ठानले क्षमता विकासका कामलाई फरक ढङ्गले अगाडि बढाउने योजना गरेको छ । प्रदेश र स्थानीय सरकारको शासकीय क्षमतामा सुधार हुँदै जाँदा कर्मचारी तथा जनप्रतिनिधिहरूका लागि आवश्यक क्षमता विकासका परिष्कृत माध्यमहरूको अबलम्वन गरिनु जरुरी छ । त्यसैले, कार्यसम्पादनका लागि “सहयोगी सामग्री” (Job Aid) हरूको निर्माण, कार्यसम्पादनका आधारभूत प्रक्रियाहरू उल्लेख गरिएका म्यानुअल तथा निर्देशिकाहरूको तयारी, कर्मचारीहरूको कार्यसम्पादनका लागि आवश्यक निर्देशन (Standing Instructions), कार्यसम्पादनका आधारभूत

कार्यविधिहरू (Standard Operating procedures-SOPs), कार्यस्थलको प्रशिक्षण र प्राविधिक सहयोग (on the job training/on-site coaching), फलोअप, अनुगमन आदिलाई क्षमता विकासको प्रणालीमा मूलप्रवाहीकरण गर्दै लगिनेछ । लागतप्रभावी माध्यमहरूको अबलम्वन र कार्यसम्पादनमा आधारित प्रशिक्षण प्रणालीको विकासलाई शिक्षण–सिकाई क्रियाकलापहरूको आधारभूत मान्यताका रुपमा अगाडि बढाउने कार्यमा प्रतिष्ठान क्रियाशिल हुनेछ ।

## २.८ क्षमता विकास कार्यक्रम कार्यान्वयनको अवधारणा

प्रतिष्ठानले क्षमता विकासको परम्परागत पद्दतिमा परिवर्तन गर्नेछ । प्रशिक्षणलाई केवल कक्षा कोठाको सिकाईमा सीमित नराखी प्रशिक्षार्थीको कार्यसम्पादनसँग आबद्ध गराउने पद्दतिका रुपमा स्थापित गराउने छ । प्रतिष्ठानका क्षमता विकासका कार्यक्रम निम्न अनुसार कार्यान्वयन हुनेछन् ।




परम्परागत प्रशिक्षण अन्तर्गत प्रशिक्षण पश्चात प्रशिक्षार्थीले आफ्नो व्यवहारमा परिवर्तन ल्याए नल्याएको वा प्रशिक्षणको सिकाई कार्यान्वयनमा आए-नआएको निर्क्योल गर्ने प्रचलनको

कमी छ । जबसम्म प्रशिक्षणका सहभागीहरूले प्रशिक्षणको सिकाईलाई आफ्नो कार्यस्थलमा व्यवहारिक रुपमा प्रयोगमा ल्याउँदैनन् र सिकाईको व्यवहारिक प्रयोगको परिणाम स्वरुप संस्थाको समग्र कार्यसम्पादनमा सुधार आउन सक्दैन, तबसम्म प्रशिक्षणमा खर्च भएको साधन र श्रोतको कुनै अर्थ रहँदैन । त्यसकारण, प्रशिक्षणलाई प्रभावकारी बनाउन विद्यमान प्रचलनलाई परिवर्तन गर्न जरुरी छ । चाहे निजामती कर्मचारीको सेवा प्रवेशका दौरान प्रदान गरिने अभिमुखीकरण होस् वा पदोन्नत्तिका लागि सहायक मानिने सेवाकालीन प्रशिक्षण हुन् वा कर्मचारी, जनप्रतिनिधि र सर्वसाधारणका लागि आयोजना गरिने क्षमता विकासका प्रशिक्षण, तिनमा रुपान्तरण जरुरी छ ।

प्रतिष्ठान वर्तमान प्रशिक्षण पद्दतिमा परिवर्तन गर्न चाहन्छ । माथिको चार्टलाई हेर्ने हो भने वर्तमान प्रशिक्षण प्रणाली सामान्यतया "तालिमको कार्यान्वयन" सम्ममा सीमित रहने गरेको पाइन्छ । प्रभावकारी रुपमा क्षमता विकास आवश्यकताको पहिचान गर्ने, सो अनुसार क्षमता विकासका सामग्री तयार गर्ने र लक्षित व्यक्तिलाई क्षमता विकासका क्रियाकलापमा संलग्न गराउने परिपाटीमा समेत कमजोरी छ ।

प्रतिष्ठान क्षमता विकासका कामलाई प्रशिक्षार्थीको कार्यसम्पादनसँग आबद्ध गराई क्षमता विकास कार्यक्रमको सहि मूल्य सुनिश्चित गराउन चाहान्छ । त्यसको सुरुवात प्रशिक्षण पश्चातका सहयोग कार्यक्रमको कार्यान्वयनबाट गर्ने रणनीति अबलम्वन गरेको छ । प्रशिक्षण पश्चात प्रशिक्षणको कार्यान्वयनको सुनिश्चितताका लागि प्रशिक्षणको फलोअप र स्थलगत सहयोग, प्रगतिको अनुगमन एवम् कार्यसम्पादनमा आएको परिवर्तनको मूल्याङ्कनद्वारा तालिमको सही मूल्य (value for money) कायम गराउने कुरामा प्रतिष्ठान दृढ संकल्पित छ । यहि नै वर्तमान प्रशिक्षण प्रणालीमा ल्याउन चाहेको महत्वपूर्ण परिवर्तन हो । यिनै कुराहरूलाई प्रतिष्ठानको प्रथम रणनैतिक योजनाले समेत लिपिबद्ध गरेको छ । मिति २०७७/१२/१९ को प्रशिक्षण परिषद् बैठकबाट स्वीकृत रणनैतिक योजनाको सारसंक्षेप तल उल्लेख गरिएको छ ।

## २.९ रणनैतिक योजनाको सारसंक्षेप

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम / क्रियाकलाप | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| १. प्रदेश सरकार तथा स्थानीय तहमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारी तथा कार्यरत कर्मचारीको क्षमता विकासका लागि व्यवहारिक प्रशिक्षण सञ्चालन गर्ने । | १.१ प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको कार्यसम्पादन स्तर बृद्धिको माध्यम बनाउने । | १.१.१ प्रदेश सरकार तथा स्थानीय तहमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको क्षमता विकासका लागि तालिमका आवश्यकता पहिचान गर्ने ।<br>१.१.२ क्षमता विकास तालिमका लागि तालिम सामग्रीको निर्माण गर्ने ।<br>१.१.३ आवश्यकता पहिचानका आधारमा तालिम कार्यक्रम सञ्चालन गर्ने ।<br>१.१.४ तालिम कार्यक्रमको प्रभावकारी प्रयोगका लागि फलोअप, कार्यस्थलको सहयोग, अनुगमन गर्ने ।<br>१.१.५ तालिम कार्यक्रमको मूल्याङ्कन गर्ने । | १. प्रदेश सरकार तथा स्थानीय तहमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको क्षमता विकासका लागि तालिमका आवश्यकता पहिचान सम्बन्धी अध्ययन ।<br>२. तालिम सामग्रीको निर्माण ।<br>३. स्थानीय तहका पदाधिकारीको क्षमता विकास तालिम ।<br>४. प्रदेश सभाका सदस्यको क्षमता विकास तालिम ।<br>५. प्रदेश सरकारका पदाधिकारीको क्षमता विकास तालिम<br>६. मनोनित र नियुक्त पदाधिकारीको क्षमता विकास तालिम<br>७. तालिमको फलोअप, कार्यस्थलमा सहयोग र अनुगमन ।<br>८. तालिम कार्यक्रमको मूल्याङ्कन । | १. प्रदेश तथा स्थानीय सरकार र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारी हरूको तालिम आवश्यकता पहिचान भएको हुने ।<br>२. तालिम सामग्री निर्माण भएको हुने ।<br>३. प्रदेश तथा स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारी हरूको क्षमता विकासका लागि तालिम सञ्चालन भएका हुने ।<br>४. तालिम कार्यक्रमको प्रभावकारी प्रयोगको सुनिश्चितताका लागि फलोअप, कार्यस्थलमा सहयोग र अनुगमन भएको हुने ।<br>५. तालिम कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन भएको हुने । |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम / क्रियाकलाप | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| | १.२ प्रशिक्षण कार्यक्रमलाई कर्मचारी प्रशासनको अभिन्न अङ्गको रुपमा विकास गर्ने । | १.२.१ कर्मचारीको क्षमता विकासका लागि तालिम आवश्यकताको पहिचान गर्ने ।<br>१.२.२ क्षमता विकास तालिमका तालिम सामग्रीको निर्माण गर्ने ।<br>१.२.३ क्षमता विकास आवश्यकता पहिचानका आधारमा तालिम कार्यक्रम सञ्चालन गर्ने ।<br>१.२.४ तालिम कार्यक्रमको प्रभावकारी प्रयोगका लागि फलोअप, कार्यस्थलमा सहयोग र अनुगमन गर्ने ।<br>१.२.५ तालिम कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्ने । | १. कर्मचारीको क्षमता विकासका लागि तालिम आवश्यकताको पहिचान सम्बन्धी अध्ययन ।<br>२. तालिम सामग्रीको निर्माण ।<br>३. तालिम पाठ्यक्रम निर्माण ।<br>४. सहायक स्तरका कर्मचारीको सेवा प्रवेश तालिम ।<br>५. सहायक स्तरका कर्मचारीको सेवाकालीन तालिम ।<br>६. सहायक स्तरका कर्मचारीको क्षमता विकास तालिम ।<br>७. अधिकृत स्तरका कर्मचारीको सेवा प्रवेश तालिम ।<br>८. अधिकृत स्तरका कर्मचारीको सेवाकालीन तालिम ।<br>९.अधिकृत स्तरका कर्मचारीको क्षमता विकास तालिम ।<br>१०. तालिमको फलोअप, कार्यस्थलमा सहयोग र अनुगमन ।<br>११. तालिम कार्यक्रमको मूल्याङ्कन । | १. प्रदेश तथा स्थानीय तहका सहायक तथा अधिकृत स्तरका कर्मचारीहरूका तालिम आवश्यकता पहिचान भएको हुने ।<br>२. तालिम सामग्री निर्माण भएका हुने ।<br>३. प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारी हरूको क्षमता विकासका लागि तालिम सञ्चालन भएका हुने ।<br>४. तालिम कार्यक्रमको प्रभावकारी प्रयोगको सुनिश्चितताका लागि कार्यस्थलमा सहयोग र अनुगमन भएको हुने ।<br>५. तालिम कार्यक्रमको प्रभाबकारिता मूल्याङ्कन भएको हुने । |
| २. प्रदेश सरकार तथा स्थानीय तहका कार्य सम्पादन अभिबृद्धि गर्न क्षमता विकास सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने । | २.१ अध्ययन तथा अनुसन्धानलाइ नयाँ ज्ञानको सिर्जना र भइरहेको ज्ञान परिस्कृत गर्ने पद्दतिको रुपमा विकास गर्ने । | २.१.१ समस्या केन्द्रित अध्ययन अनुसन्धान गर्ने ।<br>२.१.२ अध्ययन अनुसन्धान सम्बन्धी अनुभव आदान प्रदान गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी आयोजना गर्ने ।<br>२.१.३ अनुसन्धानका प्रतिवेदन प्रकाशित गर्ने । | १. क्षमता बृद्धि सम्बन्धी समस्या केन्द्रित अध्ययन अनुसन्धान ।<br>२. राष्ट्रियस्तरका अनुभव आदान प्रदान गोष्ठी<br>३. अन्तर्राष्ट्रिय स्तरका अनुभव आदान प्रदान गोष्ठी ।<br>४. अध्ययन अनुसन्धान, र गोष्ठीका प्रतिवेदन प्रकाशन । | १. क्षमता बृद्धि सम्बन्धी समस्या केन्द्रित अनुसन्धान भएका हुने ।<br>२. राष्ट्रि तथा अन्तर्राष्ट्रिय स्तरका अनुभव आदान प्रदान गोष्ठी आयोजना भएका हुने ।<br>३. अध्ययन अनुसन्धान, र गोष्ठीका प्रतिवेदन प्रकाशन भएका हुने । |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम / क्रियाकलाप | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| | २.२ अध्ययन तथा अनुसन्धानलाई प्रदेश सरकार र स्थानीय तहका नीति तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउने माध्यमको रुपमा विकास गर्ने । | २.२.१ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका गोष्ठीबाट आएका अनुभवले नीति तथा कार्यक्रममा पृष्ठपोषण गर्ने पद्दतिको विकास गर्ने । | १. अध्ययन तथा अनुसन्धानबाट आएका नतिजा बारे छलफल ।<br>२. अध्ययन तथा अनुसन्धान बाट आएका नतिजा नीति तथा कार्यक्रम तर्जुमामा उपयोग । | १. अध्ययन तथा अनुसन्धानका नतिजा बारे छलफल भएका हुने ।<br>२. अध्ययन तथा अनुसन्धान बाट आएका नतिजा नीति तथा कार्यक्रम तर्जुमामा उपयोग भएका हुने । |
| ३. प्रतिष्ठानलाई उत्कृष्ठ तालिम केन्द्रको रुपमा विकास गर्ने । | ३.१ प्रतिष्ठानको संगठन संरचना निर्माण गरी मानव संसाधनको विकास गर्ने । | ३.१.१ प्रतिष्ठानमा उत्कृष्ठ प्रशिक्षकद्वारा पठन पाठन र अध्ययन तथा अनुसन्धान गर्ने । | १. संगठन तथा व्यवस्थापन सर्वेक्षण ।<br>२. उत्कृष्ठ प्रशिक्षक तथा कर्मचारीको पदपूर्ति ।<br>३. प्रशिक्षक तथा कर्मचारीको अभिमुखीकरण र क्षमता विकास । | १. संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार भएको हुने ।<br>२. प्रतिष्ठानमा उत्कृष्ठ जनशक्तिको पदपूर्ति भएको हुने ।<br>३. प्रशिक्षक तथा कर्मचारीको क्षमता विकास भएको हुने । |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम / क्रियाकलाप | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| | | ३.१.२ प्रतिष्ठानलाइ उत्कृष्ट ज्ञान केन्द्रको रुपमा विकास गर्ने । | १.कार्यालय भवन निर्माण ।<br>२.संरचनाहरूको मर्मत संभार ।<br>३. Website निर्माण ।<br>४. प्रतिष्ठानका लागि आवश्यक नीतिनियम, कानून, कार्यविधि निर्माण ।<br>५. ISO प्रमाणपत्र प्राप्तिका लागि आवश्यक कार्य ।<br>६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका संस्थासँग कार्यगत सम्बन्ध स्थापना ।<br>७. अध्ययन अनुसन्धान र मूल्याङ्कनका नतिजा अन्तर्राष्ट्रिय Peer Review Journal मा प्रकाशन ।<br>८. ज्ञान केन्द्रको स्थापना । | १. कार्यालय भवन निर्माण सम्पन्न भएको हुने ।<br>२.संरचनाहरूको नियमित मर्मत संभार भएका हुने ।<br>३. प्रतिष्ठानको Website सञ्चालनमा आएको हुने ।<br>४. प्रतिष्ठानका नियमावली, कर्मचारी विनियम, आर्थिक विनियम, खर्चको मापदण्ड निर्माण भएका हुने ।<br>५. प्रतिष्ठानले ISO प्रमाणपत्र प्राप्त गरेको हुने ।<br>६. अन्तर्राष्ट्रिय स्तरका संस्थासँग कार्यगत सम्बन्ध स्थापना भएको हुने ।<br>८. प्रतिष्ठानका अध्ययन तथा अनुसन्धानका नतिजा अन्तर्राष्ट्रिय Peer Review Journal मा प्रकासन भएका हुने ।<br>९.प्रतिष्ठान सिकाई तथा ज्ञान केन्द्रको रुपमा विकास भएको हुने । |

# परिच्छेद–तीन

## प्रशिक्षण तथा अनुसन्धान व्यवस्थापन सम्बन्धी नीति

मिति २०७७/१२/१९ को प्रशिक्षण परिषद् बैठक बाट स्वीकृत देहाय बमोजिमका नीतिको अबलम्वन गरी प्रशिक्षण तथा अनुसन्धानका क्रियाकलाप कार्यान्वयन गरिनेछ ।

### ३.१ नीतिका उद्देश्य

३.१.१ प्रदेश सरकार र स्थानीय तहको कार्यक्षमता अभिबृद्धि गर्न कर्मचारी एवम् निर्वाचित जनप्रतिनिधिहरूका लागि क्षमता विकास आवश्यकताको पहिचान, प्रशिक्षण सामग्रीको निर्माण, प्रशिक्षण सञ्चालन र प्रशिक्षण कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन विधिको निक्र्यौल गर्ने ।

३.१.२ प्रतिष्ठानको अध्ययन अनुसन्धान र ज्ञान व्यवस्थापन विधिको तय गर्ने ।

३.१.३ प्रतिष्ठानको समन्वय, सहकार्य र स्रोत परिचालन रणनीतिको निक्र्यौल गर्ने ।

३.१.४ प्रदेश सरकार तथा स्थानीय तहको शासकीय क्षमता अभिबृद्धि सम्बन्धी रणनीतिको निक्र्यौल गर्ने ।

३.१.५ प्रतिष्ठानलाई आत्मनिर्भर स्वायत्त संस्थाको रुपमा विकास गर्न आवश्यक रणनीति तय गर्ने ।

३.१.६ प्रशिक्षण तथा अध्ययन अनुसन्धान कार्यक्रमलाई प्रदेश सरकार तथा स्थानीय तहको विकास कार्यक्रमसँग आबद्ध गर्ने पद्दति निर्धारण गर्ने ।

### ३.२ प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीति

प्रतिष्ठानको दूरदृष्टि, लक्ष्य र उद्देश्य प्राप्तिका लागि देहाय बमोजिमका नीति तथा रणनीति एवम् कार्यनीतिको अबलम्वन गर्ने ।

#### ३.२.१ नीति

प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरू एवम् कर्मचारीको कार्यसम्पादनसँग आबद्ध गर्ने । (३.१.१)

**रणनीति तथा कार्यनीति**

**१. प्रशिक्षण आवश्यकताको पहिचान**

१.१ प्रदेश एवम् स्थानीय तहमा कार्यरत कर्मचारी तथा निर्वाचित, मनोनित एवम्

नियुक्त पदाधिकारीहरूको क्षमता विकास आवश्यकताको पहिचानका लागि समस्या केन्द्रित तालिम विषयवस्तुको पहिचान सम्बन्धी अध्ययन गर्ने ।

१.२ संस्थागत सुदृढिकरण तथा कर्मचारी एवम् जनप्रतिनिधिका क्षमता विकास आवश्यकताको अलग अलग पहिचान गर्ने ।

१.३ कार्यमूलक अनुसन्धान तथा अन्य विधिको अबलम्वन गरी संस्थागत सुदृढिकरण एवम् क्षमता विकास आवश्यकताको पहिचान गर्ने ।

## २. प्रशिक्षण डिजाइन तथा सामग्री निर्माण

२.१ प्रशिक्षण आवश्यकता पहिचानको आधारमा प्रशिक्षण कार्यक्रमको डिजाइन र प्रशिक्षण सामग्रीको निर्माण गर्ने ।

२.२ प्रशिक्षण कार्यक्रमको डिजाइन र प्रशिक्षण सामग्री निर्माण गर्दा प्रशिक्षणको अवधिमा प्राप्त गरिने उद्देश्य र प्रशिक्षण कार्यक्रम पश्चातका अपेक्षित नतिजा उल्लेखित तहगत उद्देश्यको निर्धारण गर्ने ।

२.३ प्रशिक्षण सामग्रीको निर्माण गर्दा व्यवहारिक अभ्यासलाई जोड दिने ।

२.४ प्रशिक्षण सामग्रीको गुणस्तरीयता र विषयवस्तुको उपयुक्तता एवम् सान्दर्भिकताको सुनिश्चितता गर्न त्यस्ता सामग्रीको कम्तीमा ३ पटक परीक्षण तथा प्रमाणीकरण गर्ने ।

२.५ प्रशिक्षण सामग्रीको गुणस्तरीयता सुनिश्चित गर्न आवश्यकता अनुसार विषयविज्ञसँग परामर्श गर्ने ।

२.६ प्रशिक्षणको अनुगमन, मूल्याङ्कन तथा फलोअपका औजारहरू प्रशिक्षण सामग्री निर्माणका क्रममा नै विकास गर्ने ।

२.७ प्रशिक्षण डिजाइन र प्रशिक्षण सामग्री निर्माण गर्दा निश्चित शिक्षण योजनाको ढाँचा (Instructional Design Principle[1]) को अबलम्वन गर्ने ।

२.८ निर्माण गरिएका सामग्रीको प्रयोगका लागि आवश्यकता अनुसार प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने ।

## ३. प्रशिक्षण सञ्चालन

३.१ लक्षित सहभागीहरूका लागि निर्मित प्रशिक्षण सामग्रीको प्रयोग गरी प्रशिक्षण सञ्चालन गर्ने ।

३.२ दक्षता प्राप्त प्रशिक्षकको प्रयोग गरी प्रशिक्षण सञ्चालन गर्ने ।

1 शिक्षण योजना (Instructional Design) भन्नाले शैक्षिक तथा तालिम कार्यक्रमहरूको विकास गर्नका लागि प्रयोग गरिने निश्चित प्रक्रिया हो । व्यवस्थित तरिकाले सिकाई आवश्यकतारूको विश्लेषण गर्ने र शिक्षण सिकाई सामग्रीको विकास गरीने भएकोले शिक्षण योजनालाई शिक्षण प्रणाली योजना (Instructional System Design) पनि भन्ने गरिन्छ । शिक्षण योजना लाई सिकाईको मोड्युल वा पाठको विकास गर्ने एउटा ढाँचाको (Framework) रुपमा पनि लिइन्छ । यो आशा गरिएको लक्ष्य प्राप्तिका लागि सिकाई आवश्यकताको विश्लेषण तथा कार्यान्वयन गर्ने पद्दतिको समग्र प्रक्रियाको रुप पनि हो ।

३.३ व्यवहारिक अभ्यासमा जोड दिई प्रशिक्षण सञ्चालन गर्ने ।

३.४ प्रशिक्षण कार्यक्रमलाई सकेसम्म कार्यस्थलमा नै सञ्चालन गर्ने नीति अबलम्वन गर्ने ।

३.५ प्रशिक्षण सञ्चालनका लागि आवश्यकता अनुसार अन्य संघ संस्थाका गुणस्तरीय प्रशिक्षण सामग्रीहरूको अनुसरण तथा प्रयोग गर्ने ।

३.६ आवश्यकता अनुसार रोष्टरमा उपलब्ध दक्ष प्रशिक्षकहरूको परिचालन गरी प्रशिक्षण सञ्चालन गर्ने ।

३.७ सेवाग्राहीको आवश्यकतालाई सम्बोधन गर्ने गरी ज्ञान, सीप र धारणामा अभिबृद्धि गर्ने विषयवस्तुको छनौट गरी प्रशिक्षण सञ्चालन गर्ने ।

३.८ प्रदेश तथा स्थानीय तहमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारी तथा कार्यरत कर्मचारीको क्षमता विकासका लागि तात्कालीन प्राथमिकताका रुपमा आवश्यकतामा आधारित प्रशिक्षण र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने ।

३.९ प्रदेश सरकार तथा स्थानीय तहको शासकीय क्षमतामा अभिबृद्धि हुँदै जाँदा क्षमता विकासका कार्यक्रमहरूको स्वरुपमा पनि परिवर्तन गर्दै कम खर्चिला, दक्ष, प्रभावकारी र द्रुत माध्यमहरूको अबलम्वन गर्ने ।

३.१० आधुनिक प्रविधि एवम् सूचना र सञ्चारका क्षेत्रमा भएका परिवर्तनलाई प्रशिक्षणमा उपयोग गर्ने ।

३.११ प्रशिक्षण कार्यका लागि प्रतिष्ठानमा उपलब्ध जनशक्ति तथा आवश्यकता अनुसार बाह्य विशेषज्ञताको उपयोग गर्ने ।

## ४ प्रशिक्षण सञ्चालनका विधि

४.१ प्रशिक्षार्थीको व्यवहारमा परिवर्तन र कार्यसम्पादनमा सुधारको पक्षलाई सुनिश्चित गर्ने गरी प्रशिक्षण विधिको अबलम्वन र प्रशिक्षण पश्चातका सहयोग कार्यक्रमको निर्धारण गर्ने ।

४.२ सहभागीको स्तर, प्रशिक्षणको विषयवस्तु र स्थानीय परिवेशलाई विचार गरी प्रशिक्षण विधिमा विविधिकरण गर्ने ।

४.३ प्रशिक्षण सञ्चालन गर्दा वयस्क सिकाई, प्रयोगात्मक सिकाई तथा सहभागी केन्द्रित सिद्धान्तहरूको अबलम्वन गर्ने ।

## ५. प्रशिक्षणको अनुगमन तथा मूल्याङ्कन

५.१ अनुगमन तथा मूल्याङ्कनलाई हरेक प्रशिक्षणको अभिन्न अंगको रुपमा आबद्ध गर्ने ।

५.२ प्रशिक्षण पश्चातको सहयोग (जस्तै, on-site coaching, on-the-job training, फलोअप, अनुगमन र मूल्याङ्कन) लाई प्रशिक्षणको व्यवहारिक प्रयोगको सुनिश्चितता र कार्य सम्पादनमा सुधारको मापनको मानकका रुपमा विकास गर्ने तथा प्रशिक्षण कार्यक्रमको अङ्गको रुपमा स्थापित गर्ने ।

५.३ प्रशिक्षण पश्चातको अनुगमन र मूल्याङ्कनका लागि आवश्यक आधार (assessment criteria) को विकास गर्ने । त्यस्ता आधार (criteria) प्रशिक्षण सामग्री निर्माणका क्रममा नै निर्धारण गर्ने ।

५.४ प्रशिक्षणको अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त नतिजा एवम् अध्ययन तथा अनुसन्धानका आधारमा प्रशिक्षण योजना तथा प्रशिक्षण सामग्रीमा आवश्यकता अनुसार अध्यावधिक र परिमार्जन गर्ने ।

## ६. प्राविधिक तथा वित्तीय सहायताको परिचालन

६.१ प्रतिष्ठानका कर्मचारीहरूको क्षमता विकास, प्रशिक्षण कार्यक्रम र प्रतिष्ठानको संस्थागत विकासमा योगदान पुग्ने गरी स्वदेशी तथा विदेशी सरकारी तथा गैर सरकारी संस्थाहरूबाट प्राविधिक तथा वित्तीय सहयोग लिने ।

६.२ प्राविधिक तथा वित्तीय सहयोगका लागि प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिने ।

६.३ प्राविधिक सहयोग प्रतिष्ठानको स्वामित्व र नियन्त्रणमा कार्यान्वयन गर्ने ।

६.४ प्रशिक्षण प्रभावकारितामा बृद्धि गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अनुभव आदान प्रदान कार्यक्रम (exchange programme) आयोजना गर्ने ।

## ७. परियोजना सञ्चालन

७.१ प्रतिष्ठानको उद्देश्य प्राप्तिमा सहयोग पुग्ने गरी द्विपक्षीय तथा बहुपक्षीय परियोजना सञ्चालन गर्ने ।

७.२ स्वदेशी तथा विदेशी सरकारी तथा गैर सरकारी संस्थाहरूको प्राविधिक तथा वित्तीय सहयोगमा त्यस्ता परियोजना सञ्चालन गर्ने ।

७.३ प्राविधिक तथा वित्तीय सहयोगका परियोजना सञ्चालनका लागि प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिने ।

७.४ परियोजना प्रतिष्ठानको स्वामित्व र नियन्त्रणमा कार्यान्वयन गर्ने ।

## ८. परामर्शदाताको परिचालन

८.१ प्रशिक्षण तथा अनुसन्धानको क्षेत्रमा विशिष्टीकृत सेवा आवश्यक परेमा परामर्शदाता मार्फत त्यस्ता सेवा प्राप्त गर्ने ।

८.२ स्वदेशी तथा विदेशी व्यक्ति वा संस्था मार्फत परामर्श सेवा प्राप्त गर्ने ।

८.३ ऐन तथा नियमावलीको परिधि भित्र रही परामर्श सेवाको उपयोग गर्ने ।

८.४ आवश्यकता अनुसार परामर्श सेवा प्रतिष्ठानको आफ्नै खर्चमा समेत उपयोग गर्ने ।

८.५ परामर्श सेवाको प्रयोग गर्दा प्रचलित आर्थिक मापदण्डको अबलम्वन गर्ने ।

८.६ विशेषज्ञ प्रशिक्षकको रोष्टर तयार गरी प्रशिक्षण कार्यमा उपयोग गर्ने ।

### ९. स्वयंसेवा परिचालन

९.१ कुनै स्वदेशी तथा विदेशी संघ संस्थाले प्रतिष्ठान मार्फत स्वयं सेवा उपलब्ध गराउन चाहे संस्थाको उद्देश्यसँग मेलखाने गरी स्वयंसेवकहरूको परिचालन गर्ने ।

९.२ यस्तो स्वयंसेवकको परिचालन गर्दा प्रतिष्ठानलाई थप आर्थिक भार नपर्ने व्यवस्था गर्ने ।

९.३ स्वयं सेवाको परिचालनका लागि सम्बन्धित संस्था र प्रतिष्ठानका बिच आवश्यक समझदारी गर्ने ।

### १०. प्रशिक्षण सञ्चालनका स्वरुप

१०.१ प्रतिष्ठानले आर्थिक भार बेहोर्ने गरी प्रशिक्षण सञ्चालन गर्ने ।

१०.२ संघ, प्रदेश तथा स्थानीय तहसँगको लागत साझेदारीमा प्रशिक्षण सञ्चालन गर्ने ।

१०.३ गैर सरकारी संस्था, सहकारी र नीजि क्षेत्रसँगको लागत साझेदारीमा प्रशिक्षण सञ्चालन गर्ने ।

१०.४ स्व-आर्जनका लागि व्यावसायिकतामा आधारित प्रशिक्षण सञ्चालन गर्ने ।

१०.५ लागत साझेदारीमा सञ्चालन गरिने प्रशिक्षणको लागत अनुपात आपसी समझदारीमा निर्धारण गर्ने ।

### ३.२.२ नीति

प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार तथा स्थानीय तहको विकास कार्यक्रमसँग आबद्ध गर्ने । (३.१.६)

### रणनीति तथा कार्यनीति

१. प्रदेश सरकार तथा स्थानीय तहको दीर्घकालीन, मध्यमकालीन र वार्षिक योजना तथा मध्यमकालीन खर्च संरचना निर्माणमा सहयोग गर्ने ।

२. प्रदेश सरकार तथा स्थानीय तहका योजना कायान्वयनमा सहयोग गर्ने ।

३. प्रदेश सरकार तथा स्थानीय तहका योजनाको अनुगमन तथा मूल्याङ्कनमा सहयोग गर्ने ।

४. प्रदेश सरकार तथा स्थानीय तहका कार्यक्रम कार्यान्वयको पारदर्शिता तथा जवाफदेहिता अभिबृद्धिमा सहयोग गर्ने ।

### ३.२.३ नीति

अध्ययन अनुसन्धान कार्यलाई नयाँ ज्ञानको सिर्जना र भईरहेको ज्ञानमा थप योगदान गर्ने पद्दतिको रुपमा विकास गर्ने । (३.१.२)

## रणनीति तथा कार्यनीति

### १. अनुसन्धान व्यवस्थापन

१.१ नयाँ ज्ञानको सिर्जना र भइरहेको ज्ञानमा थप योगदान गर्ने पद्दतिको रुपमा अध्ययन अनुसन्धान र सवाल केन्द्रित संवादलाई विकास गरी प्रदेश सरकार र स्थानीय तहका विकास तथा शासकीय सुधार कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने ।

१.२ अध्ययन अनुसन्धानलाई प्रदेश तथा स्थानीय तहका कार्यक्षेत्र र विकास प्राथमिकतासँग आबद्ध गर्ने ।

१.३ अध्ययन अनुसन्धानलाई प्रतिष्ठानको नियमित कार्यका रुपमा विकास गर्ने ।

१.४ अध्ययन अनुसन्धानका लागि आवश्यकता अनुसार विशेषज्ञताको परिचालन गर्ने ।

१.५ द्विपक्षीय एवम् बहुपक्षीय सहयोगको परिचालन गरी अध्ययन अनुसन्धानका कार्य सञ्चालन गर्ने ।

१.६ अध्ययन अनुसन्धानका काम आवश्यकता अनुसार प्रतिष्ठानले आफ्नै श्रोत, प्रदेश तथा स्थानीय तह र नीजि क्षेत्रसँगको लागत साझेदारीमा कार्यान्वयन गर्ने ।

१.७ अध्ययन अनुसन्धानका कामलाई फेलोशिप कार्यक्रमसँग आबद्ध गराउने ।

१.८ संघ, प्रदेश र स्थानीय तह सञ्चालन तथा व्यवस्थापन, संघीय प्रणाली तथा विकास प्रक्रियाको बारेमा विभिन्न किसिमका वहस, अन्तरक्रिया, गोष्ठी, सम्मेलन, सम्वाद आदिलाई अध्ययन अनुसन्धानका अङ्गका रुपमा कार्यान्वयन गर्ने ।

१.९ अध्ययन अनुसन्धानका लागि प्रतिष्ठानमा उपलब्ध जनशक्ति तथा आवश्यकता अनुसार बाह्य विशेषज्ञताको उपयोग गर्ने ।

### २. अनुसन्धानका नतिजाको प्रयोग

२.१ अध्ययन अनुसन्धानबाट प्राप्त नतिजालाई ज्ञान व्यवस्थापनको सिद्धान्त अबलम्वन गरी अभिलेख, प्रयोग र विस्तार गर्ने ।

२.२ अध्ययन अनुसन्धान तथा प्रतिष्ठानको सिकाईलाई समाचार बुलेटिन, लेख रचना, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नल, शोध पत्र आदिका रुपमा प्रकाशन गरी विभिन्न माध्यमबाट प्रचारप्रसार गर्ने ।

२.३ अध्ययन अनुसन्धानलाई प्रदेश सरकार तथा स्थानीय तहका विकास कार्यक्रम र सुशासन प्रवर्द्धनमा आबद्ध गर्ने ।

## ३.२.४ नीति

ज्ञान व्यवस्थापनलाई प्रदेश सरकार तथा स्थानीय तहको विकास र सुशासनसँग आबद्ध गर्ने । (३.१.२)

**रणनीति तथा कार्यनीति**

१. ज्ञान व्यवस्थापनलाई ज्ञानको सिर्जना, ज्ञानको संकलन, ज्ञानको प्रसार र ज्ञानको उपयोगको श्रृंखलाको रुपमा विकास गर्ने ।

२. तथ्याङ्क (Data), सूचना (Information), ज्ञान (Knowledge) र ज्ञानको प्रयोग (Wisdom) लाई ज्ञान व्यवस्थापनका तहगत कार्यका रुपमा संस्थागत गर्ने ।

३. ज्ञान व्यवस्थापनलाई प्रदेश सरकार तथा स्थानीय तहको विकास र सुशासनसँग आबद्ध गर्ने ।

### ३.२.५ नीति

द्विपक्षिय एवम् बहुपक्षिय समन्वय र सहकार्यको प्रवर्द्धन गरी प्रशिक्षण तथा अनुसन्धान कार्य सञ्चालन गर्ने । (३.१.३)

**रणनीति तथा कार्यनीति**

१. **संघीय सरकारसँगको समन्वय**

१.१ प्रशिक्षणलाई राष्ट्रको समृद्धि र विकाससँग आबद्ध गर्ने गरी संघीय सरकारका सम्बन्धित निकायहरूसँग समन्वय कायम गर्ने ।

१.२ संघीय सरकार र मातहतका निकायहरूका प्रशिक्षण सामग्रीको आवश्यकता अनुसार प्रयोग गर्ने ।

१.३ संघीय सरकार र मातहतका निकायहरूका अनुभवलाई आवश्यकता अनुसार प्रशिक्षण कार्यमा उपयोग गर्ने ।

२. **प्रदेश सरकारका निकायहरूसँगको समन्वय**

२.१ प्रदेश सरकारका निकायहरूसँगको प्रत्यक्ष संलग्नतामा प्रशिक्षण र अनुसन्धानका कार्यहरू कार्यान्वयन गर्ने ।

२.२ प्रदेश सरकारका विकास योजनाहरूको कार्यान्वयनमा संलग्न विभिन्न निकायहरूसँग समन्वय कायम गर्ने ।

३. **निजी क्षेत्रसँगको समन्वय**

३.१ प्रतिष्ठानको उद्देश्य प्राप्तिका लागि निजी क्षेत्रसँगको सहकार्यलाई अगाडि बढाउने ।

३.२ निजी क्षेत्रको मानव संसाधन विकास र संस्थागत सुधारका काममा सहकार्य गर्ने ।

४. **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँगको समन्वय**

४.१ प्रतिष्ठानको उद्देश्य प्राप्तिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँगको समन्वय र सहकार्यमा प्रशिक्षण तथा अनुसन्धानका कार्यहरू गर्ने ।

४.२ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सँघसंस्थासँगको समन्वयलाई प्रतिष्ठानको संस्थागत विकास,

मानव संसाधन विकास र वित्तीय स्थायित्वमा केन्द्रित गर्ने ।

४.३ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सँघ संस्थासँगको ज्ञान, सिप र प्रविधिलाई प्रतिष्ठानको कार्यमा आवश्यकता अनुसार प्रयोग गर्ने ।

### ३.२.६ नीति

प्रदेश सरकार तथा स्थानीय तहको शासकीय क्षमतामा अभिबृद्धि गर्ने । (३.१.४)

### रणनीति तथा कार्यनीति

#### १. संस्थागत सुदृढिकरण

#### १.१ स्थानीय तहको संस्थागत सुदृढिकरण सम्बन्धी नीति

१.१.१ स्थानीय तहका संस्थागत क्षमता स्व–मूल्याङ्कनका आधारमा क्षमता विकासका रणनीतिको तर्जुमा गर्ने ।

१.१.२ स्थानीय तहका संगठन तथा व्यवस्थापन सर्वेक्षण मार्फत मानव संसाधन विकासमा योगदान गर्ने ।

१.१.३ स्थानीय तहका सेवा प्रवाहका गुणस्तरको मापन र व्यवस्थापन परीक्षण गर्ने ।

१.१.४ स्थानीय तहमा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता औजारको प्रयोग मार्फत सामाजिक जवाफदेहितामा बृद्धि गराउने ।

१.१.५ स्थानीय तहका ऐन, नियम, कानून, कार्यविधि, निर्देशिका आदि तर्जुमामा सहयोग गर्ने ।

१.१.६ कार्यसम्पादनका लागि "सहयोगी सामग्री" (Job Aid) हरूको निर्माण, कार्यसम्पादनका आधारभूत प्रक्रियाहरू उल्लेख गरिएका म्यानुअल तथा निर्देशिकाहरू, कर्मचारीहरूको कार्यसम्पादनका लागि आवश्यक निर्देशन (Standing Instructions), कार्यसम्पादनका आधारभूत कार्यविधिहरू (Standard Operating Procedures-SOPs), कार्यस्थलको प्रशिक्षण र प्राविधिक सहयोग, फलोअप, अनुगमन निर्देशिका तर्जुमा गर्ने ।

#### १.२ प्रदेश सरकारका निकायहरूको संस्थागत सुदृढिकरण सम्बन्धी नीति

१.२.१ प्रदेश सरकार अन्तर्गतका विभिन्न कार्यालयको मानव संसाधन नीति तर्जुमा गर्ने ।

१.२.२ कार्यसम्पादनका लागि "सहयोगी सामग्री"(Job Aid) हरूको निर्माण, कार्यसम्पादनका आधारभूत प्रक्रियाहरू उल्लेख गरिएका म्यानुअल तथा निर्देशिकाहरू, कर्मचारीहरूको कार्यसम्पादनका लागि आवश्यक निर्देशन (Standing Instructions), कार्यसम्पादनका आधारभूत कार्यविधिहरू (Standard Operating Procedures-SOPs), कार्यस्थलको

प्रशिक्षण र प्राविधिक सहयोग, फलोअप, अनुगमन निर्देशिका आदि तर्जुमा गर्ने ।

१.२.३ विद्युतीय शासन प्रवर्द्धनका कार्यमा सहयोग गर्ने ।

### ३.२.७ नीति

प्रतिष्ठानलाई आत्मनिर्भर स्वायत्त संस्थाको रुपमा विकास गर्ने । (३.१.५)

**रणनीति तथा कार्यनीति**

**१. स्व–आर्जन र आर्थिक स्वायत्तता**

**१.१ स्व–आर्जन**

१.१.१ साझेदारी, व्यावसायिकतामा आधारित प्रशिक्षण, परियोजनाको सञ्चालन, मागमा आधारित प्रशिक्षण, अनुसन्धान र परामर्श सेवा आदि मार्फत आर्थिक उपार्जन गर्ने ।

१.१.२ परामर्श सेवाको बिक्री, भौतिक पूर्वाधारको उपयोग, व्यावसायिक प्रशिक्षण आदिका माध्ययमबाट स्व-आर्जन र आर्थिक उपार्जनका लागि नीतिगत व्यवस्था गर्ने ।

१.१.३ स्व-आर्जनबाट संकलित रकमलाई प्रतिष्ठानको हितमा प्रयोग गर्ने ।

**१.२ आर्थिक स्वायत्तता**

१.२.१ ऐन र नियमावलीको परिधि भित्र रही प्रशिक्षण परिषद्ले गरेका निर्णयका आधारमा प्रतिष्ठानको स्व-आर्जन रकमको उपयोग गर्ने ।

१.२.२ आर्थिक उपार्जनका लागि आय आर्जनका वैकल्पिक उपायहरूको खोजी गर्ने ।

### ३.३ प्राथमिकताका कार्यक्रम

**१. सेवाकालीन प्रशिक्षण**

१.१ सेवाकालीन प्रशिक्षणलाई कर्मचारीको दक्षता अभिबृद्धि र वृत्ति विकाससँग आबद्ध गर्ने ।

१.२ स्वीकृत मापदण्ड र पाठ्यक्रमका आधारमा सेवाकालीन प्रशिक्षण सञ्चालन गर्ने ।

**२. कार्यसम्पादनमा आधारित क्षमता विकास कार्यक्रम (Performance based Capacity Development Programme-PCDP)**

२.१ क्षमता विकास कार्यक्रमलाई प्रशिक्षार्थीको भूमिका र जिम्मेवारीसँग आबद्ध गर्ने ।

२.२ क्षमता विकास कार्यक्रमको फलोअप र अनुगमन गर्ने ।

२.३ क्षमता विकास कार्यक्रमले प्रशिक्षार्थीको कार्यसम्पादनमा पारेको प्रभावको लेखा जोखा गर्ने ।

### ३. क्षमता विकास आवश्यकता पहिचान (Capacity Development-CAPDEV Needs Assessment)

३.१ क्षमता विकास आवश्यकता पहिचानलाई प्रतिष्ठानको नियमित कार्यका रुपमा आबद्ध गर्ने ।

३.२ क्षमता विकास आवश्यकता पहिचानका आधारमा प्रशिक्षण सञ्चालन गर्ने पद्दतिको विकास गर्ने ।

### ४. छोटो अवधिका पेशागत क्षमता विकास कार्यक्रम (Short-term Professional Development Prograrmme-SPDP)

४.१ विज्ञापनमा आधारित छोटो अवधिका व्यावसायिक (professional) क्षमता विकास कार्यक्रमलाई प्रतिष्ठानको आय आर्जनको माध्यमका रुपमा अगाडि बढाउने ।

४.२ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था र निजी क्षेत्रको सहभागिता रहने गरी छोटो अवधिका पेशागत क्षमता विकास कार्यक्रम कार्यान्वयन गर्ने ।

४.३ छोटो अवधिका पेशागत क्षमता विकास कार्यक्रमलाई अन्तर संस्था समन्वय र साझेदारीका माध्यमका रुपमा अगाडि बढाउने ।

४.४ मागको आधारमा निश्चित सिपको विकास गर्ने गरी रोजगारी सिर्जना र आय आर्जन लक्षित प्रशिक्षण सञ्चालन गर्ने ।

### ५. अनलाइन क्षमता विकास बजार प्रणाली (Online Capacity Development Market System - OCDMS)

५.१ विशिष्ठीकृत क्षेत्रका क्षमता विकासका लागि अनलाइन कोर्षको विकास गर्ने ।

५.२ अनलाइन कोर्षलाई बजारीकरणको माध्यमद्वारा कार्यान्वयन गर्ने ।

५.३ अनलाइन कोर्षलाई संस्थाको आय आर्जनको माध्यमको रुपमा विकास गर्ने ।

५.४ अनलाइन कोर्षलाई दूर शिक्षा (Distance Learning) का रुपमा अगाडि बढाउने ।

### ६. फेलोशिप कार्यक्रम (Fellowship Programme-FP)

६.१ व्यक्ति वा संघ संस्थाको अनुदान सहयोगमा त्यस्ता व्यक्ति वा संघसंस्थाले तोकेका प्रशिक्षार्थीहरूका लागि प्रशिक्षण आयोजना गर्ने ।

६.२ फेलोशिप कार्यक्रमलाई संस्थागत समन्वय र नेटवर्क स्थापनको माध्यमको रुपमा अगाडि बढाउने ।

६.३ फेलोशिप कार्यक्रमलाई अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारको माध्ययमको रुपमा अगाडि बढाउने ।

६.४ फेलोशिप कार्यक्रमलाई अध्ययन अनुसन्धानसँग आबद्ध गर्ने ।

## ७. युवा नेतृत्व विकास कार्यक्रम (Youth Leadership Development Programme-YLDP)

७.१ राष्ट्र निर्माणका विभिन्न विधामा युवा वर्गको नेतृत्वदायी भूमिकाको अभिबृद्धिका लागि युवा नेतृत्व विकासका कार्यक्रम सञ्चालन गर्ने ।

७.२ प्रदेश सरकार तथा स्थानीय तहका विकास प्राथमिकतासँग आबद्ध गर्ने गरी युवा नेतृत्व विकास प्रशिक्षण सञ्चालन गर्ने ।

## ८. अनुसन्धान तथा सम्वाद कार्यक्रम (Researh and Dialogue- RD)

८.१ अनुसन्धान तथा सम्वाद कार्यक्रमलाई समसामयिक विकासका सवालसँग आबद्ध गर्ने ।

८.२ अनुसन्धान तथा सम्वाद कार्यक्रमलाई नीति निर्माणका साधनका रुपमा विकास गर्ने ।

८.३ अनुसन्धान तथा सम्वाद कार्यक्रमलाई ज्ञानको सिर्जना र विस्तारमा योगदान गर्ने माध्यमको रुपमा विकास गर्ने ।

## ९. बहुविषयगत प्रशिक्षण

९.१ विकासका बहुआयामिक क्षेत्रहरू जस्तै, कृषि, वन, वातावरण, मानविय सुरक्षा, जीविकोपार्जन, आर्थिक विकास, मानविय विकास, पूर्वाधार निर्माण, सूचना र प्रविधि लगाएतका क्षेत्रहरूमा प्रदेश सरकार तथा स्थानीय तहका प्राथमिकताहरूलाई योगदान गर्ने गरी प्रशिक्षण सञ्चालन गर्ने ।

९.२ सुशासनलाई सबै विषयतग क्षेत्रहरूको अभिन्न अङ्गको रुपमा आबद्ध गर्ने ।

९.३ बहुविषयगत प्रशिक्षणका लागि आवश्यकता अनुसार सम्बन्धित संस्थाहरूसँग समन्वय गर्ने ।

## १०. Beyond Training Programme (BTP)

१०.१ प्रदेश तथा स्थानीय तहका सेवा प्रवाहका लागि आवश्यक निर्देशिका, Standard Operating Procedures, Standing Instructions, Job Aids, Manuals आदि को निर्माणलाई प्रतिष्ठानको रणनैतिक लक्ष्यका रुपमा अगाडि बढाउने ।

१०.२ प्रदेश तथा स्थानीय तहका शासकीय क्षमतामा अभिबृद्धि हुँदै जाँदा क्षमता विकासका कार्यक्रमहरूको स्वरुपमा परिवर्तन गर्दै कम खर्चिला, दक्ष, प्रभावकारी र द्रुत माध्यमहरूको अबलम्वन गर्ने ।

# परिच्छेद–४

## आ.व. २०७७/७८ को प्रगति

### ४.१ गत आ.व. को समीक्षा

प्रदेश सभाबाट मिति २०७५ साल चैत्र ११ गते गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन जारी गरी मिति २०७६ फागुन २८ मा प्रदेश सरकारबाट कार्यकारी निर्देशकको नियुक्ति पश्चात औपचारिक रुपमा सुरु भएको संस्थाले आर्थिक वर्षको अन्तिम चौमासिकको वरिपरि सुरु भएको कोरोना भाइरसको महामारीको बावजुद संस्थागत विकासका केहि महत्वपूर्ण कार्य सम्पन्न गरेको थियो । कार्यालय व्यवस्थापन, प्रतिष्ठानको सर्वोच्च निकाय प्रशिक्षण परिषद् र कार्यकारी समितिको बैठक आयोजना, कर्मचारी व्यवस्थापन, कार्यालयको मर्मत संभार र सार्वजनिक निर्माण, रणनैतिक तथा वार्षिक योजना र कार्यक्रम तर्जुमा, प्रतिष्ठानका प्रचारप्रसार सामग्रीको प्रकाशन र वेभसाईटको निर्माण, सवारी साधन तथा मेशिनरी तथा औजारको खरीद आदि बन्दाबन्दीको समय सदुपयोग गरी सम्पन्न भएका कार्यहरू थिए ।

देशमा उत्पन्न विषम परिस्थितिका कारण प्रदेश र स्थानीय तहका लागि आवश्यक प्रशिक्षण कार्यक्रम आयोजना गर्ने वातावरण नभएको भएता पनि प्रशिक्षण र अनुसन्धान कार्य सञ्चालनका लागि संस्थाको पूर्व तयारीको कार्य यस अवधिमा सम्पन्न भएका थिए । प्रतिष्ठानको नियमावलीको तर्जुमा, रणनैतिक योजनाको मस्यौदा तयारी र विज्ञसँगको छलफल, प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीतिको मस्यौदा निर्माण, आ.व. २०७७/७८ को वार्षिक कार्यक्रम तर्जुमा आदि आर्थिक वर्षको छोटो समयमा सम्पन्न भएका थप महत्वपूर्ण कार्य हुन् । प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत प्रादेशिक सुशासन केन्द्र (PCGG) मार्फत सञ्चालन गरिने कार्यक्रमको कार्यान्वयन कार्ययोजना निर्माण एवम् सो कार्यक्रमका लागि खटिई आउने कर्मचारीको व्यवस्थापन, प्रशिक्षण कार्यक्रमका पाठ्यक्रम निर्माण र अन्य नीतिगत तयारी जस्ता कार्यद्वारा चालु आ.व.का क्षमता विकासका कार्य सञ्चालनका पूर्वाधार तयार गरिएको थियो । आर्थिक वर्षको छोटो अवधिमा माथि उल्लेखित कार्यका लागि प्रदेश सरकार बाट प्राप्त कुल रु. ९५,०६,००० मध्ये रु ८६,०५,७४२ अर्थात् ९०.५३ प्रतिशत रकम खर्च भएको थियो । न्यून कर्मचारी, कोरोना भाइरसको महामारी र छोटो अवधिका बावजुद संस्थागत विकास र संस्थागत पूर्वाधार निर्माणका महत्वपूर्ण कार्य सम्पादन गरी चालु आ.व.का लागि जग बसाल्ने काम गत आ.व.मा सम्पन्न भएको थियो । तीनै कार्यहरूको जगमा उभिएर चालु आ.व.का क्रियाकलाप कार्यान्वयन भएका छन् ।

## ४.२ चालु आ.व.को योजना

चालु आर्थिक वर्षका लागि प्रदेश सरकारबाट चालु तर्फ १ करोड ७० लाख १३ हजार र पूँजीगत तर्फ ५० लाख गरी कुल २ करोड २० लाख १३ हजार रुपयाँ विनियोजन भएको थियो । त्यसैगरी प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट प्रादेशिक सुशासन केन्द्रद्वारा खर्च गर्नेगरी कुल १८ करोड २ लाख ५० हजार रुपयाँ विनियोजन भएको थियो । सो रकम मध्ये प्रतिष्ठानको भवन निर्माणका लागि विनियोजित ५ करोड रुपयाँ भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत खर्च गर्नेगरी रकमान्तर भएको थियो ।

प्रदेश समानीकरण अनुदान र संघ ससर्त तर्फको रकमको योजना तर्जुमा गर्दा प्रतिष्ठानको क्षमता विकास कार्यक्रमको संस्थागत अवधारणालाई आधार मानिएको छ। तालिम आवश्यकताको पहिचान गर्ने, प्रशिक्षण सामग्री निर्माण गर्ने, गुणस्तरीय प्रशिक्षण सामग्रीको प्रयोग गरी क्षमता विकासका तालिम कार्यक्रम सञ्चालन गर्ने, सञ्चालित तालिमको फलोअप र अनुगमन गर्ने तथा तालिमको प्रभाव विश्लेषण गर्ने समग्र चक्रलाई योजना तर्जुमा र कार्यक्रम निर्धारणको आधार बनाइएको छ ।

प्रदेश समानीकरण अनुदान तर्फको रकम कर्मचारीको सेवाकालीन र सेवा प्रवेश तालिम एवम् स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीका लागि आवश्यकतामा आधारित प्रशिक्षण सञ्चालन गर्ने, प्रशिक्षण सामग्री निर्माण र प्रकाशन गर्ने तथा अध्ययन अनुसन्धानका कार्य गर्ने गरी विनियोजन गरिएको थियो भने संघ ससर्त अनुदान अन्तर्गत प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम तर्फको बजेट प्रदेश समन्वय समितिद्वारा निर्णय भएका क्रियाकलापमा तोकिएका नतिजाका लागि बाँडफाँट गरिएको थियो । स्थानीय तहको आवधिक योजना र राजस्व सुधार कार्ययोजना तर्जुमा, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी अभिमुखीकरण र लैंगिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण, प्रदेश र स्थानीय तहका पदाधिकारी र कर्मचारीको क्षमता विकास आदि क्रियाकलापका लागि उक्त बजेट बाँडफाँट गरि वार्षिक रणनैतिक कार्ययोजना तर्जुमा गरिएको थियो ।

प्रतिष्ठानले प्रथम रणनैतिक योजनाका आधारमा वार्षिक कार्यक्रम तर्जुमा गर्ने परिपाटी सुरु गरिसकेको छ । रणनैतिक योजनाको पहिलो वर्षका लागि उल्लेख गरिएका क्रियाकलापहरूलाई आधार मानी चालु आ.व.का क्रियाकलाप निर्धारण भएका छन् । यस आ.व.मा संस्थाको रणनैतिक योजनामा समावेश गरिएका क्रियाकलाप देहाय अनुसार छन् ।

## ४.३ आ.व.२०७७/७८ का लागि रणनैतिक योजनामा समावेश क्रियाकलापको सारांश

| वर्ष | प्राथमिकता | क्रियाकलाप |
|---|---|---|
| **पहिलो**<br>आ.व. २०७७/७८ | पूर्वाधार तयारीको वर्ष | १. कार्यालय व्यवस्थापन<br>२. कर्मचारी व्यवस्थापन<br>३. प्रशिक्षण र अनुसन्धान सम्बन्धी नीति तर्जुमा<br>४. प्रतिष्ठानको रणनैतिक योजना तर्जुमा<br>५. संगठन तथा व्यवस्थापन सर्वेक्षण<br>६. क्षमता विकास आवश्यकताको पहिचान<br>७. प्रशिक्षण सामग्री निर्माण<br>८. क्षमता विकास कार्यक्रमको कार्यान्वयन<br>९. अध्ययन, अनुसन्धान, वहस र संवाद<br>१०. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा<br>११. ISO प्रक्रियाको पूर्वाधार निर्माण<br>१२. प्रतिष्ठानको भवन निर्माण (भौतिक पूर्वाधार विकास मन्त्रालय)<br>१३. पुराना संरचनाको मर्मत संभार र कार्यालय परिसरको सौन्दर्यकरण<br>१४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण<br>१५. प्रतिष्ठानको मानव संसाधन विकास |

## ४.४ चालु आ.व.को प्रगति विवरण

आर्थिक वर्ष २०७७/७८ का लागि रणनैतिक योजनामा उल्लेखित क्रियाकलापलाई आधार मानी तयार गरिएको वार्षिक कार्यक्रम अनुसार प्रतिष्ठानले हाँसिल गरेका उपलब्धि निम्नानुसार छन् ।

### (१) प्रशिक्षण कार्यक्रम

प्रशिक्षण प्रतिष्ठानको महत्वपूर्ण कार्य हो । चालु आर्थिक वर्षमा प्रतिष्ठानले प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम तर्फको बजेट मार्फत प्रशिक्षण कार्य सञ्चालन गरेको छ । ती कार्यहरूलाई विस्तृतमा तल उल्लेख गरिएको छ ।

#### (क) प्रतिष्ठान तर्फका नियमित कार्यक्रम (प्रदेश समानीकरण अनुदान)

प्रतिष्ठानले रणनैतिक योजनामा उल्लेखित कार्यक्रमलाई मध्येनजर गरी तयार पारेको वार्षिक योजनामा समावेश गरिएका कर्मचारीको सेवाकालीन र सेवाप्रवेश तालिम, कर्मचारी र जनप्रतिनिधिका क्षमता विकास तालिम, तालिम सामग्री निर्माण तथा

तालिम सञ्चालन, तालिमको अनुगमन, फलोअप जस्ता क्षेत्रमा क्षमता विकासको एकीकृत अवधारणालाई आत्मसात गरी सम्पादन गरेका क्रियाकलाप देहाय बमोजिम छन् ।

(१) **तालिम आवश्यकताको पहिचान**

प्रतिष्ठानले आर्थिक वर्षका लागि क्षमता विकासका कार्यक्रम तय गर्नु भन्दा अगावै स्थानीय तहका तालिम आवश्यकताको पहिचान गरेको थियो । प्रदेशका ११ जिल्लाका १९ नगरपालिका र ४२ गाउँपालिका गरी कुल ६१ ओटा स्थानीय तहहरूसँग टेलिफोन सम्पर्क गरि क्षमता विकास आवश्यकताको अध्ययन गरिएको थियो । अध्ययन गरिएका स्थानीय तहको विवरण निम्नानुसार छ ।

| क्र.सं. | जिल्ला | गाउँपालिका | नगरपालिका |
|---|---|---|---|
| १ | मुस्ताङ | घरपझोङ, थासाङ, बाह्रगाउँ मुक्तीक्षेत्र | |
| २ | म्याग्दी | अन्नपूर्ण, मङ्गला, मालिका, रघुगंगा | बेनी, |
| ३ | पर्वत | जलजला, पैयूँ, महाशिला, मोदी, विहादी | कुश्मा |
| ४ | बाग्लुङ | काठेखोला, बडिगाड, निसीखोला, ताराखोला | बागलुङ, गल्कोट, जैमिनी, ढोरपाटन |
| ५ | स्याङ्जा | फेदीखोला | वालिङ, चापाकोट |
| ६ | कास्की | अन्नपूर्ण, माछापुच्छ्रे, मादी, रुपा | पोखरा |
| ७ | तनहुँ | आँबुखैरेनी, घिरिङ, देवघाट, म्याग्दे, बन्दीपुर | भानु, भिमाद, व्यास |
| ८ | लमजुङ | क्व्होलासोथार, दूधपोखरी, दोर्दी, मर्स्याङ्दी | बेसीशहर, राइनास, सुन्दरबजार |
| ९ | गोरखा | अजिरकोट, गण्डकी, धार्चे, शहिद लखन | गोरखा |
| १० | मनाङ | चामे, नासौं | |
| ११ | नवलपुर | बौदीकाली, बुलिङटार, विनयी त्रिवेणी, हुप्सेकोट | देवचुली, मध्यबिन्दु |
| | **जम्मा** | ४२ | १९ |

उक्त अध्ययनमा स्थानीय तहले प्राथमिकताका रुपमा सार्वजनिक खरीद, स्थानीय आर्थिक विकास, आर्थिक प्रशासन, योजना अनुगमन तथा मूल्याङ्कन, प्रशासनिक सेवा, नव प्रवेशी कर्मचारीहरूको क्षमता विकास, आधारभूत सेवा प्रवाह, सामाजिक विकास तथा सशक्तिकरण र प्राविधिक सेवा सम्बन्धी आवश्यकतालाई उल्लेख गरेका थिए । तिनै आवश्यकताका आधारमा प्रतिष्ठानले चालु आ.व.का लागि प्रतिष्ठानका क्षमता विकासका क्रियाकलाप तय गरेको थियो ।

## (२) प्रशिक्षण सामग्री निर्माण

गुणस्तरीय प्रशिक्षणका लागि गुणस्तरीय प्रशिक्षण सामग्री अनिवार्य सर्त हो । स्थानीय तहको तालिम आवश्यकता अध्ययनबाट प्राप्त नतिजा र प्रदेश सरकारको प्राथमिकताका आधारमा यस आर्थिक वर्षमा सार्वजनिक खरीद, स्थानीय आर्थिक विकास र राजस्व सुधार कार्ययोजना निर्माणसँग सम्बन्धित प्रशिक्षण सामग्री निर्माणको काम सम्पन्न भएको छ । प्रशिक्षकका लागि मार्गदर्शन, तालिम योजना, शत्र योजना, प्रस्तुतीकरण सामग्री, अध्ययन सामग्री र मूल्याङ्कनका औजार समेटिएका उपरोक्त तालिम सामग्री शैक्षणिक योजना (Instructional Design Principle) मा आधारित भएर तयार गरिएका छन् । यसैगरी फोरम अफ फेडरेसनसँगको सहकार्यमा वित्तीय संघीयता र अन्तरसरकार सम्बन्ध सम्बन्धी प्रशिक्षण सामग्री निर्माणको कार्य पनि सम्पन्न भएको छ ।

## ३. तालिम पाठ्यक्रम निर्माण

प्रतिष्ठानले क्षमता विकासका लामो तथा छोटो अवधिका तालिम, अनुशिक्षण, अभिमुखीकरणका लागि निश्चित ढाँचाको अबलम्वन गरी पाठ्यक्रम निर्माण गर्ने पद्दति स्थापित गरेको छ । पाठ्यक्रम निर्माण गर्दा तालिम तथा अभिमुखीकरणका साधारण तथा विशिष्ट उद्देश्यका साथसाथै कार्यान्वयन र नतिजा तहका उद्देश्य समेत किटान गरि सोही मुताविक प्रशिक्षणण विषयवस्तु र प्रशिक्षणका विधि निर्क्यौल गरिन्छ । यसका अलावा, तालिम पश्चातको फलोअप र अनुगमन तथा मूल्याङ्कनका विधि समेत पाठ्यक्रमका विषयवस्तु बन्दछन् ।

प्रतिष्ठानले सहायकस्तरका कर्मचारीको ३ कार्यदिने सेवाकालीन तालिम र ५ कार्यदिने सेवा प्रवेश तालिम पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । सहायकस्तरका कर्मचारीको ३० कार्यदिने सेवाकालीन तालिम पाठ्यक्रम संघीय मामिल तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृत गरी सबै प्रदेशका तालिम केन्द्रमा प्रयोगमा ल्याउन परिपत्र समेत गरेको छ । यो प्रतिष्ठानका लागि गौरवको विषय हो । सेवाकालीन र सेवा प्रवेश तालिम पाठ्यक्रमलाई प्रशिक्षण परिषद् र कार्यकारी समितिले प्रतिष्ठान ऐन बमोजिम स्वीकृत गरेका छन् । सेवाकालीन तालिम १० वटा मोड्यूलमा विभाजित छ भने सेवा प्रवेश तालिमलाई ५ वटा मोड्यूलमा विभाजन गरी कार्यान्वयनमा ल्याइएको छ । सेवाकालीन र सेवाप्रवेश तालिममा समावेश मुख्य विषयवस्तु (मोड्यूल) निम्नानुसार छन् ।

**सेवा प्रवेश तालिम पाठ्यक्रम (३० घण्टा)**

| | | |
|---|---|---|
| **मोड्यूल १**<br>कार्यालय व्यवस्थापन | **मोड्यूल २**<br>स्थानीय तह सञ्चालन र व्यवस्थापन | **मोड्यूल ३**<br>स्थानीय तहको आर्थिक कार्य प्रणाली |
| **मोड्यूल ४**<br>सेवा प्रवाह, सुशासन र सामाजिक जवाफदेहिता | **मोड्यूल ५**<br>विकास व्यवस्थापन | |

नयाँ नियुक्त भई आउने कर्मचारीले कुनै पनि कार्यालयमा सम्पादन गर्नुपर्ने आधारभूत काम र सेवा प्रवाहको लागि आवश्यक दक्षता अभिबृद्धि गर्ने गरी सेवा प्रवेश तालिम पाठ्यक्रम निर्धारण गरिएको छ । विशेषतः स्थानीय तहमा छनौट भई आउने सहायकस्तरका कर्मचारीका लागि लक्षित गरी तयार गरिएको उक्त पाठ्यक्रम जुनसुकै कार्यालयका कर्मचारीका लागि पनि उत्तिकै महत्वपूर्ण रहने विश्वास गरिएको छ ।

प्रतिष्ठानले तयार गरेको सेवाकालीन तालिम पाठ्यक्रमलाई १० वटा मोड्युलमा विभाजन गरिएको छ । कक्षाकोठाको सिकाई र स्थलगत अध्ययनका लागि निर्धारित पाठ्यक्रम देहाय अनुसार रहेको छ ।

## सेवाकालीन तालिम पाठ्यक्रम (१८० घण्टा)

| | | |
|---|---|---|
| **मोड्यूल १**<br>कार्यालय सञ्चालन तथा व्यवस्थापन<br>(१७ घण्टा) | **मोड्यूल २**<br>आर्थिक प्रशासन तथा वित्त व्यवस्थापन<br>(१२ घण्टा ३० मिनेट) | **मोड्यूल ३**<br>सार्वजनिक सेवा प्रवाह र सुशासन<br>(९ घण्टा ३० मिनेट) |
| **मोड्यूल ४**<br>कार्यसम्पादन व्यवस्थापन तथा कार्यक्षमता (Competency) विकास (२० घण्टा) | **मोड्यूल ५**<br>सूचना तथा सञ्चार प्रविधि<br>(८ घण्टा) | **मोड्यूल ६**<br>व्यक्तित्व विकास<br>(९ घण्टा ३० मिनेट) |
| **मोड्यूल ७**<br>समसामयिक सवालहरू<br>(१२ घण्टा ३० मिनेट) | **मोड्यूल ८**<br>विकास व्यवस्थापन<br>(२३ घण्टा) | **मोड्यूल ९**<br>स्थानीय तह सञ्चालन र व्यवस्थापन<br>(१८ घण्टा ३० मिनेट) |
| | **मोड्यूल १०**<br>स्थलगत अध्ययन, प्रस्तुतीकरण र विषयगत परीक्षा<br>(४९ घण्टा ३० मिनेट) | |

३० कार्यदिने सेवाकालीन तालिम पाठ्यक्रम व्यवहारिक र नतिजा केन्द्रित छ । यस पाठ्यक्रमले कार्यालय सञ्चालनका आधारभूत कुराहरू र विकासका समसामयिक विषयवस्तुका अलावा कर्मचारीको व्यक्तित्व विकासका बहुआयामिक पक्षहरूलाई सम्बोधन गर्दछ । विषय विज्ञ मार्फत सञ्चालन गरिने यस तालिमले सहायकस्तरका कर्मचारीको वृत्तिविकासका साथै कार्यसम्पादनको स्तर अभिबृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ ।

### (४) तालिम सामग्रीको प्रमाणीकरण

तालिम सामग्रीको गुणस्तर शुनिश्चितताका लागि प्रमाणीकरण जरुरी हुन्छ । यस आर्थिक वर्षमा निर्माण गरिएका ४ वटा प्रशिक्षण सामग्री मध्ये स्थानीय आर्थिक विकास मोड्यूलको प्रमाणीकरण सम्पन्न भएको छ। स्याङ्जाको गल्याङ नगरपालिका, म्याग्दीको बेनी नगरपालिका, लमजुङको क्व्योलासोथार गाउँपालिका र कास्कीको रुपा गाउँपालिकामा स्थानीय आर्थिक विकासको प्रशिक्षण सञ्चालन गरी प्रशिक्षण सामग्रीमा आवश्यक परिमार्जन गर्ने काम सम्पन्न भएको छ । हरेक प्रशिक्षण सामग्रीको कम्तिमा ३ पटक प्रमाणीकरण गर्ने प्रतिष्ठानको नीति अनुरुप उपरोक्त प्रमाणीकरण तालिम सञ्चालन गरिएका हुन् ।






### (५) कर्मचारीको सेवाकालीन तालिम

सहायकस्तरका कर्मचारीको वृत्ति वकास एवम् क्षमता अभिबृद्धिको उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा स्वीकृत मापदण्डका आधारमा प्रदेश तथा स्थानीय तहमा कार्यरत ११६ जना कर्मचारीका लागि ४ वटा समूहमा ३० कार्यदिने सेवाकालीन तालिम सम्पन्न भएको छ ।




जम्मा १२० जना सहायकस्तरका कर्मचारीलाई तालिम प्रदान गर्ने लक्ष्य राखिएकोमा यस आर्थिक वर्षमा ११६ जना यस तालिमबाट लाभान्वित भएका छन् । यसबाट लक्ष्यको ९७ प्रतिशत उपलब्धि हाँसिल भएको छ ।




दुई वटा समूहमा समानान्तर रुपमा सञ्चालित उपरोक्त तालिमको पहिलो र दोस्रो समूह मिति २०७७/०९/२२ मा शुरु

भई २०७७/१०/२८ मा सम्पन्न भएको थियो भने तेस्रो र चौथो समूहको तालिम मिति २०७७/११/१९ मा सुरु भई २०७७/१२/२७ मा सम्पन्न भएको थियो। ३० कार्य दिन सञ्चालित तालिम प्रतिदिन बिहान ७:०० बजे देखि अपरान्ह १:३० बजेसम्मको अवधिमा सञ्चालन भएको थियो भने हरेक दिन ९० मिनेटका ४ वटा सत्र सञ्चालन गरिएको थियो। तालिम सहभागीको विस्तृत विवरण निम्नानुसार छ।










उपरोक्त चार्ट अनुसार पहिलो समूहमा सञ्चालित तालिममा १४ महिला र ४१ पुरुष गरी जम्मा ५५ जना कर्मचारीको सहभागिता रहेको थियो भने दोस्रो समूहमा १९ महिला र ४२ पुरुष गरी जम्मा ६१ जनाको सहभागिता रहेको थियो। पहिलो समूहमा सहायकस्तर पाचौं र दोस्रो समूहमा सहायकस्तर चौथो तहका कर्मचारीलाई अगल अलग समूह बनाई तालिम प्रदान गरिएको थियो भने तेस्रो र चौथो समूहमा दुबै समूहका कर्मचारीलाई सँगै तालिम दिइएको थियो। गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङले दुवै तालिमको उद्घाटन गरी कर्मचारीलाई मार्गनिर्देशन तथा हौसला प्रदान गर्नुभएको थियो।




## (६) कर्मचारीको सेवा प्रवेश तालिम


गत वर्ष सेवा प्रवेश गरेका तर कुनै पनि किसिमको सेवा प्रवेश सम्बन्धी तालिम तथा अभिमुखीकरणको अवसर प्राप्त नगरेका सहायकस्तरका कर्मचारीका लागि ५ दिने सेवा प्रवेश तालिम ७ वटा समूहमा सम्पन्न भएको छ । भर्चुअल र भौतिक उपस्थिति दुवै माध्यमबाट सञ्चालन गरिएको उक्त तालिमबाट ११ जिल्लाका ६१ स्थानीय तहबाट २६३ जना लाभान्वित भएका छन् । कुल सहभागी मध्ये १०३ जना महिला कर्मचारी रहेका थिए । सहभागीको विस्तृत विवरण देहाय बमोजिम रहेको छ ।




यस आर्थिक वर्षका लागि जम्मा १२० जना कर्मचारीलाई सेवा प्रवेश तालिम प्रदान गर्ने लक्ष्य राखिएकोमा २६३ कर्मचारी यसबाट लाभान्वित भएका छन । कास्कीको मादी र रुपा गाउँपालिकाको अनुरोधमा प्राविधिक कर्मचारीका लागि ५ दिने आधारभूत इन्जिनियरिङ तालिम भौतिक उपस्थितिमा सञ्चालन गरिएको थियो भने तनहुँको व्यास नगरपालिकाको अनुरोधमा नगरपालिकाका विभिन्न वडामा कार्यरत सचिव र अन्य कर्मचारीका लागि सहभागीको भौतिक उपस्थितिमा कार्यालय सञ्चालन तथा व्यवस्थापन विषयक तालिम सञ्चालन गरिएको



थियो । बाँकी ५ वटा तालिम भर्चुअल विधिबाट सञ्चालन गरिएको थियो । जिल्लागत रुपमा तालिममा सहभागी कार्यरत स्थानीय तहको विवरण निम्नानुसार छ ।




गोरखा, लमजुङ र तनहुँबाट आठ ओटा स्थानीय तहका कर्मचारी उक्त तालिममा सहभागी भएका थिए भने सबै भन्दा कम स्थानीय तहको प्रतिनिधित्व मनाङबाट भएको थियो ।

### (७) स्थानीय तहको क्षमता विकास तालिम




स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीको क्षमता अभिबृद्धिका लागि मुस्ताङ जिल्लाको लोमान्थाङ गाउँपालिकामा सम्पत्ति कर कार्यान्वयन सम्बन्धी ३ दिने तालिम मिति २०७८ वैशाख १८ देखि २० सम्म सम्पन्न भएको छ । गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र कर्मचारीको सहभागिता रहेको उक्त तालिमले गाउँपालिकाको सम्पत्ति कर कार्यान्वयन क्षमतामा अभिबृद्धि गरेको छ । अध्यक्ष तथा उपाध्यक्षको रोहवरमा तयार पारिएको सम्पत्ति कर कार्यान्वयन कार्ययोजनाले गाउँपालिकालाई आगामी आर्थिक वर्षदेखि सम्पत्ति कर लागु गर्ने आधार तयार गरेको छ ।



प्रदेश तथा स्थानीय तहका विकास र समृद्धिका लक्ष्य प्राप्तिमा योगदान गर्ने उद्देश्यले कास्कीको रुपा गाउँपालिका र म्याग्दीको बेनी नगरपालिकामा स्थानीय आर्थिक विकास सम्बन्धी प्रशिक्षण सम्पन्न भएको छ । जनप्रतिनिधि र कर्मचारीको सहभागितामा सञ्चालित उक्त तालिममा स्थानीय तहले वर्तमानमा कार्यान्वयन गरेका आर्थिक विकासका क्रियाकलापको लेखाजोखा गर्ने, संभावित आर्थिक क्रियाकलापको पहिचान गर्ने र आर्थिक विकासको निर्दिष्ट योजना तयार गर्ने काम सम्पन्न भएको छ । उक्त प्रशिक्षणले स्थानीय तहहरूलाई आफ्नो आवधिक र दीर्घकालीन योजनासँग तादम्यता कायम गरी स्थानीय आर्थिक समृद्धिका क्रियाकलाप कार्यान्वयमा योगदान गर्ने विश्वास लिइएको छ ।






### (ख) प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) - संघ सशर्त अनुदान

### १. परिचय

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) नेपालको संघीयता कार्यान्वयनमा सहयोग गर्न प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता विकास गर्ने उद्देश्यले नेपाल सरकारद्वारा सञ्चालित राष्ट्रिय कार्यक्रम हो । यो कार्यक्रम नेपाल सरकारको तर्फबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत ७ वटै प्रदेश र ७५३ वटै स्थानीय तहमा सम्बन्धित प्रदेश सरकार मार्फत कार्यान्वयन भइरहेको छ । प्रदेश सरकार तथा स्थानीय तहको शासन व्यवस्थालाई

क्रियाशिल, दीगो, समावेशी र उत्तरदायी बनाउने यस कार्यक्रमको दीर्घकालिन लक्ष्य रहेको छ भने प्रदेश तथा स्थानीय तहबाट गुणस्तरीय सेवा प्रवाह गर्ने तथा स्थानीय विकास र आर्थिक समृद्धिको लागि योगदान गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ। यस कार्यक्रमको लक्ष्य र उद्देश्य हाँसिल गर्न प्रदेश तथा स्थानीय तहको संस्थागत विकास, जनप्रतिनिधिहरूको नेतृत्व विकास तथा कर्मचारीहरूको क्षमता विकासका लागि विभिन्न क्रियाकलापहरू प्रदेश स्तरको बार्षिक रणनैतिक कार्यान्वयन योजना बनाई कार्यान्वयन भइरहेको छ।

कार्यक्रमको समग्र समन्वयका लागि संघ स्तरमा कार्यक्रम समन्वय इकाईको व्यवस्था गरिएको छ भने कार्यक्रम कार्यान्वयनका लागि प्रदेश स्तरमा प्रदेश कार्यक्रम कार्यान्वयन इकाई तथा प्रदेश सुशासन केन्द्र (गण्डकी प्रदेशमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान) को व्यवस्था गरिएको छ। नेपाल सरकार र विकास साझेदारहरू (संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम लगायत अन्य यु.एन. एजेन्सीहरू, वेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभाग, यूरोपियन युनियन, नर्वेजियन सरकार र स्वीस विकास तथा सहयोय नियोगको संयुक्त आर्थिक योगदान तथा यु.एन.डि.पि.को प्राविधिक सहयोगमा आ.व. २०७६/७७ मा शुरु भएको यो कार्यक्रम वि.सं. २०८० सम्म सञ्चालन हुनेछ।

## २. प्रगति विवरण

### २.१ प्रशिक्षणका लागि अवधारणा पत्र र पाठ्यक्रम निर्माण

प्रतिष्ठानद्वारा सञ्चालन गरिने सबै कार्यक्रममा एकरूपता कायम गर्ने तथा कार्यक्रमको गुणस्तर सुनिश्चित गर्ने अभिप्रायले कार्यक्रम सञ्चालन पूर्व कार्यक्रमको औचित्य, उद्देश्य, कार्यक्रमका लक्षित सहभागी, कार्यक्रम कार्यान्वयन विधि र प्रक्रिया, कार्यक्रमको बजेट, कार्यक्रम योजना र कार्यक्रमको अनुगमन तथा फलोअप विधि सहितको अवधारणा पत्र र सो कार्यक्रमका साधारण र निर्दिष्ट उद्देश्य प्राप्तिका लागि आवश्यक विषयवस्तु सहितको पाठ्यक्रम तयार गरी कार्यक्रम सञ्चालन गर्ने पद्दतिको विकास गरिएको छ। हालसम्म प्रतिष्ठानले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत प्रदेश स्तरीय कार्यक्रमका लागि १३ वटा र स्थानीय तहका लागि २१ वटा गरी जम्मा ३४ वटा अवधारणा पत्र र पाठ्यक्रम तयार गरी सोका आधारमा प्रशिक्षण, अनुशिक्षण तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ। पाठ्यक्रमको विस्तृवत विवरण निम्नानुसार छ।

| क्र.सं. | शीर्षक/बिषय | अवधि |
|---|---|---|
| **प्रदेश स्तरीय** | | |
| १ | मन्त्रिपरिषद्मा पेश गर्ने प्रस्ताव लेखन तालिम | २ दिन |
| २ | वित्तीय अनुशासन सम्बन्धी तालिम | ३ दिन |
| ३ | प्रदेश तहका कर्मचारीहरूका लागि सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी तालिम | ३ दिन |
| ४ | कोभिड संवेदनशील सेवाप्रवाह सम्बन्धी अनुशिक्षण | १ दिन |
| ५ | कोभिड संवेदनशील सेवाप्रवाह तथा आतिथ्यता सम्बन्धी अभिमुखीकरण | २ दिन |
| ६ | कोभिड संवेदनशील सेवाप्रवाह तथा भि.आइ.पि. सवारी सुरक्षा सम्बन्धी अभिमुखीकरण | १ दिन |
| ७ | स्वयंसेवक परिचालन सम्बन्धी अनुशिक्षण | १ दिन |
| ८ | कार्यशर्त लेखन सम्बन्धी अभिमुखीकरण | १ दिन |
| ९ | स्थानीय तहको आवधिक योजना तर्जुमा सहजीकरण सम्बन्धी सहजकर्ता अभिमुखीकरण | २ दिन |
| १० | LISA सम्बन्धी सहजकर्ताहरूलाई अभिमुखीकरण (ToT) | ३ दिन |
| ११ | स्थानीय तहमा लैससास अभिमुखीकरणका लागि सहजकर्ता प्रशिक्षण (ToT) | १ दिन |
| १२ | स्थानीय तहको लैससास परीक्षणका लागि सहजकर्ता प्रशिक्षण (ToT) | १ दिन |
| १३ | Website update सम्बन्धी तालिम | ३ दिन |
| **स्थानीय तह स्तरीय** | | |
| १ | स्थानीय तहको विधायन समितिलाई कानून तर्जुमा सम्बन्धी तालिम | २ दिन |
| २ | स्थानीय तहको न्यायिक समितिको लागि तालिम | २ दिन |
| ३ | स्थानीय तहको लैससास मूलप्रवाहीकरण सम्बन्धी अभिमुखीकरण | २ दिन |
| ४ | स्थानीय तहको लैससास परीक्षण सहजीकरण (अभिमुखीकरण समेत) | ३ दिन |
| ५ | स्थानीय तहको राजस्व परामर्श समितिका लागि अनुशिक्षण | १ दिन |
| ६ | स्थानीय आर्थिक विकास सम्बन्धी तालिम | २ दिन |
| ७ | वडा समितिका सदस्य तथा कर्मचारीहरूलाई स्थानीय सेवा प्रवाह सम्बन्धी तालिम | २ दिन |
| ८ | सम्पत्ति कर कार्यान्वयन सम्बन्धी प्रशिक्षण | ३ दिन |
| ९ | स्थानीय तहमा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी अभिमुखीकरण | १ दिन |
| १० | स्थानीय तहमा सामाजिक जवाफदेहिता औजारको प्रयोग सम्बन्धी तालिम | १ दिन |
| ११ | स्थानीय तहका प्राविधिक कर्मचारीका लागि क्षमता विकास तालिम | ५ दिन |
| १२ | स्थानीय तहमा सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी तालिम | ३ दिन |
| १३ | स्थानीय तहमा बैठक व्यवस्थापन, कार्यशर्त र प्रस्ताव लेखन सम्बन्धी तालिम | २ दिन |

| क्र.सं. | शीर्षक ⁄ बिषय | अवधि |
|---|---|---|
| १४ | विपद् जोखिम न्यूनीकरण सम्बन्धी तालिम | ३ दिन |
| १५ | LISA सहजीकरण (अभिमुखीकरण समेत) | ३ दिन |
| १६ | स्थानीय तहका सूचना अधिकृतका लागि GIS तालिम | ६ दिन |
| १७ | स्थानीय तहमा लैससास मूलप्रवाहीकरण सम्बन्धी अभिमुखीकरण | २ दिन |
| १८ | स्थानीय तहको लैससास परीक्षण सहजीकरण | ३ दिन |
| १९ | स्थानीय तहको राजस्व सुधार कार्ययोजना निर्माण सहजीकरण | ७ दिन |
| २० | स्थानीय तहका लागि प्रस्ताव लेखन सम्बन्धी अभिमुखीकरण | २ दिन |
| २१ | जिल्ला समन्वय समितिका पदाधिकारीहरूका लागि अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अभिमुखीकरण | २ दिन |

## २.२ जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास प्रशिक्षण


प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका विभिन्न प्रतिफल अन्तर्गत प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिबृद्धि एवम् परामर्शदाताका लागि अभिमुखीकरण र प्रशिक्षक प्रशिक्षण गरि यस आर्थिक वर्षमा जम्मा १०५ वटा तालिम सञ्चालन भएका छन् । यी तालिम तथा अभिमुखकिरणबाट जम्मा ४३१८ जना लाभान्वित भएका छन् । तालिमको विस्तृत विवरण निम्नानुसार छ ।

| S.N. | Name of activity | District | Target (Name of local level/others) | Date | No. of Participants | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | Male | Female | Total |
| 1 | Cabinet proposal writing training | Kaski | Ministries at Gandaki Province | 20-21 Sep. 2020 | 17 | 7 | 24 |
| 2 | Fiscal Accountability | Kaski | Offices of provincial government | 22-24 Sep. 2020 | 19 | 3 | 22 |
| 3 | COVID Sensitive Service Delivery | Kaski | Offices of Gandaki Province | 12 Nov. 2020 | 45 | 25 | 70 |
| 4 | COVID Sensitive Service Delivery | Kaski | Offices of Gandaki Province | 23 Nov. 2020 | 50 | 30 | 80 |
| 5 | Fiscal Accountability | Kaski | Offices of provincial government | 9-11 Dec. 2020 | 17 | 3 | 20 |
| 6 | Fiscal Accountability | Syangja, Tanahun and Parbat | Offices of provincial government | 16-18 Dec. 2020 | 20 | 2 | 22 |
| 7 | TOR Writing | Kaski | Ministries and Directorates | 1st Jan., 2020 | 18 | 11 | 29 |


| S.N. | Name of activity | District | Target (Name of local level/others) | Date | No. of Participants | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | Male | Female | Total |
| 8 | Volunteers' Orientation | Kaski | Volunteers | 10 January, 2021 | 40 | 36 | 76 |
| 9 | Hospitality Management Training for Office Assistant | Kaski | Office Assistants | 12-13 January 2021 | 12 | 8 | 20 |
| 10 | Hospitality Management Training for Office Assistant | Kaski | Office Assistants | 21-22 January, 2021 | 10 | 13 | 23 |
| 11 | Hospitality Management Training for Drivers | Kaski | Drivers | 30 January, 2021 | 25 | 0 | 25 |
| 12 | Orientation on Periodic Plan Preparation (Event 1) | Kaski | CAO, Mayor/ Chairperson, Consultants | 31 Jan. - 01 Feb. 2021 | 53 | 10 | 63 |
| 13 | Orientation on Periodic Plan Preparation (Event 2) | Kaski | CAO, Mayor/ Chairperson, Consultants | 7-8 Feb. 2021 | 36 | 3 | 39 |
| 14 | Orientation on Periodic Plan Preparation (Event 3) | Kaski | CAO, Mayor/ Chairperson, Consultants | 9-10 Feb. 2021 | 34 | 3 | 37 |
| 15 | LISA TOT | Kaski | CAO, DCO, Consultants | 19-21 Feb., 2021 | 56 | 8 | 64 |
| 16 | Local Economic Development | Syangja | Executive body and enterpreneurs | 23-25 Feb. 2021 | 44 | 7 | 51 |
| 17 | Monitoring and Evaluation | Tanahun DCC | DCC members | 2 March, 2021 | 21 | 14 | 35 |
| 18 | Local Economic Development | Lamjung | Khyolasothar Rural Municipality | 5-7 March, 2021 | 21 | 12 | 33 |
| 19 | GESI mainstreaming training | Kaski | Madi Rural Municipality | 8 March, 2021 | 22 | 38 | 60 |
| 20 | Internal Control System training | Kaski | Rupa Rural Municipality | 30 March, 2021 | 39 | 9 | 48 |
| 21 | ToT on GESI mainstreaming | Kaski | Consultants | 30 March, 2021 | 6 | 12 | 18 |
| 22 | Internal Control System training | Kaski | Annapurna Rural Municipality | 22 April, 2021 | 20 | 8 | 28 |
| 23 | TOT on GESI Audit | Kaski | Consultants | 22 April, 2021 | 8 | 11 | 19 |
| 24 | GIS Training (Event 1) | Kaski | IT officers | 18-23 April, 2021 | 24 | 2 | 26 |
| 25 | GESI Mainstreaming 2 days training | Syangja | Kaligandaki RM | 17-18 April, 2021 | 20 | 16 | 36 |
| 26 | GESI Mainstreaming 2 days training | Magdi | Beni M | 14-15 April, 2021 | 26 | 27 | 53 |

| S.N. | Name of activity | District | Target (Name of local level/others) | Date | No. of Participants | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | Male | Female | Total |
| 27 | GESI Mainstreaming 2 days training | Nawalparasi | Baudikalika RM | 18-19 April, 2021 | 18 | 12 | 30 |
| 28 | GESI Mainstreaming 2 days training | Syangja | Putalibazar M | 23-24 April, 2021 | 26 | 16 | 42 |
| 29 | GESI Mainstreaming 2 days training | Syangja | Gaylang M | 19-20 April, 2021 | 34 | 29 | 63 |
| 30 | GESI Mainstreaming 2 days training | Tanahu | Devghat RM | 18-19 April, 2021 | 33 | 20 | 53 |
| 31 | GESI Mainstreaming 2 days training | Tanahu | Aabukharani RM | 28-29 April, 2021 | 24 | 22 | 46 |
| 32 | GESI Mainstreaming 2 days training | Lamjung | Besishahar M | 29-30 April, 2021 | 22 | 23 | 45 |
| 33 | GESI Mainstreaming 2 days training | Gorkha | Shaid lakhen RM | 21-22 April, 2021 | 26 | 22 | 48 |
| 34 | GESI Mainstreaming 2 days training | Baglung | Tarakhola RM | 21-22 April, 2021 | 21 | 19 | 40 |
| 35 | GESI Mainstreaming 2 days training | Manang | Chame RM | 21-22 April, 2021 | 23 | 17 | 40 |
| 36 | GESI Mainstreaming 2 days training | Manang | Nason RM | 9-10 May, 2021 | 23 | 20 | 43 |
| 37 | GESI Mainstreaming 2 days training | Manang | Narpha Bhumi RM | 28-29 April, 2021 | 21 | 15 | 36 |
| 38 | GESI Mainstreaming 2 days Training | Manang | Manang, Ngisyang RM | 7-8 June, 2021 | 20 | 6 | 26 |
| 39 | Medium Term Expenditure Framework Training (Event 1) | Disctricts | Local Levels | 21-22 June, 2021 | 45 | 23 | 68 |
| 40 | Medium Term Expenditure Framework Training (Event 2) | Disctricts | Local Levels | 21-22 June 2021 | 64 | 32 | 96 |
| 41 | LISA Training | 11 Districts | 60 Local Levels | Various Dates | 1764 | 722 | 2486 |
| 42 | Training to Revenue Advisory Committee | Gorkha | 11 Local Levels | | 9 | 21 | 30 |
| 43 | Local Services Delivery Training | Mustang | Lo-Ghekar Damodarkunda Rural Municipality | 3-May-21, 2021 | 10 | 11 | 21 |
| 44 | Local Services Delivery Training | Nawalparasi | Bulingtar Rural Municipality | 1-2 May, 2021, 2021 | 17 | 16 | 33 |
| 45 | Local Services Delivery Training | Parbat | Paiyun Rural Municipality | 4-5 May, 2021 | 21 | 3 | 24 |
| 46 | Local Services Delivery Training | Parbat | Bihadi Rural Municipality | 10-11 May, 2021 | 22 | 5 | 27 |
| **Total** | | | | | **2946** | **1372** | **4318** |

तालिम कार्यक्रममा सहभागी महिला पुरुषको विवरण निम्नानुसार छ।




विभिन्न क्षमता विकास कार्यक्रममा सहभागी भएका कुल ४३१८ सहभागी मध्ये १३७२ जना अर्थात् ३२% महिला सहभागी रहेका छन्।



**यस आर्थिक वर्षमा सम्पन्न भएका क्षमता विकास कार्यक्रमको सारांश निम्नानुसार छ ।**

| प्रगति सारांशः प्रशिक्षण तथा सवाल केन्द्रित संवाद | | | |
|---|---|---|---|
| **विवरण** | **सहभागी** | **बजेटको श्रोत** | **संख्या** |
| सेवाकालीन तालिम | ११६ जना | प्रतिष्ठान तर्फ | ४ वटा |
| कर्मचारीको सेवा प्रवेश तालिम | २६३ जना | प्रतिष्ठान तर्फ | ७ वटा |
| जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास तालिम | ९६ जना | प्रतिष्ठान तर्फ | ३ वटा |
| सवाल केन्द्रित संवाद | १३४ जना | प्रतिष्ठान तर्फ | २ वटा |
| PLGSP अन्तर्गतका तालिमहरू | ४३१८ जना | PLGSP | १०५ वटा |
| **जम्मा लाभान्वित** | **४९२७ जना** | | **१२१ वटा** |

## २.३ स्थानीय तहको आवधिक योजना निर्माण

प्रदेश अन्तर्गतका सबै स्थानीय तहहरूको आवधिक योजना तर्जुमा गर्न सहयोग गर्ने प्रदेश सरकारको योजना अनुसार प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको आर्थिक सहयोगमा गण्डकी प्रदेशका ९ वटा जिल्लाका ४२ वटा स्थानीय तहलाई प्रतिष्ठान मार्फत आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने गरी समझदारी भएको थियो । स्थानीय तहद्वारा छनौट गरिएका परामर्शदाताहरूलाई प्रदेश नीति तथा योजना आयोगले तयार गरेको ढाँचामा आवधिक योजना तर्जुमा गर्नका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी आवधिक योजना निर्माणको काम अगाडि बढेको थियो । प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम र स्थानीय तहको लागत साझेदारीमा निर्माण गरिने उक्त योजनाका लागि प्रतिष्ठान मार्फत रु. ५ लाख आर्थिक सहयोग गर्ने गरी स्थानीय तह र प्रतिष्ठानका बीच सहमति पत्रमा हस्ताक्षर भएको थियो । आवधिक योजना निर्माणमा समझदारी गरिएका स्थानीय तहको विवरण निम्नानुसार छ ।

| क्र.सं. | जिल्ला | स्थानीय तह | क्र.सं. | जिल्ला | स्थानीय तह |
|---|---|---|---|---|---|
| १ | गोरखा | बारपाक सुलिकोट गाउँपालिका | २२ | मुस्ताङ | घरपझोङ गाउँपालिका |
| २ | गोरखा | आरुघाट गाउँपालिका | २३ | मुस्ताङ | थासाङ गाउँपालिका |
| ३ | गोरखा | भिमसेनथापा गाउँपालिका | २४ | मुस्ताङ | लो–घेकर दामोदरकुण्ड गाउँपालिका |
| ४ | लमजुङ | बेसीशहर नगरपालिका | २५ | म्याग्दी | अन्नपूर्ण गाउँपालिका |
| ५ | लमजुङ | मध्यनेपाल नगरपालिका | २६ | म्याग्दी | धवलागिरी गाउँपालिका |
| ६ | लमजुङ | राइनास नगरपालिका | २७ | म्याग्दी | मंगला गाउँपालिका |
| ७ | लमजुङ | सुन्दरबजार नगरपालिका | २८ | म्याग्दी | मालिका गाउँपालिका |

| क्र.सं. | जिल्ला | स्थानीय तह | क्र.सं. | जिल्ला | स्थानीय तह |
|---|---|---|---|---|---|
| ८ | लमजुङ | क्व्होलासोथार गाउँपालिका | २९ | पर्वत | कुश्मा नगरपालिका |
| ९ | लमजुङ | दूधपोखरी गाउँपालिका | ३० | पर्वत | जलजला गाउँपालिका |
| १० | लमजुङ | मर्स्याङ्दी गाउँपालिका | ३१ | पर्वत | विहादी गाउँपालिका |
| ११ | तनहुँ | व्यास नगरपालिका | ३२ | बागलुङ | बागलुङ नगरपालिका |
| १२ | तनहुँ | शुक्लागण्डकी नगरपालिका | ३३ | बागलुङ | ढोरपाटन नगरपालिका |
| १३ | तनहुँ | आँबुखैरेनी गाउँपालिका | ३४ | बागलुङ | वरेङ गाउँपालिका |
| १४ | तनहुँ | ऋषिङ गाउँपालिका | ३५ | नवलपरासी | कावासोती नगरपालिका |
| १५ | तनहुँ | घिरिङ गाउँपालिका | ३६ | नवलपरासी | गैंडाकोट नगरपालिका |
| १६ | तनहुँ | देवघाट गाउँपालिका | ३७ | नवलपरासी | देवचुली नगरपालिका |
| १७ | तनहुँ | बन्दिपुर गाउँपालिका | ३८ | नवलपरासी | मध्यबिन्दु नगरपालिका |
| १८ | स्याङ्जा | गल्याङ नगरपालिका | ३९ | नवलपरासी | बौदीकाली गाउँपालिका |
| १९ | स्याङ्जा | चापाकोट नगरपालिका | ४० | नवलपरासी | बुलिङटार गाउँपालिका |
| २० | स्याङ्जा | बिरुवा गाउँपालिका | ४१ | नवलपरासी | विनयी–त्रिवेणी गाउँपालिका |
| २१ | स्याङ्जा | कालीगण्डकी गाउँपालिका | ४२ | नवलपरासी | हुप्सेकोट गाउँपालिका |

संघीय सरकारको पन्ध्रौं आवधिक योजना र प्रदेश सरकारको प्रथम पञ्चवर्षिय योजनासँग तादम्यता कायम गरी स्थानीय तहको आवधिक योजना निर्माणमा सहजीकरण गर्न प्रदेश नीति तथा योजना आयोग, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रतिष्ठानको सहभागितामा एक सहजीकरण समिति निर्माण गरिएको थियो भने सो समितिले योजनाको गुणस्तर सुनिश्चित गर्ने कार्य समेत गरेको थियो । यस आर्थिक वर्षमा २५ स्थानीय तहले आवधिक योजना तर्जुमा गरी प्रतिष्ठान बाट भुक्तानी लिएका छन् । आवधिक योजना निर्माण गरेका स्थानीय तहको विवरण निम्नानुसार छ ।

| क्र.सं. | जिल्ला | स्थानीय तह | क्र.सं. | जिल्ला | स्थानीय तह |
|---|---|---|---|---|---|
| १ | गोरखा | आरुघाट गाउँपालिका | १४ | नवलपरासी | विनयी त्रिवेणी गाउँपालिका |
| २ | गोरखा | बारपाक सुलिकोट गाउँपालिका | १५ | नवलपरासी | बुलिङटार गाउँपालिका |
| ३ | गोरखा | भिमसेन थापा गाउँपालिका | १६ | नवलपरासी | बौदीकाली गाउँपालिका |
| ४ | लमजुङ | दूधपोखरी गाउँपालिका | १७ | नवलपरासी | देवचुली गाउँपालिका |
| ५ | लमजुङ | क्व्होलासोथार गाउँपालिका | १८ | नवलपरासी | मध्यबिन्दु गाउँपालिका |
| ६ | लमजुङ | मर्स्याङदी गाउँपालिका | १९ | पर्वत | कुस्मा नगरपालिका |

| क्र.सं. | जिल्ला | स्थानीय तह | क्र.सं. | जिल्ला | स्थानीय तह |
|---|---|---|---|---|---|
| ७ | स्याङजा | चापाकोट नगरपालिका | २० | पर्वत | जलजला गाउँपालिका |
| ८ | स्याङजा | गल्याङ नगरपालिका | २१ | म्याग्दी | धवलागिरी गाउँपालिका |
| ९ | स्याङजा | कालिगण्डकी गाउँपालिका | २२ | म्याग्दी | मंगला गाउँपालिका |
| १० | तनहुँ | व्यास नगरपालिका | २३ | मुस्ताङ | थासाङ गाउँपालिका |
| ११ | तनहुँ | ऋसिङ गाउँपालिका | २४ | मुस्ताङ | लो-घेकर दामोदरकुण्ड गाउँपालिका |
| १२ | तनहुँ | घिरिङ गाउँपालिका | २५ | मुस्ताङ | घरपझोङ गाउँपालिका |
| १३ | तनहुँ | देवघाट गाउँपालिका | | | |


## २.४ लैससास अभिमुखीकरण


लैंगिक समानता र सामाजिक समावेशीकरणको क्षेत्रमा नेपालको कानून प्रगतिशील भएता पनि, भौगोलिक विकटता, परम्परागत मूल्यमान्यता, स्थानीय स्तरमा तालिम तथा जनचेतनामूलक कार्यक्रमको कमी एवम् स्थानीय तहमा स्पष्ट कार्यविधिको अभावका कारण व्यवहारिक रुपमा अझै समस्या विद्यमान छन् । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि नेपाल सरकारले प्रतिबद्दता जनाएका अन्तराष्ट्रिय सन्धी, महासन्धि तथा कार्ययोजनालाई अंगिकार गर्दै यस प्रदेश अन्तर्गतका सबै स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्न स्थानीय तहमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको हो । यस आर्थिक वर्षमा १५ स्थानीय तहमा सो कार्यक्रम सम्पन्न भएको छ । लैंससास मूलप्रवाहीकरण सम्बन्धी २ दिने कार्यक्रम सम्पन्न भएका स्थानीय तहको विवरण निम्नानुसार छ ।

| क्र.सं. | जिल्ला | स्थानीय तह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | स्याङ्जा | कालीगण्डकी गाउँपालिका | १६ | २० | ३६ |
| २ | स्याङ्जा | पुतली बजार नगरपालिका | १६ | २६ | ४२ |
| ३ | स्याङ्जा | गल्याङ नगरपालिका | ३४ | २९ | ६३ |
| ४ | गोर्खा | शहीद लखन गाउँपालिका | २२ | २६ | ४८ |
| ५ | लमजुङ | बेसीशहर नगरपालिका | २३ | २२ | ४५ |
| ६ | म्याग्दी | बेनी नगरपालिका | २७ | २६ | ५३ |
| ७ | नवलपुर | बौद्धिकाली गाउँपालिका | १२ | १८ | ३० |
| ८ | तनहुँ | देवघाट गाउँपालिका | २० | ३३ | ५३ |

| क्र.सं. | जिल्ला | स्थानीय तह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| ९ | तनहुँ | आँबुखैरेनी गाउँपालिका | २४ | २२ | ४६ |
| १० | बाग्लुङ | ताराखोला गाउँपालिका | २१ | १९ | ४० |
| ११ | मनाङ | चामे गाउँपालिका | १७ | २३ | ४० |
| १२ | कास्की | मादी गाउँपालिका | २२ | ३८ | ६० |
| १३ | मनाङ | नासों गाउँपालिका | २३ | २० | ४३ |
| १४ | मनाङ | नार्पाभूमि गाउँपालिका | २१ | १५ | ३६ |
| १५ | मनाङ | ङिस्याङ गाउँपालिका | २० | ६ | २६ |
| | | **जम्मा** | **३१८** | **३४३** | **६६१** |

कुल ९ वटा जिल्लाका १५ स्थानीय तहमा सञ्चालित उक्त कार्यक्रमबाट जम्मा ६६१ जना जनप्रतिनिधि तथा कर्मचारी लाभान्वित भएका छन् । जसमध्ये ४८ प्रतिशत महिला सहभागिता रहेको छ ।




लैंगिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण सम्बन्धी नीतिनियमहरूको प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सहजीकरण गर्ने एवम् सबै स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण कार्ययोजना निर्माणका लागि स्थानीय तहलाई सहयोग गर्ने सो अभिमुखीकरणको उद्देश्य रहेको थियो ।

लैंगिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा लामो समय काम गरेका विज्ञ स्रोत व्यक्तिहरूलाई प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरी उनीहरू मार्फत स्थानीय तहमा सो कार्यक्रम सञ्चालन गरिएको थियो । सहजकर्ताको १ दिने प्रशिक्षक प्रशिक्षण कार्यक्रममा ६

जना पुरुष र १२ जना महिला गरी जम्मा १८ जनाको सहभागिता रहेको थियो । त्यसैगरी लैंगिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण परीक्षणका लागि सहजकर्ताको १ दिने प्रशिक्षक प्रशिक्षण कार्यक्रम पनि सम्पन्न भएको छ । उक्त कार्यक्रममा ११ जना पुरुष र ८ जना महिला गरी जम्मा १९ जनाको सहभागिता रहेको थियो । लैससास मूलप्रवाहीकरण सम्पन्न भएका स्थानीय तहमा लैससास परीक्षण गर्ने योजना अनुरुप सो प्रशिक्षक प्रशिक्षण सञ्चालन गरिएको हो ।

## २.५ स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन

नेपालको संविधानले स्थानीय तहलाई व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको अधिकार प्रदान गरेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको कानूनी, शासकीय र आर्थिक पक्षहरूको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरेको छ । यसै सन्दर्भमा यी अधिकारहरूको कार्यान्वयनको क्रममा स्थानीय तहको कार्यप्रकृया र उपलब्धिहरूको बारेमा लेखाजोखा गरी सवल र दुर्बल पक्षहरूको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरूको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र स्थानीय तह बीचमा तुलना योग्य सूचकहरू तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउने उदेश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७ जारी गरेको छ । यस कार्यविधिले सम्पूर्ण स्थानीय तहलाई आफ्नो कार्यालयको वार्षिक रुपमा स्वमूल्याङ्कन गर्न अनिर्वाय गरेको छ । वित्तीय हस्तान्तरण गर्दा स्वमूल्याङ्कनको नतिजालाई स्थानीय तहको कार्यसम्पादन सूचकको आधारको रुपमा उपयोग गर्ने व्यवस्था समेत कार्यविधिले गरेको छ । यस पद्दतिले स्थानीय तहको शासकीय अवस्थाको सवल र सुधार गर्नुपर्ने पक्षको लेखाजोखा गर्न मद्दत पुऱ्याउँदछ । साथै यसले कार्यक्षमता र सेवा प्रवाहका विषयहरूमा चुनौतीहरू र अवसरहरू पहिचान गरी स्थानीय तहको क्षमता अभिबृद्धि गर्न मद्दत पुऱ्याउँदछ । स्थानीय तहको संस्थागत विकासको लागि सुधार गर्नुपर्ने क्षेत्रहरूको पहिचान गरी कार्ययोजना तयार गर्न सहयोग गर्नु यसको अर्को उद्देश्य हो ।

गण्डकी प्रदेश अन्तर्गतका सबै स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन गर्न सहजीकरण गर्ने प्रयोजनका लागि प्रतिष्ठानले आयोजना गरेको प्रशिक्षक प्रशिक्षण तालिममा सहभागी भएका सहजकर्ताहरू परिचालन गरी स्थानीय तहका जनप्रतिनिधी र कर्मचारीहरूलाई संस्थागत क्षमता स्वमूल्याङ्कन पद्दतिको बारेमा तालिम कार्यक्रम सञ्चालन गर्ने र कार्यविधिमा उल्लेखित सूचकका आधारमा स्वमूल्याङ्कन गरी नतिजालाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा विकास गरिएको वेभसाइटमा राख्ने काम सम्पन्न भएको छ । यस आर्थिक वर्षमा स्वमूल्याङ्कन कार्य सम्पन्न गरेका स्थानीय तहको विवरण निम्नानुसार छ ।

| S.N. | District | Name of Local Level | S.N. | District | Name of Local Level |
|---|---|---|---|---|---|
| 1 | Gorkha | Gorkha Muncipality | 32 | Kaski | Madi Rural Municipality |
| 2 | Gorkha | Palungtar Municipality | 33 | Manang | Chame Rural Municipality |
| 3 | Gorkha | Barpak Sulikot Rural Municipality | 34 | Manang | Narfu Rural Municipality |
| 4 | Gorkha | Siranchowk Rural Municipality | 35 | Manang | Nashong Rural Municipality |
| 5 | Gorkha | Ajirkot Rural Municipality | 36 | Manang | Nesyang Rural Municipality |
| 6 | Gorkha | Gandaki Rural Municipality | 37 | Mustang | Gharapjhong Rural Municipality |
| 7 | Gorkha | Chumanubri Rural Municipality | 38 | Mustang | Thasang Rural Municipality |
| 8 | Gorkha | Dharche Rural Municipality | 39 | Mustang | Lo-ghekar Damodarkunda Rural Municipality |
| 9 | Gorkha | Bhimsen Thapa Rural Municipality | 40 | Mustang | Lomanthang Rural Municipality |
| 10 | Gorkha | Shahid Lakhan Rural Municipality | 41 | Mustang | Barhagaun Muktichhetra Rural Municipality |
| 11 | Lamjung | Besishahar Municipality | 42 | Myagdi | Annapurna Rural Municipality |
| 12 | Lamjung | Rainas Municipality | 43 | Myagdi | Dhawalagiri Rural Municipality |
| 13 | Lamjung | Sundarbazar Municipality | 44 | Myagdi | Raghuganga Rural Municipality |
| 14 | Lamjung | Dordi Rural Municipality | 45 | Parbat | Phalebas Municipality |
| 15 | Tanahun | Bhanu Municipality | 46 | Parbat | Jaljala Rural Municipality |
| 16 | Tanahun | Bhimad Municipality | 47 | Parbat | Paiyun Rural Municipality |
| 17 | Tanahun | Byas Municipality | 48 | Parbat | Mahashila Rural Municipality |
| 18 | Tanahun | Sukalgandaki Municipality | 49 | Parbat | Modi Rural Municipality |
| 19 | Tanahun | Anbukhaireni Municipality | 50 | Parbat | Bihadi Rural Municipality |
| 20 | Tanahun | Rishing Rural Municipality | 51 | Baglung | Galkot Municipality |
| 21 | Tanahun | Ghiring Rural Municipality | 52 | Baglung | Jaimini Municipality |
| 22 | Tanahun | Devghat Rural Municipality | 53 | Baglung | Dhorpatan Municipality |
| 23 | Tanahun | Myagde Rural Municipality | 54 | Baglung | Kathekhola Rural Municipality |
| 24 | Tanahun | Bandipur Rural Municipality | 55 | Baglung | Tamankhola Rural Municipality |

| S.N. | District | Name of Local Level | S.N. | District | Name of Local Level |
|---|---|---|---|---|---|
| 25 | | Putalibazar Municipality | 56 | | Tarakhola Rural Municipality |
| 26 | | Bhirkot Municipality | 57 | Nawalparasi | Bulingtar Rural Municipality |
| 27 | | Walling Municipality | 58 | | Binaee Tribeni Rural Municipality |
| 28 | Syangja | Andhikhola Rural Municipality | 59 | | Hupsekot Rural Municipality |
| 29 | | Kaligandaki Rural Municipality | | | |
| 30 | | Biruwa Rural Municipality | | | |
| 31 | | Harinas Rural Municipality | | | |

यस आ.व.मा जम्मा ५९ वटा स्थानीय तहमा प्रशिक्षक प्रशिक्षण कार्यक्रममा सहभागी सहजकर्ताद्वारा २ दिने अभिमुखीकरण तालिम सम्पन्न भएको छ। यस अभिमुखीकरणबाट २३६० जना जनप्रतिनिधि र कर्मचारीहरू लाभान्वित भएका छन् ।

## २.६ क्षमता विकास व्यवस्थापन सूचना प्रणाली (Capacity Development Management Information System)

संघ, प्रदेश र स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूका लागि सञ्चालन गरिने क्षमता विकासका सम्पूर्ण क्रियाकलाप सम्बन्धी तथ्याङ्कलाई व्यवस्थित गर्न र त्यस्ता क्षमता विकासका कार्यमा परिचालन हुने स्रोत व्यक्तिको विवरणलाई अद्यावधिक गरी कार्यक्रमको प्रभावकारिता बढाउन प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट Capacity Development Management Information System- CDMIS सफ्टवेयर तयार गरी कार्यान्वायनमा ल्याइएको छ । CDMIS सफ्टवयर Online प्रणालीमा आधारित छ । यस प्रणालीलाई संघ, प्रदेश र स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको क्षमता विकासमा क्रियाशिल सबै निकायले सहजै सञ्चालनमा ल्याउन सक्ने गरी प्रयोगमा ल्याइएको छ। यस प्रणालीमा प्रयोगकर्ताका आधारमा CDMIS सफ्टवयर सञ्चालन गर्ने निकाय, क्षमता विकास कार्यक्रममा आबद्ध स्रोतव्यक्ति र कार्यक्रमका सहभागिका रुपमा छुट्टाछुट्टै साइन-इन गरी विवरणलाई अद्यावधिक गर्न सकिने व्यवस्था गरिएको छ। विभिन्न प्रकारका क्षमता विकास सम्बन्धी क्रियाकलापका लागि आवश्यक पर्ने दक्ष विषय विज्ञहरू स्रोत व्यक्तिका रुपमा रोष्टरमा यसै प्रणाली मार्फत प्रयोग गर्न सकिने व्यवस्था समेत रहेको छ। हाल गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानद्वारा सञ्चालित सम्पूर्ण क्षमता विकास सम्बन्धी क्रियाकलाप यसै सफ्टवेयर मार्फत व्यवस्थापन गरिएको छ। हाल सम्म ८०४ पुरुष र ४६० महिला गरि जम्मा १२६४ जना यस प्रणालीमा आबद्ध भएका छन् ।

## २.७ स्थानीय तहको राजस्व सुधार कार्ययोजना निर्माण

यस आर्थिक वर्षमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम मार्फत ३४ वटा स्थानीय तहमा राजस्व सुधार कार्ययोजना निर्माण गर्ने योजना रहेकोमा जम्मा ४ वटा स्थानीय तहमा त्यस्तो सहयोग गर्ने कार्य सम्पन्न भएको छ । स्थानीय तहको राजस्व संकलनको वर्तमान अवस्थाको विश्लेषण गर्ने, राजस्वका संभावनाहरूको पहिचान गर्ने र संभावित श्रोतहरूको अधिकतम प्रयोग मार्फत स्थानीय तहको आन्तरिक आय बृद्धिको समयबद्ध योजना तर्जुमा गर्ने उद्देश्यले राजस्व सुधार कार्य योजना निर्माण गरिएको हो । राजस्व सुधार कार्य योजना निर्माण गरिएका स्थानीय तहको विवरण देहाय बमोजिम रहेको छ ।


| क्र.सं. | जिल्ला | स्थानीय तहको नाम | कैफियत |
|---|---|---|---|
| १ | स्याङ्जा | वालिङ नगरपालिका | |
| २ | तनहुँ | भानु नगरपालिका | |
| ३ | तनहुँ | व्यास नगरपलिका | |
| ४ | तनहुँ | बन्दीपुर गाउँपालिका | |

स्थानीय तहको माग बमोजिम प्रतिष्ठानको प्राविधिक एवम् आर्थिक सहयोगमा उक्त योजना निर्माण गरिएको थियो । विज्ञ परामर्शदातालाई प्रतिष्ठानद्वारा अभिमुखीकण गरी सो कार्यमा परिचालन गरिएको थियो । स्थानीय तहको नेतृत्व, सहभागिता र स्वामित्वमा निर्माण गरिएका उपरोक्त योजनाको कार्यान्वयनबाट स्थानीय तहको आर्थिक सक्षमता अभिबृद्धि र वित्तीय दीगोपनामा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## २.८ मध्यमकालीन खर्च संरचना सम्बन्धी तालिम

स्थानीय तहहरूलाई मध्यमकालीन खर्च संरचना निर्माणमा सहयोग गर्ने उद्देश्यले गण्डकी प्रदेशका सबै स्थानीय तहका प्रमुख/अध्यक्ष, उप–प्रमुख/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरूका लागि ३ दिने मध्यमकालीन खर्च संरचना सम्बन्धी तालिम असार ६ देखि ८ गते सम्म भर्चुअल माध्यमबाट सम्पन्न भएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा तयार पारिएको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ मा उल्लेख गरिएका अन्तरवस्तुमा केन्द्रित रही सञ्चालन गरिएको उक्त तालिमलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा आयोजना गरिएको प्रमुख प्रशिक्षक प्रशिक्षण कार्यक्रममा सहभागी सहजकर्ताहरूले सहजीकरण गरेका थिए । दुई वटा समूहमा सञ्चालन गरिएको उक्त तालिममा जम्मा १६४ जना जनप्रतिनिधि तथा कर्मचारीको सहभागिता रहेको थियो । उक्त तालिममा

मध्यमकालीन खर्च संरचनाको अवधारण, आवश्यकता र महत्व, यसका कानूनी आधार र तर्जुमा प्रक्रियाका बारेमा विस्तृत रुपमा छलफल गरिएको थियो ।




## २.९ राजस्व परामर्श समितिका पदाधिकारीहरूलाई अनुशिक्षण


स्थानीय तहका राजस्व परामर्श समितिका पदाधिकारीहरूको क्षमता विकास गर्ने उद्देश्यले गोरखा जिल्लाका ११ स्थानीय तहका जम्मा ३० जना राजस्व परामर्श समितिका पदाधिकारीहरूको लागि भर्चुअल माध्यमबाट आनुशिक्षण सम्पन्न गरिएको छ ।

## २.१० स्थानीय तहमा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी तालिम

स्थानीय तहमा आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्न सहयोग गर्ने उद्देश्यले प्रदेश लेखा नियन्त्रण कार्यालयसँगको समन्वयमा कास्की जिल्लाका ३ वटा स्थानीय तह (मादी गाउँपालिका, रुपा गाउँपालिका र अन्नपूर्ण गाउँपालिका) मा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी तालिम सम्पन्न भएको छ । यस तालिममा जनप्रतिनिधि र कर्मचारी गरी जम्मा १२० जनाको सहभागिता रहेको थियो । जसमध्ये २५ जना महिला सहभागी रहेको उपरोक्त तालिममा ३४ जना जनप्रतिनिधि र ८६ जना स्थानीय तहका कर्मचारी सहभागी थिए । यस वर्ष ५ वटा स्थानीय तहका लागि योजना गरिएको उक्त तालिम कोभिडका कारण केवल ३ वटामा मात्र सम्पन्न भएको छ ।

## (२) सवाल केन्द्रित संवाद






सवाल केन्द्रित संवाद प्रतिष्ठानको महत्वपूर्ण कार्य हो । संघीय मूलकका विभिन्न तहका सरकारहरूबीचको अन्तरसम्बन्ध र संघीयता कार्यान्वयनको विषयमा अन्तर्राष्ट्रिय अनुभव र सिकाई आदान प्रदान गर्ने उद्देश्यले प्रतिष्ठानद्वारा फोरम अफ फेडेरेशनसँगको सहकार्यमा २०७७ असोज १४ गते भर्चुअल कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा द्वन्द समाधान र अन्तरसरकार सम्बन्धका बारेमा स्पेनको अनुभव, प्रादेशिक नेतृत्व र अन्तरसरकार सम्बन्धका बारेमा अष्ट्रेलियाको अनुभव तथा विकास योजना र अन्तरसरकार सम्बन्ध एवम् समन्वयका बारेमा दक्षिण अफ्रिकाको अनुभव प्रस्तुत भएको थियो । संघीयतामा अन्तरसरकार सम्बन्धका विज्ञ डा. सान्ड्रा लियोन (स्पेन), ज्यासन ताबारिस (अष्ट्रेलिया) र रुबेन बाट्जीज (दक्षिण अफ्रिका) ले कार्यपत्र प्रस्तुत गरेका थिए। कार्यक्रममा अन्तरसरकार सम्बन्धसँग सम्बन्धित समस्या, चुनौति, प्रभावकारी कार्यान्वयनका उपाय र प्रदेश सरकारको भूमिकाका विषयमा प्रश्नोत्तर तथा अन्तरक्रिया भएको थियो ।




गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री पृथ्वीसुब्बा गुरूङको प्रमुख आतिथ्यतामा सञ्चालित उक्त कार्यक्रममा प्रदेशका मन्त्रीहरू, प्रमुख सचिव, गण्डकी विश्वविद्यालयका कुलपति, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष, सदस्यहरू, मुख्य न्यायाधिवक्ता, प्रदेश सचिवहरू, संविधानविद्, फोरम अफ फेडेरेशन, द एशिया फाउण्डेशन



र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका प्रमुख तथा प्रतिनिधिहरू र पि.एल.जि.एस.पि. (गण्डकी) का कर्मचारीहरूको सहभागिता रहेको थियो । कार्यक्रमका प्रमुख अतिथि माननीय मुख्यमन्त्रीले अन्तरसरकार समन्वय सम्बन्धमा नेपालमा भएको संवैधानिक र कानूनी प्रावधान, अन्तरसरकार द्वन्दका सवालहरू, गण्डकी प्रदेश सरकारले गरेको पहल र आगामी दिनमा अबलम्वन गर्नुपर्ने कार्यहरूको बारेमा धारणा राख्नु भएको थियो । उक्त कार्यक्रममा ३४ जनाको सहभागिता रहेको थियो । सोही कार्यक्रम स्थानीय तहका प्रमुख, उप–प्रमुख र प्रमुख प्रशासकीय अधिकृतका लागि २०७७ मंशिर २२ मा आयोजना गरिएको थियो । यस कार्यक्रमबाट स्थानीय तहका १०० जना लाभान्वित भएका थिए । उपरोक्त सम्वाद कार्यक्रम प्रतिष्ठानका कार्यकारी निर्देशक श्री ऋषिराम पाण्डेले सञ्चालन गर्नु भएको थियो । सहभागीको विस्तृत विवरण निम्नानुसार रहेको छ ।




## (३) अध्ययन तथा अनुसन्धान

अध्ययन तथा अनुसन्धान प्रतिष्ठानको महत्वपूर्ण अर्को विधा हो । प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको लागि आवश्यक पर्ने संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगाएतका विषयमा व्यावसायिक ज्ञान, सीप र क्षमता अभिबृद्धि गर्ने प्रशिक्षणको व्यवस्था गर्न, प्रदेशको विकास कार्यक्रममा सघाउ पुऱ्याउन, प्रदेश सरकारको प्रशासन र संस्थानको व्यवस्थापन क्षेत्रलाई सबल, सक्षम तथा प्रभावकारी बनाउन, प्रदेश सरकार र स्थानीय तहको विकास तथा शासकीय क्षमता अभिबृद्धि गर्न र अन्य समसामयिक विषयवस्तुमा प्रदेश

सरकार तथा स्थानीय तहलाई नीतिगत सुझाव प्रदान गर्न प्रतिष्ठानले अध्ययन अनुसन्धानका कार्य गर्दछ ।

तीन तहका सरकार बीचको अन्तरसम्बन्ध सम्बन्धी कानुनी व्यवस्था, अन्तरसरकार सम्बन्धका सम्बन्धमा हाल देखिएका समस्या र भावी संभावनाका बारेमा अध्ययन गरी त्यसबाट प्राप्त निष्कर्षलाई प्रशिक्षणमा समावेश गराउने अभिप्रायले अन्तरसरकार सम्बन्ध सम्बन्धी अध्ययन चालु आर्थिक वर्षमा सम्पन्न भएको छ । अध्ययनबाट प्राप्त निष्कर्षलाई सरोकारवाला बीच छलफल गरिनेछ ।

**(४) प्रशिक्षण कार्यक्रमको फलोअप**

प्रतिष्ठालने प्रशिक्षण पद्दतिमा ल्याउन चाहेको एउटा महत्वपूर्ण परिवर्तन प्रशिक्षण पश्चातको फलोअप तथा अनुगमनका माध्यमद्वारा प्रशिक्षणका सिकाईको व्यवहारिक प्रयोगको सुनिश्चितता हो । यो प्रशिक्षणमा प्रयोग भएको श्रम र पूँजीको सही प्रयोग (best value for money) सुनिश्चित गराउने माध्यम पनि हो । प्रतिष्ठानले यस आर्थिक वर्षमा सञ्चालन गरेका लामो तथा छोटो अवधिका प्रशिक्षणको फलोअप गर्ने कामको प्रारम्भ गरेको छ । प्रशिक्षार्थी एवम् प्रशिक्षार्थीको सुपरिवेक्षकका लागि अलग अलग फलोअप चेकलिष्ट तयार गरी तालिममा सिकेको ज्ञान र सीपको कार्यान्वयनको अवस्था पत्ता लगाउने काम सम्पन्न भएको छ । यस प्रयोजनका लागि यस आर्थिक वर्षमा तालिम लिएकामध्ये १५० जना कर्मचारीसँग तालिमका विविध विषयमा अनुगमन र फलोअप गरिएको थियो ।

तालिम लिएर फर्किए पछी कार्यालयका अन्य कर्मचारी एवम् जनप्रतिनिधिहरूसँग तालिममा सिकेका विषयवस्तुमा आधारित अनुभव आदान प्रदान र छलफल भएको छ वा छैन भनि प्रतिष्ठानको नियमित कार्यक्रम तर्फ सञ्चालित सेवाकालीन र सेवाप्रवेश तालिमका ६० जना प्रशिक्षार्थीसँग गरिएको अनुगमनमा ५५ जना अर्थात ९२ प्रतिशतले तालिमबाट फर्केपछि आफ्ना सहकर्मीसँग छलफल गरेको पाइयो भने ५ जनाले मात्र सो कार्य नगरेको पाइएको छ ।

त्यसैगरी, तालिमबाट फर्केपछि तालिममा निर्माण गरिएको कार्ययोजनाको कार्यान्वयन भएको छ वा छैन भनि गरिएको फलोअपमा जम्मा ७० जना प्रशिक्षार्थी मध्ये ५८ जना (८३ प्रतिशत) ले तालिमका दौरान तयार गरेको कार्ययोजना अनुसार काम गरेको पाइयो भने केवल १२ जना अर्थात १७ प्रतिशतले कार्ययोजनामा उल्लेखित कार्य गर्न नसकेको भन्ने प्रतिक्रिया प्राप्त भएको छ ।

तालिममा सिकेको ज्ञान र सीपबाट कार्यालयको सेवा प्रवाहमा मद्दत पुगी कार्य सम्पादनमा सुधार भए नभएको बारे ९० जना सहभागीबाट प्राप्त प्रतिक्रिया बमोजिम ५५ जना (६१ प्रतिशत) ले तालिममा सिकेको ज्ञान र सीपबाट कार्यालयको सेवा प्रवाहमा

उल्लेख्य सुधार भएको, २५ जना अर्थात् २८ प्रतिशतले सुधार भएको र जम्मा १० जना (११ प्रतिशत) ले खासै सुधार हुन नसकेको प्रतिक्रिया व्यक्त गरेका छन् । यसबाट के देखिन्छ भने प्रतिष्ठानद्वारा सञ्चालन गरिएका तालिमको व्यवहारिक कार्यान्वयनको पाटो प्रभावकारी रही संस्थाको कार्यसम्पादन र सेवाप्रवाहमा योगदान पुगेको छ । यहि नै प्रतिष्ठानले तालिमका क्षेत्रमा ल्याउन चाहेको वास्तविक परिवर्तन हो ।


तालिम पश्चात प्रशिक्षार्थीले फाइलिङ्ग तथा अभिलेख कार्यलाई व्यवस्थित गरेको, सामाजिक सुरक्षा भत्ता बैक मार्फत भुक्तानी दिन सुरु गरेको, व्यक्तिगत घटना दर्ता अनलाइनबाट गर्न थालेको, कार्यालय व्यवस्थापनमा ध्यान दिएको, प्रशिक्षण कार्ययोजना अनुसार हेल्पडेस्क स्थापना गरी कार्य गरेको, कार्यकक्ष व्यवस्थापन गरेको, गुनासो व्यवस्थापनलाई व्यवस्थित गर्नका लागि गुनासो पेटिका राखेको, नागरिक वडापत्र तयार गरेको, सूचना अधिकारी चयन गरेको, जनसम्पर्क र अन्तरवैयक्तिक सम्बन्धलाइ सुमधुर बनाएको, पुराना फाइलहरू व्यवस्थित गरि सरसफाइलाइ ध्यान दिएको, टिप्पणी लेखन, पत्र लेखन लगायतका कार्यमा सुधार भएको, सेवाग्राही मैत्री व्यवहार, कार्यालय परिसरको सरसफाइलाई ध्यान दिएको, सरुवा भएर जाने र निवृत कर्मचारीबाट handover note लेख्ने कामको शुभारम्भ गरेको, लेखा प्रणाली व्यवस्थित भएको, समय, लागत र गुणस्तरलाई ध्यान दिएको, दर्ता र चलानीका लागि निस्सा दिन सुरु गरेको जस्ता सुधारका कार्यको थालनी भएको पाइएको छ। यसबाट के देखिन्छ भने व्यवहारमा परिवर्तन र कार्यसम्पादनमा सुधारको प्रतिष्ठानको सिद्धान्त वास्तवमै व्यवहारमा कार्यान्वयन भएको छ ।

प्रशिक्षार्थीका सुपरिवेक्षकसँग प्रशिक्षार्थीको कार्यसम्पादनमा आएको परिवर्तनका बारेमा राखिएको जिज्ञासामा अधिकांश कार्यालय प्रमुखहरूले तालिम पश्चात आफ्नो कर्मचारीको कार्यसम्पादन र सेवा प्रवाहको गुणस्तरमा उल्लेख्य सुधार आएको बताएका छन् ।

यसै गरी प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम मार्फत सञ्चालित तालिम कार्यक्रम मध्ये ३ वटा तालिम (वित्तीय अनुशासन, क्याविनेट प्रस्ताव लेखन र कार्यशर्त लेखन) लाई फलोअप तथा अनुगमनको लागि छनौट गरिएको थियो । फलोअपका लागि ईमेल मार्फत प्रश्नावली पठाएर र फोनबाट अन्तरवार्ता गरेर सूचना संकलन गरिएको थियो । तीन वटा तालिमका जम्मा ११७ सहभागीहरू मध्ये ४० जना सहभागीहरूबाट तथ्यांक संकलन गरिएको थियो । ४ जना सहभागीहरूले इमेल मार्फत प्रश्नावली भरेर पठाएका थिए भने बाँकी ३६ जना सहभागीहरूलाई फोन मार्फत अन्तरवार्ता गरी सूचना संकलन गरिएको थियो ।

फलोअपका क्रममा राखिएको जिज्ञासामा वित्तीय अनुशासन तालिमका ६८ प्रतिशत सहभागीहरू, कार्यशर्त लेखनका ६० प्रतिशत सहभागीहरू र क्याविनेट प्रस्ताव लेखन

तालिमका ९१ प्रतिशत सहभागीहरूले तालिमबाट दैनिक कार्यसम्पादनमा सुधार भएको बताएका थिए । बाँकी सहभागीले केहि मात्रमा भएपनि तालिमका कारण काममा सहज भएको बताएका थिए भने कार्यसम्पादनमा कुनै पनि सुधार आएन भन्ने प्रतिक्रिया प्राप्त भएन । तलको चार्टले कार्यसम्पादनमा आएको सुधारको पक्षमा सहभागीको प्रतिक्रिया देखाउँदछ ।




माथिको चार्टले प्रतिष्ठानद्वारा सञ्चालित तालिमका कारण सहभागीको कार्यसम्पादनको स्तरमा सुधार आएको देखाउँछ ।

## (५) मानव संशाधन र संस्थागत विकास

### (क) प्रशिक्षण परिषद् बैठक




गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान परिषद्को तेश्रो बैठक परिषद्का अध्यक्ष माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङको अध्यक्षतामा मिति २०७७ साल चैत्र १९ गते प्रतिष्ठानको कार्यालय नदिपुरमा सम्पन्न भयो । प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष, प्रदेश लोक सेवा आयोगका अध्यक्ष, गण्डकी विश्वविधालयका उप–कुलपति, प्रदेशका नि.प्रमुख सचिव, प्रदेश सरकार अन्तर्गतका सबै मन्त्रालयका सचिव, मुख्यन्यायाधिवक्ता



र कार्यकारी निर्देशकको उपस्थितिमा बसेको सो बैठकमा कुल १६ जनाको उपस्थिति रहेको थियो ।

परिषद्का सदस्य सचिव एवम् प्रतिष्ठानका कार्यकारी निर्देशक श्री ऋषिराम पाण्डेले बैठकाका एजेण्डा र प्रतिष्ठानको प्रगति प्रस्तुत गर्नुभएको थियो । बैठकले आ.व. २०७७/७८ को बार्षिक बजेट तथा कार्यक्रमको प्रगति समीक्षा गर्नुका साथै प्रतिष्ठानको रणनैतिक योजना, प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीति र सहायकस्तरका कर्मचारीको सेवाकालीन तालिम पाठ्यक्रम स्वीकृत गरेको थियो ।

## (ख) क्यालेण्डर निर्माण




प्रतिष्ठानको तालिम तथा अनुसन्धानका नीति, तालिमका विषयवस्तु, प्रशिक्षणका सिद्धान्त, प्रशिक्षण प्रक्रिया, चालु आर्थिक वर्षमा सम्पन्न मुख्य-मुख्य क्रियाकलाप आदि सरोकारवालाहरूलाई जानकारी गराउने उद्देश्यले १५०० थान बहुउद्देश्यीय टेवल क्यालेण्डर प्रकाशन गरी वितरण गर्ने काम सम्पन्न भएको छ । सो बहुउद्देश्यीय क्यालेण्डर प्रतिष्ठानका क्रियाकलाप र प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी सिद्धान्तका बारेमा सरोकारवालाहरू समक्ष प्रचार प्रसार गर्न सहयोगी हुने अपेक्षा गरिएको छ ।

## (ग) प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीतिको तर्जुमा

परिषद्को दोस्रो बैठकले कार्यकारी समितिलाई प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीतिको तर्जुमा गर्नका लागि दिएको निर्देशन अनुसार तयार परिएको प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीति परिषद्को तेस्रो बैठकले स्वीकृत गरेको

छ। उक्त नीतिले प्रतिष्ठान मार्फत निर्माण गरिने प्रशिक्षण सामग्री, सञ्चालन गरिने प्रशिक्षण, प्रशिक्षण पश्चातका सहयोग कार्यक्रम र अनुसन्धान सम्बन्धी कामलाई दिशानिर्देश गर्ने विश्वास लिइएको छ।

**(घ) रणनैतिक योजना तर्जुमा**

योजना कुनैपनि संस्थाको गन्तव्यको प्रतिबिम्ब हो । प्रतिष्ठानलाई Center of Excellence को रुपमा विकास गर्ने र ISO प्रमाण पत्र प्राप्त संस्थाका रुपमा स्थापित गराउने लक्ष्यका साथ रणनैतिक योजना (२०७७–२०८१) लाई परिषद्को तेस्रो बैठकले स्वीकृत गरेको छ। उक्त योजनाले मूलत: चार ओटा क्षेत्र (१) प्रशिक्षण तथा क्षमता विकास, (२) अध्ययन तथा अनुसन्धान, (३) संस्थागत विकास र (४) भौतिक पूर्वाधार विकासमा केन्द्रित रही प्राथमिकताका आधारमा कार्यक्रम सञ्चालन गर्ने गरी मार्गचित्र तय गरेको छ। प्रतिष्ठानका क्रियाकलापलाई “वर्ष कार्यक्रम” का रुपमा अगाडि बढाउने रणनीति अबलम्वन गरी आ.व. २०७७/७८ लाई पूर्वाधार तयारीको वर्ष, आ.व. २०७८/७९ लाई संस्थागत विकासको वर्ष, आ.व. २०७९/८० लाई कार्यक्रम कार्यान्वयनको वर्ष, आ.व. २०८०/८१ लाई समन्वय साझेदारी निर्माणको वर्ष, र आ.व. २०८१/८२ लाई दीगोपना र आत्मनिर्भरताको वर्षका रुपमा कार्यान्वयन गर्ने लक्ष्य लिएको छ । कम्तिमा १९ हजार ४५ जना जनप्रतिनिधि, कर्मचारी तथा सर्वसाधारणलाई आगामी ५ वर्षमा प्रशिक्षण प्रदान गर्ने लक्ष्य लिएको उक्त रणनैतिक योजना चालु आ.व. देखिनै कार्यान्वयनमा आइसकेको छ।

योजना अवधिमा विभिन्न कार्यक्रम कार्यान्वयनका लागि कुल १ अरव ६ करोड ८७ लाख ७५ हजार रुपयाँ खर्च हुने अनुमान गरिएको छ। उक्त रकम मध्ये (१) प्रशिक्षण तथा क्षमता विकासमा ५७ करोड १९ लाख ७५ हजार, (२) अध्ययन अनुसन्धानमा ३ करोड ९१ लाख ५० हजार, (३) संस्थागत विकासमा ६ करोड ३० लाख ५० हजार र (४) पूर्वाधार विकासमा ३९ करोड ४६ लाख खर्चको अनुमान गरिएको छ।

**(ङ) संगठन तथा व्यवस्थापन सर्वेक्षण**


प्रतिष्ठानका लागि आवश्यक कर्मचारीको स्थायी दरबन्दी सिर्जना गर्ने काम सम्पन्न भएको छ। दोस्रो प्रशिक्षण परिषद् बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रशासन तथा क्षमता विकास महाशाखाका सचिवको संयोजकत्वमा गठन गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिले तयार पारेको प्रतिवेदन लाई प्रदेश सरकारको मिति २०७८/०१/१२ को बैठकले स्वीकृत गरेबाट प्रदेश लोक सेवा आयोग मार्फत कर्मचारीको स्थायी पदपूर्तिको बाटो खुलेको छ।

## (च) कर्मचारीको दक्षता तथा आन्तरिक कार्यसम्पादन मूल्याङ्कन पद्दतिको स्थापना

कर्मचारीको दक्षता र कार्यक्षमतामा आएको परिवर्तनलाई वार्षिक रुपमा मूल्याङ्कन गरी कर्मचारीहरूलाई थप व्यावसायिक र दक्ष बनाउनका लागि निश्चित मापदण्डको निर्धारण गरिएको छ । यसले कर्मचारीको कार्यसम्पादन अनुगमन, कार्यदक्षता र सम्पादित कार्यको प्रभावकारिता मापनमा सहज हुने अपेक्षा गरिएको छ ।

जम्मा ५ वटा विषयगत क्षेत्र (१) अनुसन्धान तथा विश्लेषण, (२) तालिम विकास, (३) तालिमको कार्यान्वयन तथा मूल्याङ्कन, (४) सूचना तथा ज्ञान व्यवस्थापन र (५) क्रियाकलाप व्यवस्थापन का २० वटा सूचकका आधारमा कार्यक्षमताको मूल्याङ्कन सम्पन्न गरिएको छ। कार्यक्षमता मूल्याङ्कनको खाका र विश्लेषण पद्दति निम्नानुसार छ।




उल्लेखित चार्टहरूले कसरी वार्षिक रुपमा कर्मचारीको कार्यदक्षतामा आएको परिवर्तनलाई विश्लेषण गरिन्छ भन्ने कुरा दर्शाउँदछन् ।

चालु आ.व.को सुरुमा नै सबै कर्मचारीको कार्यक्षमताको स्वमूल्याङ्कन गरिएको थियो । आर्थिक वर्षको अन्तमा पुनः सोही सूचकको आधारमा दोस्रो मूल्याङ्कन सम्पन्न भएको छ । सबै कर्मचारीको कार्यक्षमतामा आएको परिवर्तनलाई तलको चार्टमा प्रस्तुत गरिएको छ ।




माथिका चार्टले कर्मचारीको कार्यक्षमतामा आएको परिवर्तनलाई कसरी मापन गरिन्छ भन्ने कुरा देखाउँदछन् । कर्मचारीको वार्षिक रुपमा गरिने मूल्याङ्कनबाट सबल र सुधार गर्नु पर्ने पक्षको पहिचान गरि कार्यक्षमता सुधार योजना तयार गरिन्छ । कर्मचारीको

कार्यक्षमतामा वार्षिक रुपमा आएको परिवर्तनलाई माकुरे जालो विधिबाट विश्लेषण गरिन्छ । तलको चार्टले माकुरे जालो विधिबाट कसरी कर्मचारीको कार्यक्षमतामा आएको परिवर्तनलाई विश्लेषण गरिन्छ भन्ने कुरा देखाउँदछ ।




## (छ) कर्मचारीको साप्ताहिक र मासिक योजना तथा प्रतिवेदन

प्रतिष्ठानमा कार्यरत कर्मचारीको कामलाई व्यवस्थित, प्रभावकारी र नतिजा उन्मुख बनाउनका लागि उनीहरूको साप्ताहिक/मासिक योजना र प्रतिवेदन प्रणालीको आ.व. २०७७/७८ को शुरु देखि आवश्यक फारामको व्यवस्था गरी कार्यान्वयनमा ल्याइएको छ । उक्त फारामलाई मिति २०७७ असार २८ गते बसेको प्रतिष्ठानको कार्यकारी समितिको बैठकले स्वीकृत गरेको छ । यसले कर्मचारीको साप्ताहिक र मासिक कार्यको आँकलन, कामको बाँडफाँट र कामको उत्पादकत्वको अनुगमन तथा कर्मचारीका काममा समन्वय गर्न सहज हुने अपेक्षा गरिएको छ । कर्मचारीको साप्ताहिक र मासिक प्रतिवेदनको ढाँचा निम्नानुसार छ ।

# कर्मचारीको साप्ताहिक र मासिक योजना र प्रतिवेदन

## साप्ताहिक योजना/प्रतिवेदन (नमुना)

नाम

अवधि: २०७७ साल असोज १८ देखि २३ स म्मको योजना

| मिति | बार | योजना | प्रतिवेदन | मिति | अर्को हप्ताको योजना |
|---|---|---|---|---|---|
| असोज ११ | आइतबार | नवनियुक्त कर्मचारीहरुको लागि भर्चुअल तालिम सञ्चालनको तयारी गर्ने। | वित्तीय संघीयता तथा अन्तर सरकार सम्बन्ध सम्बन्धी कार्यशाला सञ्चालनको पत्राचार। | असोज १८ | कार्यालय व्यवस्थापन तथा सञ्चालन तालिमको तयारी गर्ने। |
| असोज १२ | सोमबार | नवनियुक्त कर्मचारीहरुको लागि भर्चुअल तालिम सञ्चालनको तयारी गर्ने। | पदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको कार्ययोजना प्रविष्ट। | असोज १९ | कार्यालय व्यवस्थापन तथा सञ्चालन तालिम सञ्चालन तथा अन्य प्रशासनिक कार्य गर्ने। |
| असोज १३ | मंगलबार | नवनियुक्त कर्मचारीहरुको लागि भर्चुअल तालिम सञ्चालनको तयारी गर्ने। | वित्तीय संघीयता तथा अन्तर सरकार सम्बन्ध सम्बन्धी कार्यशालाका सहभागीहरुको फलोअप। | असोज २० | कार्यालय व्यवस्थापन तथा सञ्चालन तालिम सञ्चालन तथा अन्य प्रशासनिक कार्य गर्ने। |
| असोज १४ | बुधबार | वित्तीय संघीयता तथा अन्तर सरकार सम्बन्ध सम्बन्धी कार्यशालामा सहभागी हुने। | वित्तीय संघीयता तथा अन्तर सरकार सम्बन्ध सम्बन्धी कार्यशालामा सहभागिता। | असोज २१ | कार्यालय व्यवस्थापन तथा सञ्चालन तालिम सञ्चालन तथा अन्य प्रशासनिक कार्य गर्ने। |
| असोज १५ | बिहिबार | नवनियुक्त कर्मचारीहरुको लागि भर्चुअल तालिम सञ्चालन गर्ने। | नवनियुक्त कर्मचारीहरुको लागि भर्चुअल तालिम सञ्चालन सम्बन्धमा पत्राचार। | असोज २२ | कार्यालय व्यवस्थापन तथा सञ्चालन तालिम सञ्चालन तथा अन्य प्रशासनिक कार्य गर्ने। |
| असोज १६ | शुक्रबार | नवनियुक्त कर्मचारीहरुको लागि भर्चुअल तालिम सञ्चालन गर्ने। | नवनियुक्त कर्मचारीहरुको लागि भर्चुअल तालिम सञ्चालनको लागि फलोअप। | असोज २३ | कार्यालय व्यवस्थापन तथा सञ्चालन तालिम सञ्चालन तथा अन्य प्रशासनिक कार्य गर्ने। |
| असोज १७ | शनिबार | सार्वजनिक बिदा | सार्वजनिक बिदा | असोज २४ | सार्वजनिक बिदा |

## मासिक प्रगति प्रतिवेदन (नमुना)

नाम :

महिना : साउन, २०७७

| गते | बार | प्रगति प्रतिवेदन |
|---|---|---|
| १ | बिहिबार | घर बिदा |
| २ | शुक्रबार | घर बिदा |
| ३ | शनिबार | |
| ४ | आइतबार | कार्यालय हाजिरी, गत हप्ताको प्रगति विवरण समिक्षा र आगामि हप्ताको कार्य योजना निर्माण गरिएको। |
| ५ | सोमबार | कार्यालयमा आवश्यक कर्मचारीको करार नियुक्ती प्रकिया सम्बन्धमा कागजात तयारी भएको तर कार्य स म्पन्न भई नसकेको। |
| ६ | मंगलबार | भौतिक संरचना तथा जिन्सी मालसामान हस्तान्तरण सम्बन्धी बैठकमा भाग लिई कार्य गरेको। |
| ७ | बुधबार | वार्षिक प्रतिवेदन निर्माण को लागि आवश्यक छलफलमा भाग लिई कार्य गरेको। |
| ८ | बिहिबार | जिन्सी निरिक्षण कार्यदलको बैठकमा सहभागी भई आवश्यक कार्य गरेको। |
| ९ | शुक्रबार | आर्थिक विवरण सहित प्रतिवेदन तयार गरी पेश गरेको। |
| १० | शनिबार | |
| ११ | आइतबार | मोडुल निर्माणको लागि सुचनाको तयारी तथा प्रकाशन, जिन्सी निरिक्षण कार्यमा सहयोग। |
| १२ | सोमबार | जिन्सी निरिक्षण कार्यमा कार्यदलमा रही प्रतिबेदन निर्माण तथा अन्य कार्यलयीय दैनिक कार्य गरिएको। |
| १३ | मंगलबार | जिन्सी निरिक्षण कार्यमा कार्यदलमा रही प्रतिबेदन निर्माण तथा अन्य कार्यलयीय दैनिक कार्य गरिएको। |
| १४ | बुधबार | लेखा प्रमुखको अनुपस्थितिका कारण कार्य सम्पन्न हुन नसकेको |
| १५ | बिहिबार | लेखा प्रमुखको अनुपस्थितिका कारण वार्षिक खरिद योजना निर्माणको कार्य सम्पन्न हुन नसकेको, अन्य कार्यलयीय कार्य गरेको। |

## (ज) प्रतिष्ठानको भवन निर्माण








प्रतिष्ठानको भवन निर्माणको कार्य प्रारम्भ भएको छ । निवर्तमान प्रधानमन्त्री श्री केपी शर्मा ओलीबाट २०७७ फागुन १७ गते निर्माणाधिन भवनको शिलान्यास सम्पन्न भएको थियो । आगामी तीन वर्ष भित्र सम्पन्न गर्ने गरी गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत उक्त भवन निर्माण गरिने छ। चार तले सो भवनमा सभा हलसहित ४६ वटा कोठा हुनेछन् । भवनमा बहुउद्देश्यीय बैठक कक्ष, तालिम हल, चमेनागृह, अनुसन्धान कक्ष र भवन परिसरमा पार्किङको व्यवस्था हुने छ । सुविधा सम्पन्न सो भवन प्रतिष्ठानले सञ्चालन गर्ने तालिम, प्रशिक्षण, गोष्ठी, सेमिनार, अध्ययन, अनुसन्धान लगायतका गतिविधिहरूका लागि प्रयोग गरिने छ । प्रदेशस्तरको उत्कृष्ट ज्ञान केन्द्र (Center for Excellence) का रुपमा प्रतिष्ठानलाई विकास गर्ने लक्ष्य अनुसार यो भवन निर्माण हुन लागेको हो । भवनको शिलान्यास कार्यक्रममा गण्डकी प्रदेशका प्रदेश प्रमुख माननीय श्री अमिक शेरचन, गण्डकी प्रदेशका मुख्यमन्त्री माननीय श्री पृथ्वी सुब्बा गुरुङ, प्रदेश सरकारका सभामुख माननीय नेत्रनाथ अधिकारी, प्रदेश सरकारका मन्त्री, सचिव लगायतको उपस्थिति रहेको थियो ।



यस आर्थिक बर्षमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम मार्फत भवन निर्माणको लागि रु. ५ करोड बजेट प्राप्त भएको थियो । त्यसैगरी प्रदेश सरकारले बहुवर्षीय आयोजना अन्तर्गत भौतिक पूर्वधार विकास मन्त्रलय अन्तर्गत रु १ करोड ५० लाख विनियोजन गरेको थियो ।

## (६) ज्ञान व्यवस्थापन

ज्ञान व्यवस्थापन प्रतिष्ठानको महत्वपूर्ण कार्य हो । प्रतिष्ठानलाई अध्ययन तथा अनुसन्धानको केन्द्र बनाउने र नयाँ ज्ञानको सिर्जना वा भइरहेको ज्ञानलाई परिस्कृत गर्ने थलोका रुपमा अगाडि बढाउने उद्देश्य अनुरुप प्रारम्भिक कार्यको थालनी भएको छ । प्रतिष्ठानका सूचना, जानकारी, तथ्याङ्क आदिलाई एकीकृत गर्ने, तथ्याङ्कको ब्याकअप लिने, तथ्याङ्कमा सबैको पहुँच सुनिश्चित गर्ने कार्यको थालनी भएको छ । ज्ञान व्यवस्थापन अन्तर्गत प्रतिष्ठानको वेभसाइट निर्माण, सञ्चालन र नियमित अद्यावधिक गर्ने, प्रतिष्ठानका प्रकाशनलाई वेभसाइट मार्फत सार्वजनिक गर्ने, चौमासिक वुलेटिन र वार्षिक प्रतिवेदन प्रकाशन गर्ने, प्रतिष्ठानका लागि आवश्यक पुस्तक संग्रह गर्ने, सूचनामूलक क्यालेण्डर प्रकाशन र वितारण गर्ने आदि कार्यको प्रारम्भ भइसकेको छ ।



चौमासिक बुलेटिन

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

नदीपुर, पोखरा, गण्डकी प्रदेश, नेपाल

स्थानीय आर्थिक विकास सम्बन्धी प्रशिक्षण

वित्तीय व्यवस्थापन सम्बन्धी प्रशिक्षण

प्रतिष्ठान भवनको शिलान्यास

तीस कार्यदिने सेवाकालीन तालिम

यस अङ्कमा

Gandaki Province Training Academy

अध्ययन अनुसन्धानका कार्यद्वारा नयाँ ज्ञानको सिर्जना वा भईरहेको ज्ञानका क्षेत्रमा थप योगदान गर्ने कार्यको थालनी भइसकेको छ । ज्ञान केन्द्रको स्थापना, व्यवस्थापन र सञ्चालनको प्रारम्भिक कार्य थालनी भएको छ ।

## (७) समन्वय र सहकार्य

प्रतिष्ठानको दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य प्राप्तिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँगको समन्वय र सहकार्यलाई प्रतिष्ठानले उच्च महत्वका साथ अगाडि बढाएको

छ । वित्तीय संघीयता र अन्तरसरकार सम्बन्ध सम्बन्धी सवालमा फोरम अफ फेडेरेसनसँगको सहकार्यमा प्रदेश सरकारका पदाधिकारी र उच्च पदस्थ कर्मचारी एवम् स्थानीय तहका प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृतसँग अन्तर्राष्ट्रिय अनुभव आदान प्रदान कार्य यहि आ.व.मा सम्पन्न भएको छ। त्यसैगरी प्रतिष्ठानमा कार्यरत कर्मचारीको क्षमता विकासका लागि अन्तर्राष्ट्रिय विज्ञको परिचालन गरी प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन भएको छ।




गोर्खा वेलफेयर ट्रष्टसँगको समन्वयमा कोभिड संवेदनशील सेवा प्रवाहलाई व्यवस्थित गर्न कार्यालयको कम्पाउण्डमा हात धुने ट्याङ्कीको स्थापना भएको छ। प्रतिष्ठानको कार्यक्षेत्रसँग मेल खाने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग समन्वय र सहकार्यलाई अगाडि बढाउन प्रतिष्ठान निरन्तर क्रियाशिल छ।

## ८. मानव संशाधन

प्रदेश लोक सेवा आयोगको गठन भई स्थायी पदपूर्ति नभए सम्मका लागि प्रदेश सरकारबाट आवश्यक कर्मचारी काजमा माग गरी कामकाज अगाडि बढाइएको छ । सोका लागि प्रदेश सरकार मन्त्रिपरिषद्को कार्यालयबाट स्वीकृत अस्थायी दरवन्दी अनुरुप प्रतिष्ठानका क्रियाकलाप कार्यान्वयन भएका छन्। हाल कायम कर्मचारीको दरबन्दी विवरण देहाय बमोजिम रहेको छ।

| क्र.सं. | पद | कैफियत |
|---|---|---|
| १ | कार्यकारी निर्देशक | प्रदेश सरकारबाट नियुक्त |
| २ | प्रशासन (सातौं/आठौं तह) | मु.म.तथा म.प.का.बाट काज |
| ३ | लेखा (सातौं/आठौं तह) | मु.म.तथा म.प.का.बाट काज |
| ४ | प्रशासन (चौथो/पाँचौं तह) | मु.म.तथा म.प.का.बाट काज |
| ५ | सवारी चालक | प्रतिष्ठानबाट करारमा नियुक्त |
| ६ | कार्यालय सहयोगी | प्रतिष्ठानबाट करारमा नियुक्त |

प्रतिष्ठानका लागि आवश्यक कर्मचारीको स्थायी दरबन्दी सिर्जना गर्ने काम सम्पन्न भएको छ । दोस्रो प्रशिक्षण परिषद् बैठकले गठन गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिले तयार पारेको प्रतिवेदनलाई प्रदेश सरकारको मिति २०७८/०१/१२ को बैठकले स्वीकृत गरेको छ । स्वीकृत दरबन्दी विवरण निम्नानुसार छ ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

संगठन संरचना र दरबन्दी तेरिज

| क्र सं | पद | तह | सेवा | समूह | साविकको दरबन्दी (अस्थायी दरबन्दी) | थप दरबन्दी | घट दरबन्दी | कायम रहेको दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कार्यकारी निर्देशक | ११औं | | | १ | | | १ | |
| २ | निर्देशक, प्रशासन, बजारीकरण तथा परामर्श सेवा महाशाखा | ९/१०औं | प्रशासन तथा प्राविधिक | | | १ | | १ | |
| ३ | निर्देशक, सार्वजनिक प्रशासन तथा मानव संशाधन विकास महाशाखा | ९/१०औं | प्राध्यापन तथा अनुसन्धान | | | १ | | १ | |
| ४ | निर्देशक, सार्वजनिक नीति तथा स्थानीय शासन महाशाखा | ९/१०औं | प्राध्यापन तथा अनुसन्धान | | | १ | | १ | |
| ५ | शाखा अधिकृत | ७/८औं | प्रशासन तथा प्राविधिक | | १ | | | १ | |
| ६ | लेखा अधिकृत | ७/८औं | प्रशासन तथा प्राविधिक | | १ | | | १ | |
| ७ | प्रशिक्षण तथा अनुसन्धान अधिकृत | ७/८औं | प्राध्यापन तथा अनुसन्धान | | | २ | | २ | |
| ८ | बजारीकरण तथा साझेदारी प्रवर्द्धन अधिकृत | ७/८औं | प्राध्यापन तथा अनुसन्धान | | | १ | | १ | |
| ९ | ज्ञान व्यवस्थापन अधिकृत | ७/८औं | प्राध्यापन तथा अनुसन्धान | | | १ | | १ | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
गण्डकी प्रदेश
पोखरा, नेपाल


कार्यकारी निर्देशक

| क्र सं | पद | तह | सेवा | समूह | साविक दरवन्दी (अस्थायी दरवन्दी) | थप दरवन्दी | कट दरवन्दी | कायम रहेको दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | सहायक प्रशिक्षण तथा अनुसन्धान अधिकृत | छैटौं | प्राध्यापन तथा अनुसन्धान | | | | | २ | |
| ११ | सूचना प्रविधि सहायक | पाँचौं | प्राध्यापन तथा अनुसन्धान | | | १ | | १ | |
| १२ | कार्यालय सहायक | ४/५औं | प्रशासन तथा प्राविधिक | | १ | १ | | २ | |
| १३ | स्टोरकिपर | ४/५औं | प्रशासन तथा प्राविधिक | | | १ | | १ | |
| १४ | सवारी चालक | तह विहिन | सेवा करार | | १ | | | १ | |
| १५ | कार्यालय सहयोगी | तह विहिन | सेवा करार | | १ | २ | | ३ | |
| | जम्मा दरवन्दी | | | | ६ | १४ | | २० | |

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
गण्डकी प्रदेश
पोखरा, नेपाल

कार्यकारी निर्देशक

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
## संगठन संरचना




मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
गण्डकी प्रदेश
पोखरा, नेपाल

कार्यकारी निर्देशक

# परिच्छेद–५

## आ.व. २०७७/७८ को आर्थिक प्रतिवेदन

**(विनियोजित बजेट र खर्चको विवरण)**

खर्चको फाँटावारी

आर्थिक वर्ष: २०७७/७८

**गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (प्रदेश सरकार)**

### चालु तर्फ

| खर्च/वित्तीय संकेत | खर्च/वित्तीय संकेतको नाम | विनियोजित रकम | खर्च रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| २१११९ | पारिश्रमिक कर्मचारी | २२४०००० | १००८८४९.१० | १२३११५०.९० | |
| २१११२ | पारिश्रमिक पदाधिकारी | ६१८००० | ६१८००० | ० | |
| २११२१ | पोशाक | ५०००० | ४०००० | १०००० | |
| २११३२ | महंगी भत्ता | १२०००० | ६७००० | ५३००० | |
| २११३४ | कर्मचारी बैठक भत्ता | ७५००० | ६६००० | ९००० | |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ७५००० | ० | ७५००० | |
| २११४२ | पदाधिकारी अन्य सुविधा | ३६००० | ० | ३६००० | |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | २४००० | ४४०० | १९६०० | |
| २२१११ | पानी तथा बिजुली | १००००० | ४०००० | ६०००० | |
| २२११२ | संचार महसुल | १५०००० | २००० | १४८००० | |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ३००००० | १२३२११ | १७६७८९ | |
| २२२१३ | सवारी साधन मर्मत खर्च | २००००० | १६७५० | १८३२५० | |
| २२२१४ | बीमा तथा नवीकरण खर्च | ० | ० | ० | |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत संभार तथा सञ्चालन खर्च | ५०००० | ३९५५ | ४६०४५ | |
| २२३११ | मशलन्द तथा कार्यालय सामग्री | २००००० | ११९०९२ | ८०९०८ | |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | २००००० | ० | २००००० | |
| २२३१४ | इन्धन (अन्य प्रयोजन) | ५०००० | ० | ५०००० | |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १५०००० | ८६३३३ | ६३६६७ | |
| २२४११ | सेवा र परामर्श खर्च | ० | ० | ० | |

| खर्च/वित्तीय संकेत | खर्च/वित्तीय संकेतको नाम | विनियोजित रकम | खर्च रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | १००००० | ० | १००००० | |
| २२४१३ | करार सेवा शुल्क | ५३९००० | ४८९३५७ | ४९६४३ | |
| २२५११ | कर्मचारी तालिम खर्च | ० | ० | ० | |
| २२५२२ | कार्यक्रम खर्च | १०९५६००० | ४१८६७१७ | ६७६९२८३ | |
| २२६१२ | भ्रमण खर्च | ६००००० | ३३७५० | ५६६२५० | |
| २२७११ | विविध खर्च | ० | ० | ० | |
| २८१४२ | घरभाडा | १८०००० | २२५०० | १५७५०० | |
| | कुल जम्मा | १७०१३००० | ६९२७९१४.१० | १००८५०८५.९० | |

## पूँजीगत तर्फ

| खर्च/वित्तीय संकेत | खर्च/वित्तीय संकेतको नाम | विनियोजित रकम | खर्च रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ३११२१ | सवारी साधन | ५००००० | ४९९८०० | २०० | |
| ३११२२ | मेशिनरी तथा औजार | २०००००० | १९८०० | १९८०२०० | |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | १५००००० | ३८२१११ | १११७८८९ | |
| ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | १०००००० | ४९८७८ | ९५०१२२ | |
| | कुल जम्मा | ५०००००० | ९५१५८९ | ४०४८४११ | |

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (संघ सशर्त अनुदान)

## चालु तर्फ

| खर्च/वित्तीय संकेत | खर्च/वित्तीय संकेतको नाम | विनियोजित रकम | खर्च रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| २१११११ | पारिश्रमिक कर्मचारी | ७०७८००० | १९३०५०२.८० | ५१४७४९७.२० | |
| २११२१ | पोशाक | ५०००० | ७०००० | (२००००) | |
| २११३४ | कर्मचारी बैठक भत्ता | १५०००० | ० | १५०००० | |
| २२१११ | पानी तथा बिजुली | ३००००० | १३६१८ | २८६३८२ | |
| २२११२ | संचार महसुल | १२६००० | १५९३० | ११००७० | |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | २००००० | ३२५६० | १६७४४० | |
| २२२१३ | सवारी साधन मर्मत खर्च | २००००० | ३१२२५ | १६८७७५ | |
| २२२१४ | बीमा तथा नवीकरण खर्च | ५०००० | ४९११० | ८९० | |

| खर्च/वित्तीय संकेत | खर्च/वित्तीय संकेतको नाम | विनियोजित रकम | खर्च रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| २२२२१ | मेशिनरी तथा औजार मर्मत संभार तथा सञ्चालन खर्च | १५०००० | २५०७५ | १२४९२५ | |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च | ३००००० | ९००० | २९१००० | |
| २२३११ | मशलन्द तथा कार्यालय सामग्री | ३००००० | ८०२० | २९१९८० | |
| २२३१४ | इन्धन (अन्य प्रयोजन) | ७५००० | ० | ७५००० | |
| २२३१९ | अन्य कार्यालय सञ्चालन खर्च | ३८५०००० | १६३५३०२ | २२१४६९८ | |
| २२४११ | सेवा र परामर्श खर्च | १००००० | ० | १००००० | |
| २२४१३ | करार सेवा शुल्क | २३५६००० | १५४३६०० | ८१२४०० | |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ३८५०००० | ० | ३८५०००० | |
| २२५२२ | कार्यक्रम खर्च | १२५३००००० | २३९७३४८५ | १०१३२६५१५ | |
| २२६१२ | भ्रमण खर्च | २००००० | ० | २००००० | |
| २२७११ | विविध खर्च | १५०००० | १५०८० | १३४९२० | |
| | **कुल जम्मा** | **१४४७८५०००** | **२९३५२५०७.८०** | **११५४३२४९२.२०** | |

## पूँजीगत तर्फ

| खर्च/वित्तीय संकेत | खर्च/वित्तीय संकेतको नाम | विनियोजित रकम | खर्च रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ३११२२ | मेशिनरी तथा औजार | १२९०००० | ७५८१०२ | ५३१८९८ | |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | १७५००० | ० | १७५००० | |
| ३११७२ | पूँजीगत अनुसन्धान तथा परामर्श | ० | ० | ० | |
| | **कुल जम्मा** | **१४६५०००** | **७५८१०२** | **७०६८९८** | |

# परिच्छेद–६

## आ.व.२०७८/७९ को योजना

**प्रतिष्ठान तर्फका कार्यक्रमहरू**

| क्र.सं. | कार्यक्रमको नाम | संख्या (वटा) | सहभागी संख्या | प्रति इकाई लागत | जम्मा रकम | चौमासिक |
|---|---|---|---|---|---|---|
| (क) | **कर्मचारी तालिम** | | | | | |
| १ | सेवाकालीन तालिम | ४ | १२० | ८,००,००० | ३२,००,००० | प्रथम, दोस्रो |
| २ | नव नियुक्त कर्मचारीको सेवा प्रवेश तालिम | ४ | १२० | २,५०,००० | १०,००,००० | प्रथम, दोस्रो |
| | जम्मा | ८ | २४० | | ४२,००,००० | |
| (ख) | **कार्यक्रम खर्च** | | | | | |
| **जनप्रतिनिधिको क्षमता विकास तालिम** | | | | | | |
| १ | स्थानीय आर्थिक विकास तालिम | २ | ६० | १,५०,००० | ३,००,००० | तेस्रो |
| २ | सम्पत्ति कर तालिम | २ | ६० | १,५०,००० | ३,००,००० | तेस्रो |
| | **जम्मा** | **४** | **१२०** | **३,००,०००** | **६,००,०००** | |
| **(क) र (ख) को जम्मा** | | | | | **४८,००,०००** | |

## प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम तर्फका कार्यक्रमहरू

| प्रतिफल | क्रियाकलापहरू | माईलस्टोन | प्रति इकाई बजेट (रु. हजारमा) | परिमाण | जम्मा बजेट (रु. हजारमा) |
|---|---|---|---|---|---|
| **प्रतिफल ७: क्षमता विकास सम्बन्धी सेवा प्रवाहका लागि प्रादेशिक सुशासन केन्द्र सञ्चालनमा आएको हुने।** | | | | | |
| ७.१ | प्रतिष्ठानको आर्थिक प्रशासन विनियम निर्माण | १ वटा | ५०० | १ | ५०० |
| ७.२ | प्रतिष्ठानको कर्मचारी प्रशासन विनियम निर्माण | १ वटा | ५०० | १ | ५०० |
| ७.३ | प्रतिष्ठानको वेभसाईट अद्यावधिक | १ पटक | ५०० | १ | ५०० |
| ७.४ | प्रतिष्ठानबाट सञ्चालन गरिएका तालिमहरूको प्रभाव मूल्याङ्कन | १ पटक | ५०० | १ | ५०० |
| ७.५ | ज्ञान केन्द्रको स्थापना | १ वटा | ५०० | १ | ५०० |
| ७.६ | प्रतिष्ठानको क्षमता अभिबृद्धि कार्यक्रम (ISO certification सहित) | १ पटक | ५०० | १ | ५०० |
| ७.७ | प्रशिक्षण सामग्रीको निर्माण | ३ वटा | ५०० | १ | ५०० |
| ७.८ | प्रतिष्ठानको क्षमता विकास योजना निर्माण | १ वटा | ५०० | १ | ५०० |
| **प्रतिफल ८: स्थानीय तहहरूमा आधुनिक एवम् प्रभावकारी प्रशासनिक प्रणाली र उत्तरदायी सार्वजनिक लेखा प्रणाली स्थापना भएको हुनेछ।** | | | | | |
| ८.१ | स्थानीय तहमा वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना सम्बन्धी अभिमुखीकरण | ८५ स्थानीय तह | २०० | ८५ | १७००० |
| ८.२ | स्थानीय तहमा राजस्व सुधार कार्ययोजना निर्माण | ३४ स्थानीय तह | ५०० | ३४ | १७००० |
| ८.३ | स्थानीय तहको क्षमता विकास योजना निर्माण | २६ स्थानीय तह | ५०० | २६ | १५००० |
| ८.४ | स्थानीय तहको आवधिक योजना निर्माण | ९ स्थानीय तह | १५०० | ९ | १३५०० |
| ८.५ | स्थानीय तहको जनप्रतिनिधि र कर्मचारीलाई मध्यमकालीन खर्च संरचना विषयमा अभिमुखीकरण र कोचिङ | ८५ स्थानीय तह | ५० | ८५ | ४२५० |

| प्रतिफल | क्रियाकलापहरू | माईलस्टोन | प्रति इकाई बजेट (रु. हजारमा) | परिमाण | जम्मा बजेट (रु. हजारमा) |
|---|---|---|---|---|---|
| ८.६ | स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) कार्यान्वयनको लागि फलोअप र पुनर्ताजगी तालिम | ८५ स्थानीय तह | १०० | ८५ | ८५०० |
| ८.७ | आन्तरिक नियन्त्रण प्रणालि निर्देशिका सम्बन्धी स्थानीय तहलाई अभिमुखीकरण | ११ पटक | ३०० | ११ | ३३०० |
| **प्रतिफल ९: स्थानीय तहको शासकीय प्रणालीलाई उर्ध्व र समतलीयरुपमा नागरिक प्रति उत्तरदायी बनाउन सक्षम हुनेछन्।** | | | | | |
| ९.१ | स्थानीय तहलाई सामाजिक जवाफदेहिताका औजार कार्यान्वयन गर्न सहयोग (सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई) | ३४ स्थनीय तह | १०० | ३४ | ३४०० |
| ९.३ | स्थानीय तहहरूबीच असल अभ्यास आदान प्रदान | २ वटा अन्तरक्रिया कार्यक्रम | ५०० | २ | १००० |
| **प्रतिफल १०: स्थानीय शासन प्रणलीमा लैंगिक समानता र सामाजिक समावेशितालाई मूलप्रवाहीकरण गरिएको हुनेछ।** | | | | | |
| १०.१ | स्थानीय तहको लैं.स.सा.स. मूलप्रवाहीकरण रणनीति निर्माण | ८५ स्थानीय तह | २०० | ८५ | १७००० |
| १०.२ | प्रदेश तथा स्थानीय तहका लागि लैंगिक उत्तरदायी बजेट र अन्य सम्बन्धित विषयमा तालिम (ToT) | १ वटा | ५०० | १ | ५०० |
| १०.३ | स्थानीय तहको लैं.स.सा.स. परीक्षण | ८५ | १५० | ८५ | १२७५० |
| १०.४ | स्थानीय तहलाई लैंगिक उत्तरदायी बजेट सम्बन्धी तालिम | ११ वटा | ३०० | ११ | ३३०० |
| १०.५ | कार्यस्थलमा हुने लैंगिक हिंसा विरुद्धको आचार संहिता निर्माण सम्बन्धी अभिमुखीकरण | ११ वटा | ३०० | ११ | ३३०० |
| १०.६ | स्थानीय तहका महिला, दलित, सीमान्तकृत बर्गका जनप्रतिनिधिहरूको मागमा आधारित क्षमता विकास तालिम | ११ स्थानीय तह | २०० | ११ | २२०० |

| प्रतिफल | कियाकलापहरू | माईलस्टोन | प्रति इकाई बजेट (रु. हजारमा) | परिमाण | जम्मा बजेट (रु. हजारमा) |
|---|---|---|---|---|---|
| १०.७ | लै.स.सा.स. सम्बन्धी IEC सामग्रीको निर्माण र वितरण | १ पटक | १०० | १ | १०० |
| १०.८ | दिवसीय कार्यक्रम | १ पटक | ५०० | १ | ५०० |
| **प्रतिफल ११ : स्थानीय शासन प्रणालीद्धरा नागरिक संलग्नता तथा समावेशी सहभागिता सुद्धढीकरण भएको हुने ।** | | | | | |
| ११.१ | नागरिक शिक्षा र सचेतनाको लागि संचार माध्यमको प्रयोग | १ पटक | ५०० | १ | ५०० |
| ११.२ | स्थानीय तहको सुशासन कार्यविधि निर्माणको लागि अभिमुखीकरण | ११ पटक | ३०० | ११ | ३३०० |
| **प्रतिफल १३: उच्च गुणस्तरीय सेवा प्रवाहका लागि प्रदेश तहका पदाधिकारी एवम् कर्मचारीको क्षमता विकास ।** | | | | | |
| १३.१ | प्रदेश तहका पदाधिकारी एवम् कर्मचारीको क्षमता विकास | | | | १०००० |
| **प्रतिफल १४: उच्च गुणस्तरीय सेवा प्रवाहका लागि स्थानीय तहका पदाधिकारी एवम् कर्मचारीको क्षमता विकास ।** | | | | | |
| १४.१ | स्थानीय तहका पदाधिकारी एवम् कर्मचारीको क्षमता विकास | | | | ३०००० |
| १४.२ | स्थानीय तहमा नवनिर्वाचित जनप्रतिनिधिका लागि संवैधानिक प्रावधान र स्थानीय सरकार सञ्चालन ऐन अनुसार भूमिका र जिम्मेवारी बारे अभिमुखीकरण | ८५ स्थानीय तह | १०० | ८५ | ८५०० |
| १४.३ | वातावरण मैत्री स्थानिय शासन विषयमा अभिमुखीकरण | १ वटा | ५०० | १ | ५०० |
| १४.४ | मध्यमकालीन खर्च संरचना विषयमा प्रदेश तहमा प्रशिक्षक प्रशिक्षण कार्यक्रम | १ वटा | ५०० | १ | ५०० |
| १४.५ | वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना कार्यान्वयनको लागि प्रशिक्षक पशिक्षण | १ वटा | ५०० | १ | ५०० |
| | **जम्मा** | | | | **१७९८००** |

# परिच्छेद–७

## निश्कर्ष र आगामी दिनको कार्यदिशा

### ७.१ निश्कर्ष

मानव संसाधन विकास कुनै पनि राष्ट्रको समृद्धिको एउटा महत्वपूर्ण मानक हो । कति दक्ष र प्रभावकारी ढंगबाट राज्यका नीति निर्माण गरिन्छन् र ती नीतिको कार्यान्वयन गरिन्छन् भन्ने कुराले जनता प्रतिको उत्तरदायित्वको स्तर निर्धारण हुने गर्दछ । दक्ष जनशक्ति गुणस्तरीय सेवा प्रवाहको अनिवार्य शर्त हो । राजनैतिक प्रणालीमा हुने परिवर्तन अनुसार राज्य संयन्त्रका विभिन्न तहमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता अभिबृद्धि आवश्यक हुन जान्छ । नेपालको सन्दर्भमा संघीयताको कार्यान्वयनसँगै जनताका प्रतिनिधि र स्थायी सरकारका रुपमा चिनिने कर्मचारीतन्त्रको क्षमता विकास संघीय शासन प्रणालीको संस्थागत विकासका लागि महत्वपूर्ण पक्ष हुन् । यिनै कुरालाई मध्यनजर गरि स्थापना भएको गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान जनप्रतिनिधि, कर्मचारी र अन्य सरोकारवालाको क्षमता विकासका सन्दर्भमा स्थापनाको छोटो अवधिमा नै आफ्नो गन्तव्य निर्क्यौल गरी क्रियाशिल हुन सफल भएको छ । गुणस्तरीय प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, सवाल केन्द्रित सम्वाद र मागमा आधारित परामर्श सेवाका माध्यमबाट प्रदेश र स्थानीय तहमा मानव संसाधन विकास, संस्थागत विकास, विकास प्रक्रियाको सहजीकरण र ज्ञान व्यवस्थापनका क्षेत्रमा योगदान गरी समृद्ध प्रदेश, सुखी नागरिकको प्रादेशिक आकांक्षा प्राप्तिमा योगदान गर्न प्रतिष्ठान क्रियाशिल छ ।

कोरोना महामारीको विषम परिस्थितिका बावजुद पनि प्रतिष्ठानले आफ्नो संस्थागत पूर्वाधार निर्माणका साथसाथै प्रदेश र स्थानीय तहमा क्षमता विकासका कार्यको प्रारम्भ गरेको छ । रणनैतिक योजना एवम् प्रशिक्षण तथा अनुसन्धान नीतिको तर्जुमा, संगठन संरचना र कर्मचारी दरवन्दीको निर्क्यौल आदि जस्ता संस्थागत विकासका पूर्वाधार तयार गर्नुका साथै कर्मचारी र जनप्रतिनिधिको क्षमता विकासका लागि आवश्यक पाठ्यक्रम तथा प्रशिक्षण सामग्री निर्माणका काम स्थापनाको छोटो अवधिमा नै प्रारम्भ गरेको छ । प्रतिष्ठान भवन निर्माणको कार्य प्रारम्भ भएको छ । सेवाकालीन र सेवा प्रवेश तालिम एवम् अन्य विषयगत तालिम मार्फत कर्मचारी लाभान्वित भएका छन् ।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम प्रतिष्ठान मार्फत कार्यान्वयन हुनु प्रतिष्ठानको सक्षमता मापनको अर्को महत्वपूर्ण आधार हो । चालु आर्थिक वर्षमा यस कार्यक्रम मार्फत प्रदेश र स्थानीय तहमा गरी ४३१८ जना कर्मचारी र जनप्रतिनिधिले विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमबाट लाभ हाँसिल गरेका छन् ।

प्रतिष्ठानको आफ्नै कार्यालयको अभाव, ज्यादै न्यून कर्मचारी र ताकिएका कर्मचारीको समयमै उपलब्धता हुन नसक्नु जस्ता समस्याका बावजुद पनि छोटो अवधिमा प्रतिष्ठानले निर्माण गरेको जगले प्रदेश तथा स्थानीय तहको मानव संसाधन विकासका क्षेत्रमा महत्वपूर्ण योगदान पुग्ने कुरा व्यवहारत पुष्टि भएको छ ।

## ७.२ आगामी दिनको कार्यदिशा

प्रतिष्ठानले आगामी दिनमा विशेषत दुई वटा कुरामा आफुलाई केन्द्रित गराउनु पर्नेछ । सर्वप्रथम संस्था आफैंमा सबल, सक्षम र स्रोत साधन सम्पन्न हुने दिशामा अगाडि बढ्नु पर्नेछ । प्रदेश लोक सेवा आयोगबाट प्रदेश सरकारले स्वीकृत गरेका दरबन्दी अनुसार कर्मचारीको पदपूर्तिको कार्य तत्कालै अगाडि बढाउनु पर्ने जरुरी छ । प्रतिष्ठानको सक्षम मानव संसाधनले मात्र प्रदेश तथा स्थानीय तहको क्षमता विकासमा योगदान गर्न सक्नेछ ।

दोस्रो, प्रतिष्ठानले परम्परागत प्रशिक्षण प्रणालीमा परिवर्तन ल्याउन जरुरी छ। प्रशिक्षणलाई प्रशिक्षार्थीको कार्यसम्पादसँग आबद्ध गराई प्रशिक्षणको सही मूल्य सुनिश्चित गराउने कार्यलाई महत्वका साथ स्थापित गराउन जरुरी छ । यी दुवै कार्यको थालनी भइसकेको छ । आगामी दिनमा यिनै कार्यलाई संस्थागत गराउने गरी केन्द्रित हुन आवश्यक छ ।




गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
गण्डकी प्रदेश, पोखरा
फोन: ०६१-५२१०८२/५२०१४६
इमेल: academy.gandaki@gmail.com
वेबसाईट: www.gpta.org.np